# बहस: साँचो विकास

ISET-N
Institute for Social and Environmental Transition - Nepal

शिक्षक

# बहसः साँचो विकास


**प्रकाशक**

सामाजिक र वातावरणीय परिवर्तन अध्ययन संस्था
(आइसेट-नेपाल), काठमाडौँ
र
शिक्षक मासिक
ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड, ललितपुर

ax;M ;fF]lj sf;

*Bahas: Sancho Bikas*

प्रथम संस्करण: २००० प्रति
पुस २०७०
मूल्य: रु.८०/-

© प्रकाशकमा

ISBN: 978-9937-8708-3-2

**प्रकाशक:**

**सामाजिक र वातावरणीय परिवर्तन अध्ययन संस्था** (**आइसेट–नेपाल**)
पोष्टबक्स ३९७१, मानसी मार्ग, चण्डोल, काठमाडौं, नेपाल
फोन: ९७७-१-४४४०८५४, ४४२६७२८
इमेल: iset@ntc.net.np
वेबसाइट: www.isetnepal.org.np

***शिक्षक*** मासिक
ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लि.
जावलाखेल, ललितपुर
फोन: ९७७-१-५५४३२५२, ५५४८१४२
इमेल: mail@teacher.org.np
वेबसाइट: www.teacher.org.np

मुद्रण: डिजीस्क्यान प्रिप्रेस प्रा.लि., काठमाडौं, नेपाल ।
फोन: ९७७-१-४४२८५७२

# प्राक्कथन

यो पुस्तक तयार हुने सन्दर्भ झन्डै २ वर्षअघि सुरु भएको हो। *शिक्षक* पत्रिकाका सम्पादक राजेन्द्र दाहाल, नीति फाउन्डेसनका मोहन मानन्धर र आइसेट-नेपालका अजय दीक्षितले ज्ञानको उत्पत्ति, नीति निर्माणमा ज्ञानको भूमिकाबारे संवाद सुरु गरेका थिए। संवादलाई नेपाल र नेपालीलाई कसरी समृद्ध पार्ने भन्ने प्रश्नले पनि निर्देशित गरेको थियो। संवाद अगाडि बढाउन *शिक्षक* मासिक पत्रिका उचित ठानियो। यो पत्रिका नेपालका शिक्षकहरूमा पुग्छ र तिनले नयाँ पुस्तालाई ज्ञान सम्प्रेषण गर्ने पुलको भूमिका निर्वाह गर्ने हुँदा शिक्षकहरूलाई प्रक्रियामा जोड्नु उचित हुन्छ।

नीति निर्माताबारे नेपालमा छलफल र संवाद नभएका भने होइनन्। छलफलको क्रममा दीक्षित, दाहाल र मानन्धरले प्रश्न उठाए, चल्दै गरेको संवाद प्रक्रियाहरूमा नयाँ तह कसरी थप्ने ? प्रस्ताव आयो नेपालको समृद्धि र विकासबारे निबन्ध तयार गरी *शिक्षक* मासिक पत्रिकामा प्रकाशन गर्ने। तद्नुरूप नेपालको साँचो विकास शीर्षकमा अजय दीक्षितले लेख तयार पारे। निबन्धसँगै निम्न प्रश्नहरू उठाई तिनको सेरोफेरोमा आफ्नो प्रतिक्रिया पठाउन पाठकहरूलाई अनुरोध गरिएको थियो।

- हामीलाई चाहिएको या हामीले खोजेको 'विकास' के हो, कस्तो हो ?
- के भयो भने नेपाल र नेपालीको विकास भएको मान्ने ?
- समता, वातावरण संरक्षण र जलवायु परिवर्तनका विषयलाई आर्थिक वृद्धिसँग कसरी जोड्ने ?

- नीति निर्माणको प्रक्रियामा नागरिकको सहभागिता कसरी सुनिश्चित गर्न सकिन्छ ?
- मन्थनहरुबाट निस्केका उपयोगी विचारलाई देश विकासका लागि कसरी उपयोग गर्ने ?

मुख्य लेख प्रकाशित भएपछि मेचीदेखि महाकाली अनि मुस्ताङदेखि मर्चवारबीच रहेका ७२ जना पाठकहरूले आफ्नो टिप्पणी एवं लेख उपलब्ध गराए । उपलब्ध लेखहरूलाई शिक्षक पत्रिकाका पदाधिकारीहरूले छनोट गरेका १४ वटा लेख २०६९ पुसदेखि २०७० वैशाखसम्म शिक्षक पत्रिकाको पाँचवटा अङ्कमा क्रमशः छपाए । छापिएका लेखमध्ये उत्कृष्ट तीन लेख छनोट गरी पुरस्कार दिने व्यवस्था पनि थियो ।

यो पुस्तक त्यही प्रक्रियाअन्तर्गतका मुख्य आलेख र प्रतिक्रियास्वरूप उपलब्ध लेखहरूको सँगालो हो । नेपालमा नीति निर्माण कसरी हुन्छ भन्ने लगायतका माथि उल्लेखित प्रश्नहरूको सेरोफेरोमा जानकारी उपलब्ध गराउँदै पुस्तकले संवाद अगाडि लानेछ भन्ने हामीले अपेक्षा गरेका छौँ ।

**आइसेट–नेपाल र शिक्षक मासिक पत्रिका**

# विषय सूची


**नेपाल र नेपालीको प्रगति कसरी ?** ............................................... **१**
–अजय दीक्षित

**पहिला राजनीति सोझ्याऊँ** ............................................... **११**
–राघवेश ज्ञवाली

**मुख्य समस्या मानसिक गरीबी** ............................................... **१६**
–उमाकान्त तिवारी

**खाँचो साझा नीति र योजनाको** ............................................... **२०**
–भानु बोखिम

**गाउँ रित्याउने शिक्षाको विकल्प खोजौं !** ............................................... **२४**
–कृष्णप्रसाद अर्याल

**आफू सुध्रिऊँः त्यही हो साँचो विकास** ............................................... **२८**
–मेघराज जोशी

**हामीलाई चाहिएको विकासको दार्शनिक पक्ष** ............................................... **३०**
–यामबहादुर किसान

**पूर्वाधारमै जोड दिऊँ** ............................................... **३४**
–शोभाकान्त झा

**पहिला शिक्षा र संस्कार** ............................................... **४०**
–अर्जुनप्रसाद पोखरेल

**हामीसँग के छैन ? सर्वस्व छ ।** ............................................... **४४**
–कलानिधि दाहाल

**पहिले शिक्षा सुधारौं !** ......................................................... ५०
-खुमबहादुर थापा

**अर्काको मुख ताकेर हुँदैन** ......................................................... ५५
-लक्ष्मी रिजाल

**खाँचो स्वावलम्बी शिक्षाको** ......................................................... ६०
-मधु राई

**विकास सर्वपक्षीय होस्**......................................................... ६४
-हेमलता उप्रेती

**विकासको आधार: समावेशी लोकतन्त्र** ......................................................... ६८
-राजधन कुलुङ

**ज्ञानको ढोका खोलौं** ......................................................... ७१
-निर्मल नेपाली (बादी)

# नेपाल र नेपालीको प्रगति कसरी ?

■ अजय दीक्षित ■

करीब ६ दशकदेखि हामी नेपाल र नेपालीलाई विकसित बनाउन प्रयासरत छौं । तर हाम्रो प्रयास आशातीत सफल छैन । नेपाल आज विश्वका थोरै अल्पविकसित मुलुकहरूमध्ये पर्छ। नेपाली जनताले भोग्दै गरेका आर्थिक, सामाजिक र वातावरणीय चुनौती वास्तवमै गम्भीर छन् । धेरै नेपालीले सफा र शुद्ध खानेपानी जस्ता आधारभूत सेवा समेत पाउन सकेका छैनन् । सफा र स्वच्छ पानी एवं बासस्थान; आधारभूत स्वास्थ्य सेवा तथा पौष्टिक खानाको न्यूनताले गर्दा महिला र बालबालिकाको स्वास्थ्य अवस्था अझ कमजोर छ। अवसर र सुविधाको खोजीमा ग्रामीण क्षेत्रबाट शहरतर्फ बसाइँ सर्ने क्रम बढ्दो छ तर शहरी क्षेत्रहरू आवश्यक पूर्वाधारको अभावमा आफैं अस्तव्यस्त बन्दैछन् । बढ्दो जनघनत्वको कारण फोहोर-मैलाको व्यवस्थापन समेत ठूलो चुनौती बन्ने गरेको छ । प्रशोधन नगरिएको ढल सीधै नदी, ताल र सिमसारमा फाल्ने जस्तो सुन्दै असभ्य लाग्ने कुरा हाम्रो शहरी जीवनको वास्तविकता हुन पुगेको छ । आयातीत इन्धनमा आधारित यातायात प्रणालीको व्यापकताले गर्दा गरीब नेपालीले श्रम बेचेर आर्जन गरेको विदेशी मुद्राको ठूलो अंश खनिज तेल किन्नमै खर्च हुन्छ । नवीकरणीय ऊर्जा जुन रूपमा प्रवर्द्धन हुनुपर्ने हो, हुनसकेको छैन । परिणामत: नेपालले उत्सर्जन गर्ने हरितगृह ग्यासको मात्रा र घनत्व बढ्दै छ । जलवायु परिवर्तनले विषम बनाउँदै गरेको अतिवृष्टि, अनावृष्टि, बाढी र खडेरीका घटनासित जुध्ने मुलुकको क्षमता

झन् झन् कमजोर बन्दैछ । प्रकोप व्यवस्थापनका प्रक्रियाहरू संस्थागत हुनसकेका छैनन् । कृषि उत्पादनमा केही बढोत्तरी त भएको छ तर रासायनिक मल र विषादिको प्रयोग डरलाग्दो किसिमले बढेर गएको छ ।

माथि उल्लिखित कमी-कमजोरीहरू विकासका नाममा उत्पन्न विसङ्गति हुन् । यस्ता विसङ्गति अरू बढ्न नदिई घटाउँदै जानु आजको चुनौती हो । यहाँ के पनि मननयोग्य छ भने, वातावरण, जनजीविका र विकासको अन्तरसम्बन्ध नेपाललगायत विश्वभरि नै तात्त्विक हिसाबले परिवर्तन हुँदैछ । त्यस्तो परिवर्तनका असर हामी आफैंले पनि अनुभव गर्न थालेका छौं; तर तिनको अन्तरसम्बन्ध र आयामहरू व्याख्या गर्न सकिरहेका छैनौं । त्यस्तो असरका दुई संकेत हेरौं:

हो पहिलो सङ्केत स्थानीय वातावरणमा आधारित स्रोत प्रयोगको परिपाटीमा देखिएको परिवर्तन हो । जनसङ्ख्या वृद्धि; बढ्दो उपभोग, खाद्य उत्पादन र वितरण; वातावरण र अन्य प्रणालीहरू स्थानीयदेखि राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरसम्म आपसमा जेलिएका छन् । हाम्रो ग्रामीण समुदायको जीवन पनि अब नितान्त स्थानीय स्रोत र संसाधनमा मात्रै निर्भर छैन । यो कुनै न कुनै हिसाबले विश्वव्यापी प्रणालीसित जोडिन पुगेको छ । नोकरी र खाद्य व्यवस्थाको एउटा उदाहरण मननयोग्य छ । कुनै कारणले अहिले अरब मुलुकहरूमा आर्थिक मन्दी आयो भने त्यहाँ रोजगारीका अवसर घट्ने छन् । त्यसको सीधा असर नेपालका गाउँबाट त्यहाँ कमाउन जानेहरूको परिवारमा पर्नेछ । किनभने नेपालको ग्रामीण बस्तीमा हालसालै गरिएको एक अध्ययनअनुसार यहाँका सरदर २० प्रतिशत घरपरिवारलाई मात्रै आफ्नो उत्पादनले वर्षभरि खान पुग्छ । बाँकी बजारमा किन्ने गर्छन् ।

दोस्रो संकेत, जलवायु परिवर्तनले ल्याउने प्रभाव सम्बन्धी हो । आर्थिक वृद्धि, व्यापार, सामाजिक न्याय, स्रोत व्यवस्थापन आदि विषयहरू प्रत्यक्ष-अप्रत्यक्ष रूपमा जलवायु परिवर्तनसित जोडिन पुगेका छन् । आर्थिक वृद्धिको प्रक्रियामा एकातिर हरितगृह ग्यासको उत्सर्जन नबढाउने बाटो पहिल्याउनु जरुरी छ भने अर्कोतिर जलवायु परिवर्तनका कारण उत्पन्न प्रभावसित अभ्यस्त रहने उपायहरू अवलम्बन गर्दै जानु पनि उत्तिकै महत्त्वपूर्ण छ । यसमा सामञ्जस्यता ल्याउन त्यति सजिलो छैन । ह्रासको दर बढ्न थालेको हुनाले स्थानीय सामाजिक र वातावरणीय प्रणालीहरू आवश्यक सेवा प्रदान गर्न असमर्थ हुँदैछन् । प्रकोपका घटनाहरू बढ्दै जाँदा स्वाभाविक रूपमै गरीब, वृद्ध र महिला जस्ता कमजोर वर्ग नै बढी जोखिममा पर्छन् ।

## विकासको सुरुआत

पश्चिम युरोपमा औद्योगिक क्रान्तिले प्रविधिलाई प्रगतिको संवाहकको रूपमा प्रस्तुत मात्रै गरेन, यो विधिलाई तिनले अवलम्बन गरेको औपनिवेशिक राजनीतिको आधारस्तम्भको रूपमा समेत स्थापित गऱ्यो । दक्षिण एशियालाई उपनिवेश बनाउन बेलायतले प्रविधिलाई महत्त्वपूर्ण अस्त्रका रूपमा प्रयोग गरेको थियो । नेपाली समाजमा पश्चिमी प्रविधिको आयात मूलतः शासक वर्गको सुख-सयलका लागि हुने गऱ्यो । काठमाडौंको वीरधारा प्रणाली होस् या फर्पिङको बिजुली- मूलतः दरबारका लागि खानेपानी र बिजुली आपूर्ति गर्न निर्माण गरिएका थिए। धेरै वर्षसम्म नेपाली समाजको भलो र प्रगतिसँग तिनको कुनै नाता रहेन । यो ऐतिहासिक सन्दर्भले नेपालमा प्रविधिलाई समाज रूपान्तरण गर्ने संवाहकको रूपमा नभई, आयात गर्न र किन्न पाइने सुविधाको रूपमा प्रस्तुत गऱ्यो। फलस्वरूप नेपाली समाजमा प्रविधिको उचित व्यवस्थापन गर्ने क्षमता विकास भएन । प्रविधिसँग साक्षात्कार भएको झण्डै एक सय वर्षपछि पनि त्यसको व्यवस्थापनलाई हामीले दैनिक जीवनको अङ्गका रूपमा स्वीकार गर्न सकेका छैनौं। त्यतिबेला शासक वर्गले विलासका रूपमा लिएका धारा, बिजुली, सडक आदिलाई आम नेपालीका लागि अहिले पनि विलासी सपना जस्तै रहेका छन् । परिणामतः विदेशीसित ऋण र अनुदान लिएर निर्माण गरिएका सडक र पुलहरूको उचित मर्मत सम्म पनि हामी आफैं गर्न सक्दैनौं, या गर्ने गर्दैनौं; नयाँ निर्माणमा भने सधैं जोड दिन्छौं । हाम्रा शहरी सडकहरूको दुरवस्था तथा नेपालमा नियमित भइरहने गाडी र हवाई दुर्घटनाहरू प्रविधिलाई सही ढंगले आत्मसात् गर्न नसक्दाको प्रतिफल पनि हो ।

दोस्रो विश्वयुद्धको समाप्तिपछि प्रविधिमा आधारित विकासको बाटो अवलम्बन गरेमा नै प्रगतितर्फ लागिन्छ भन्ने मान्यता नेपाल लगायतका कम विकसित मुलुकमा स्थापित हुन पुग्यो। विदेशी सहयोग र प्रविधिमा आधारित विकासे नीतिले नेपाल लगायत एशिया र अफ्रिकाका मुलुकहरूमा केही आर्थिक वृद्धि अवश्य ल्यायो तर ती मुलुक र मुलुकवासी स्वतः प्रगतिपथमा लाग्ने वा लाग्न सक्ने परिस्थिति भने बन्न सकेन ।

सन् १९७० तिर आइपुग्दा के स्पष्ट हुन थाल्यो भने विदेशी सहयोग र प्रविधिमा निर्भर विकास प्रक्रियाबाट अल्पविकसित मुलुकका गरीब, निमुखा

र अशिक्षितहरूको स्थितिमा सुधार हुन त सक्दैन नै, ती मुलुकले अभूतपूर्व वातावरणीय क्षति पनि व्यहोर्नुपर्छ। अर्थात् विकासका नाउँमा प्रविधिले ल्याउने आर्थिक वृद्धिको पक्षमा मात्रै ध्यान दिंदा, असमानता बढ्छ र वातावरणीय सन्तुलन खल्बलिएर समाजका कमजोर समुदायहरू अझ बढी प्रभावित हुन्छन्। यस्ता समस्याको निराकरणका उपाय खोज्ने क्रममा विश्वव्यापी प्रयासहरू हुन थाले। यस्तै सुरुआत थियो स्वीडेनको राजधानी स्टकहोममा सन् १९७२ मा सम्पन्न 'मानव विकास र वातावरण सम्मेलन' जसले पहिलो पटक दिगो विकासको अवधारणा अगाडि ल्यायो। स्टकहोम सम्मेलनको २० वर्षपछि, सन् १९९२ मा ब्राजिलको रियो दि जेनेरियोमा सम्पन्न 'पृथ्वी सम्मेलन' र २०१२ को 'रियो+२०' सम्मेलनले आर्थिक वृद्धि, सामाजिक समता र वातावरणीय सन्तुलनबीच सामन्जस्य भए मात्र वास्तविक प्रगति हासिल हुन सक्छ भन्ने तथ्यलाई विश्वव्यापी मान्यता प्रदान गरे।

## सन् १९९० पछिको नेपाल

सन् १९९० (२०४६ साल) को राजनीतिक परिवर्तनले नेपालमा लुकेर-दबेर रहेका चिन्ता, चासो, आकांक्षा, अवसर र अप्ठ्याराहरू प्रकट गर्ने बाटो खोलिदियो। त्यसपछि त तिनको बाढी नै आयो। सामाजिक समावेशी र राजनीतिक प्रतिनिधित्वका प्रश्नहरू व्यापक रूपमा उठे। तर, अप्ठचारो के भइदियो भने, प्रकट भएका अपेक्षाहरूलाई सुन्ने, मनन गर्ने र तिनको समुचित व्यवस्थापन गर्ने सामाजिक र राजनीतिक संस्थागत संरचना मुलुकमा भएन। सामूहिक विचारको निर्माण हुन पाएन। राजनीतिक पार्टीहरूले आफ्नो वादको व्याख्या अवसर अनुरुप आ-आफ्नै ढङ्गले गरे। मुलुकको शासन व्यवस्था, आर्थिक र विकास नीति तथा सामाजिक लक्ष्य के कस्तो हुने भन्ने विषयमा खुला छलफल र मन्थन हुनै पाएन। केही नेता वा पदमा बसेकाहरूको रोजाइ, रहर वा आग्रह नै देशको मार्गदर्शक नीति बन्न गयो।

विश्व इतिहासमा पैसा, ज्ञान, राजनीतिक सङ्गठन, सैनिक क्षमता एवं राज्य सत्ताको आधारमा शक्तिको प्रयोग हुने गरेको पाइन्छ। शक्ति भएकाहरू आफ्नो व्याख्या र तर्क मात्रै ठीक हो भन्छन्; अरूको बुझाइलाई ठाडै अपहेलना गर्छन्, सुन्दैनन्। सन् १९९० को परिवर्तनसँगै नवउदारवाद (अर्थात् बजार व्यवस्था नै प्रगति हासिल गर्ने एकमात्र माध्यम हो भन्ने मान्यता) ले नेपालमा

हैकमवादको रूपमा प्रवेश पायो र त्यसमा आधारित विकास अवधारणा घनीभूत हुन थाल्यो । नेपाली नेतृत्व पंक्तिले यसलाई यसरी आत्मसात गऱ्यो कि तिनले जे बुझे त्यही मात्रै सत्य हो । यसमा प्रश्न उठाउने सानो समूहका तर्क र आवाजको खासै सुनुवाई भएन। हो, बजारले अवश्य पनि सिर्जना सम्भव गराउँछ। बजारमुखी आर्थिक नीति अवलम्बन गरेपछि नेपालको हवाइसेवा, यातायात, शिक्षा, स्वास्थ्य सेवा, जलविद्युत् विकासमा निजी क्षेत्रको सहभागिता ह्वात्तै बढ्यो पनि। तर सरकारको भूमिका भने घट्यो। परिणामत: नसक्ने र निमुखा वर्गलाई दिनुपर्ने न्यूनतम सामाजिक सुरक्षा दिन पनि राज्य अक्षम हुन गयो। जसका कारण सामाजिक विभेद अरू बढ्यो। यही उथलपुथलका बीचमा अनेक आन्दोलनहरू शुरू भए। माओवादी र संसद्वादी पार्टीहरूबीच सन् २००६ मा शान्ति सम्झौता भएपछि शुरू भएको राजनीतिक संक्रमणको क्रम अद्यापि जारी छ।

कुनै पनि समाजमा एउटै मात्र विचार, दृष्टिकोण वा हैकम हावी भयो भने त्यो समाज सिर्जनात्मक बाटोमा अघि बढ्न सक्दैन। उदाहरणका लागि; शीतयुद्धको समाप्तिसँगै सन् १९९० को दशकमा संसारमा संयुक्त राज्य अमेरिका एक्लो महाशक्तिशाली राष्ट्र बन्यो र नवउदारवाद नै सबैका लागि ठीक बाटो हो भन्ने मान्यता अरू थोपरियो। यस्ता विषयमा नेपाल जस्ता मुलुकहरूले त विभिन्न कारणले गर्दा यसमा सृजनात्मक भएर सोच्ने प्रयासै गरेनन्। यताका केही वर्षमा खासगरी युरोपका देशहरूमा देखिएको आर्थिक मन्दीको दुष्चक्रले नवउदारवादका कमी-कमजोरी प्रकट गरिदिन थालेको छ। कमसेकम अमेरिकाको 'वालस्ट्रीट' कब्जाको दाबी गर्ने आन्दोलनकारीहरूको यस्तै बुझाइ पाइन्छ। तर यी घटनाक्रमले विकासे-राजनीतिमा कस्तो प्रभाव पार्ला भन्ने अझै स्पष्ट भइसकेको छैन।

## लगानी र न्याय

विश्वको आर्थिक र राजनीतिक परिदृश्यसँगै शक्तिका केन्द्रहरू पनि बदलिँदैछन्। चीन र भारत आर्थिक र अन्य हिसाबले शक्तिशाली बन्दै छन्। हामी यिनै दुई शक्तिशाली मुलुकको बीचमा रहेका छौं। दुवै मुलुकले पूँजीवादी आर्थिक वृद्धिको बाटो अँगालेका छन्। यद्यपि चीनमा साम्यवादी र भारतमा प्रजातान्त्रिक राजनीतिक व्यवस्था छ। हालसालै भारतको केन्द्रीय

सरकारले विरोधका बाबजूद आर्थिक सुधारवादको क्रम अगाडि लैजाँदै खुद्रा व्यापार, हवाई सेवा र बीमा जस्ता क्षेत्रमा प्रत्यक्ष विदेशी लगानी गर्न दिने नीति ल्याएको छ। भारतका यस्ता नीतिको प्रभाव नेपालमा प्रत्यक्षतः नै पर्छ।

भारतका निजी कम्पनीले नेपालमा बिजुली उत्पादन गरी भारत निर्यात गर्ने, नेपाललाई केही बिजुली र राजस्व दिने शर्तमा विद्युत् आयोजना निर्माणको तयारी गर्दैछन्। चीनका निजी कम्पनीले पनि नेपालका जलविद्युत्, सडक र विमानस्थल जस्ता आयोजनामा लगानी गर्ने चासो देखाएका छन्। ठूलो लगानीका यस्ता आयोजनाहरूको काम अघि बढाउन नेपाल सरकारले मन्त्रालयको सट्टा लगानी बोर्ड खडा गरी जिम्मा दिएको छ। सहज र चुस्त रूपमा काम अघि बढाउने उद्देश्य राखे पनि बोर्डसँग यस्ता कार्य गरेको संस्थागत अनुभव छैन। यसले विद्युत्को क्षेत्रमा काम गरेका राज्यका स्थापित संस्था र संरचनाको भूमिकालाई झनै ओझेलमा पारेको छ।

तर पूरै विदेशी पूँजी, प्रविधि र व्यवस्थापनमा निर्माण हुने यस्ता आयोजनाले नेपाल र नेपालीले भोग्दै गरेका चुनौती कम पार्लान् कि नपार्लान्? बिजुलीका प्रस्तावित आयोजनाले हामीले भोग्दै गरेको 'लोडसेडिङ'मा कसरी राहत पुऱ्याउला? नेपालीलाई व्यवसाय र सिर्जनात्मक कार्य गर्न आवश्यक ऊर्जा सुलभ होला कि नहोला? यस्तो लगानीले स्थानीय बासिन्दाका निम्ति रोजगार सिर्जना गरिदेला? हामी प्रगतिको बाटोमा जान्छौं/जाँदैनौं? विकासको निम्ति भर्खर बामे सर्दै गरेको अवस्था भएकोले हामीले यस्ता प्रश्नहरू उठाइरहनु जरुरी छ, किनभने चीन, भारत वा अरूलाई 'राम्रो' सावित भएका कुरा हामीलाई पनि त्यतिकै 'राम्रो' सावित नहुन सक्छन्।

आर्थिक, भौतिक विकासको निम्ति पूँजी लगानी र बृहत् आयोजनाहरूको निर्माण दुवै आवश्यक पर्छन्; तर त्यस क्रममा सामाजिक र वातावरणीय हकहित कसले, कसरी प्रत्याभूत गर्ने? सामान्यतया यस्तो कार्यको जिम्मेवारी राज्यको हुने गर्छ। तर राज्यले आफ्नो जिम्मेवारी सधैंभरि उत्तिकै इमानदारीपूर्वक निर्वाह गर्छ भन्ने पनि छैन। उदाहरणको लागि; हिजोआज काठमाडौंमा बाटोघाटो चौडा पारिंदैछ। यस कार्यलाई 'विकास' भनिएको छ। कतिपय स्थानमा सार्वजनिक बाटो मिचेर पनि घर-संरचना निर्माण गरिएका थिए। तर यस क्रममा परम्परादेखि बसेका परिवारका घर समेत भत्काइएका छन्। तिनले कानून बमोजिम पाउनुपर्ने मुआब्जा पाएका छैनन्, न त तिनको

हकबारे कतै आवाज उठेको छ । ललितपुरको पहाडी क्षेत्रमा संचालित ढुङ्गाखानीबारे संविधानसभा जिउँदै छँदा संसद्को समितिले प्रश्न उठाएको थियो । ढुंगाखानीको सामाजिक र वातावरणीय प्रभावबारे विकल्पका कुरा हुन्थे । अहिले संविधानसभा नहुँदाको स्थितिमा राज्यको दृष्टि पुग्न सकेको छैन, त्यहाँ व्यवसायीहरूको हैकम चल्छ । राज्यको दृष्टि पुग्न सकेन भने विकास निर्माणको क्रममा सामाजिक समावेशीका विषयले महत्त्व पाउँदैनन्, वातावरण सम्बर्द्धनको विषय ओझेलमा पर्छ, अन्यायमा पर्नेहरूले हारगुहार गर्ने मौका पाउँदैनन् । आर्थिक समृद्धिका नाममा विकासका क्रियाकलापलाई एक्लो घोडासरह दौडाउने नीतिले अन्ततोगत्वा दिगो प्रगति पनि हुन दिँदैन ।

## प्रगतिको यात्रा

मुलुकको प्रगतिका लागि नागरिकले काम गर्ने अवसर पाउनुपर्छ । प्रश्न हो– त्यस्ता मौका कसरी प्रत्याभूत गर्ने, मुलुकभित्रै कि मुलुक बाहिर ? मुलुकमा रोजगारीको उचित व्यवस्था हुन नसक्दा लाखौं युवा नेपालीहरू मुलुकबाहिर कार्यरत छन् । आफूले कमाएको पैसा ती आफ्ना बा-आमा र परिवारलाई पठाउँछन् । यसबाट देशलाई आम्दानी त भएको छ तर के यो उचित हो ? यो क्रममा भोगिने व्यक्तिगत पीडा र चुनौतीको घरपरिवारमा कस्तो प्रभाव पर्छ ? अनुमान गरौं, अरबको खाडीमा कुनै राजनीतिक घटनाक्रमका कारण त्यहाँको रोजगार बजारमा मन्दी आएर त्यहाँ कार्यरत नेपालीहरू घर फर्किनुपर्ने भयो । त्यसरी फर्किएका नेपालीहरूका लागि रोजगारीको कस्तो वैकल्पिक व्यवस्था सम्भव होला ? यस्तो सम्भावित भवितव्यसित जुध्न नेपाली समाज र हाम्रो राजनीतिक नेतृत्व तयार रहनुपर्छ कि पर्दैन ?

नेपाल र नेपालीलाई प्रगति पथमा लैजान मुलुकभित्रै रोजगारी र जनजीविकाका अवसर सिर्जना गर्ने र उपभोगमुखीको सट्टा उत्पादन र बचतमुखी आर्थिक व्यवस्था मात्रै भरपर्दो हुन्छ । तर हाम्रो वास्तविकता भिन्नै छ । नेपालमा उत्पादन भएका स्याउ, सुन्तला र आँप फलेकै ठाउँमा कुहिएर नष्ट हुन्छन् भने हामी थाइल्याण्ड, अष्ट्रेलिया जस्ता मुलुकबाट फलफूलका जुस आयात गर्छौं । नेपालबाट अप्रशोधित जडीबुटी ठूलो मात्रामा नाम मात्रको मूल्यमा निर्यात हुन्छ भने महँगो आयुर्वेदिक औषधी आयात गरिन्छ । यो उपभोगमुखी परिपाटीको देन हो । यसले कहिल्यै पनि मुलुक र मुलुकवासीलाई प्रगतिको बाटोमा लैजाँदैन ।

सबैले काम गर्न पाउन्, सबैलाई खान-लाउन पुगोस्, कोही पनि पछाडि नपरून्, नीति-निर्माण र अन्य सामूहिक निर्णयमा तिनको पनि प्रतिनिधित्व होस्, आवाज सुनियोस्, आर्थिक प्रगतिको बाटोमा लाग्दा पानी, वन-जङ्गल, चराचुरुङ्गी, फूल-बिरुवा नमासियून् भन्ने प्रगतिका मान्यता सर्वस्वीकार्य छन्। तर कुन बाटो छानेर, कसरी यस्ता मान्यता स्थापित गर्ने? कसरी आर्थिक वृद्धि, सामाजिक समता र वातावरणीय सन्तुलनबीच सामञ्जस्य होला? के आर्थिक वृद्धिको उच्च गणितीय आँकडा नै पर्याप्त हुन्छ? पश्चिमी सभ्यताले छानेको प्रविधि निर्देशित आधुनिकता मात्रै प्रगतिको बाटो हो कि अरू कुनै वैकल्पिक अवधारणाहरू पनि छन्? पश्चिमी सभ्यताको छनोट पूर्ण रूपमा ठीक हो भने त्यसले ल्याएको जलवायु परिवर्तनको जोखिमलाई कसरी व्याख्या गर्ने? यो जोखिम प्रचलित अवधारणाको सङ्केत मात्र हो कि त्यसको अन्तर्निहित चरित्र?

नेपाली र नेपालको प्रगतिको छलफल गर्दा यस्ता विषयमा गहन मन्थन आवश्यक छ। हामी आफूलाई उपयोगी हुने कुराहरू संसारका कुना-कुनाबाट खोज्न र सिक्न तत्पर हुनुपर्छ। सबै नेपालीले आधारभूत सेवा निरन्तर पाउन् भन्ने राष्ट्रिय अठोट र सो प्रत्याभूत गर्ने विधिलाई हाम्रो प्रगति यात्राको प्रस्थानबिन्दु मान्न सकिन्छ। त्यस क्रममा वनजङ्गल, जमिन र जलको सन्तुलित प्रयोग नै सर्वजन हितायको बाटो हो। परिवर्तनको खाका नेपालको भौगोलिक, सामाजिक र जैविक विविधतासित मिल्नुपर्छ किनभने हाम्रो भू-धरातल भौगोलिक रूपमै कान्छो र कमलो भएको हुँदा अन्यत्रका अवधारणा, प्रविधि र विधि यहाँ उपयुक्त नहुन सक्छन्। अनादिकालदेखि समाज र वातावरणबीच अन्योन्याश्रित सम्बन्ध कायम राखी यो भू-भागमा नेपाली समुदायहरूले आफूलाई धरातल र जलवायुको विविधतासित अभ्यस्त राख्दै आएका छन्। वनजङ्गल, जैविक विविधता एवं कृषि जैविक विविधता हाम्रा निधि र जनजीविकाको स्रोतका रूपमा छन्। लोप हुँदै गएका कृषि प्रविधि, जैविक विविधता र वातावरण खाद्य सुरक्षा विज्ञानको दृष्टिकोणले महत्त्वपूर्ण भए पनि तिनको संरक्षण गर्न सकिएको छैन। ह्रासोन्मुख वन, जमिन र जलले न उचित सेवा दिन सक्छन् न आर्थिक विकास र सामाजिक समताको संवाहक बन्न नै सक्छन्। तैपनि; खुशीको कुरा के छ भने सामुदायिक वन, सिंचाइ, खानेपानी, विद्युत् जस्ता क्षेत्रमा नेपालका आफ्नै व्यवस्थापन मोडेल छन्, जसले सुशासन, विकेन्द्रीकरणका तरीका स्थापित गरेर विश्वमै उदाहरण समेत प्रस्तुत गरेका छन्।

आजभन्दा ३० वर्षपछि नेपाली समाज र नेपालीले कस्ता चुनौती भोग्लान् ? भविष्य यस्तै हुन्छ भन्न सम्भव हुँदैन । परिवर्तनको क्रम निकै छिटो छ, अनि समस्या एउटा मात्रै छैनन्। समाधानको उपाय पनि एउटा मात्रै हुन सक्दैन। अझ नयाँ-नयाँ चुनौती पनि थपिँदै जाने छन्। यसरी अहिलेका र समयक्रममा आइपर्ने हरेक किसिमका चुनौती र समस्याको निराकरणका लागि उपाय खोज्ने र लागू गर्ने क्षमता हामीले संस्थागत गर्न सक्नुपर्छ। ३० वर्षपछि पनि नेपाली समाजका चुनौतीलाई अहिले जस्तै तीनथरी सामाजिक समूह- सरकार, बजार र सामाजिक आन्दोलन- ले आ-आफ्नो हिसाबले व्याख्या गर्नेछन्। प्रगतिको यात्रालाई सिर्जनशील र जीवन्त राखिराख्न समाजमा यी तीनवटै दृष्टिकोण व्यक्त भइरहनु आवश्यक हुन्छ । एक्लो हिसाबले चाहिं हरेकका परिदृश्य अपूरा हुन्छन् ।

सामान्यत: सरकारी पक्षले नियन्त्रणमुखी बाटोबाट समस्या समाधान गर्न खोज्छ। सरकार बढी हावी भयो भने अधिनायकवाद जन्मिन्छ। बजार र निजी क्षेत्रको धारणा- मूल्य ठीक नहुनाले समस्याहरू उब्जन्छन्; मूल्य ठीक राखेमा सबैथोक राम्रो हुन्छ भन्ने हुन्छ। बजारले उपभोक्तालाई सुविधा पुऱ्याउँछ र सो क्रममा नाफा पनि कमाउँछ, उचित नाफा कमाउनु बजारको धर्म नै हो। तर नियमनको कमी भयो भने बजारमा 'सिन्डिकेट' र 'कार्टेल'हरू बन्छन् । नियमनद्वारा बजारलाई रचनात्मक र प्रतिस्पर्धी बनाउनु सरकारको दायित्व हो। सामाजिक आन्दोलनकर्मीले प्राय: अन्यायका विरुद्ध आवाज उठाउने गर्छन्, जुन तिनको धर्म हो। अन्याय भएको छ, वातावरण ह्रास हुँदैछ र आर्थिक वृद्धि हुनसकेको छैन भन्ने आवाज निरन्तर उठाइराख्ने त्यस्ता समूहको उपस्थितिले प्रगतिको बाटो सिर्जनात्मक बनाउँछ । अमेरिकाको 'वालस्ट्रीट' कब्जा गर्ने अभियान र भारतमा अन्ना हजारेले चलाएको भ्रष्टाचार विरोधी आन्दोलन सामाजिक अभियानकारीहरूले आवाज उठाउँदै गरेका उदाहरण हुन्। सामाजिक अभियानकारीहरूको दायित्व मूलत: प्रश्न उठाउनु हो, समाधान दिनु होइन । त्यस्ता अभियानकारीहरूमा पनि विभिन्न दृष्टिकोणबाट प्रश्न उठाउने व्यक्ति र समूहहरूको निरन्तर उपस्थिति जरुरी हुन्छ, जसले समाजमा शक्ति सन्तुलन कायम राख्न सघाउँछ र कुनै एक पक्ष वा वर्गलाई हावी हुन दिँदैन। समग्रमा शक्ति सन्तुलन प्रत्याभूत गर्ने जिम्मा चाहिं राज्य, संविधान र अदालतको हो।

आर्थिक वृद्धि, सामाजिक समता र वातावरणीय सन्तुलनको अवधारणालाई सार्थक तुल्याउन सरकार, निजी क्षेत्र र सामाजिक आन्दोलनकारीहरूले

इमानदारीपूर्वक आ-आफ्नो भूमिका/धर्म निर्वाह गर्नु जरुरी हुन्छ । समाजका यी पक्षबीच हुने मन्थनले सार्वजनिक नीतिनिर्माण हुने प्रक्रिया र ठाउँलाई चलायमान राख्छ । संवादको क्रममा नयाँ-नयाँ विचार अगाडि आउँछन्, जसले नयाँ सम्भावना खोल्न मद्दत पुऱ्याउँछन् । तीन खुट्टामा टिकेको यो अवधारणा लचिलो त छँदैछ, उपयोगी पनि छ किनभने विविध किसिमका समस्या समाधानका लागि विविध बाटा आवश्यक हुन्छन् । समाजलाई सन्तुलित र सिर्जनशील राख्न यी तीनै थरीको उपस्थिति जरुरी हुन्छ ।

हाम्रो मुलुकमा सरकार सक्षम छैन, बजार प्रतिस्पर्धात्मक छैन, अन्यायविरुद्ध आवाज उठाउने सामाजिक समूहहरू कमजोर छन् । त्यसैले हामी सबैको दायित्व– सरकारलाई सक्षम, बजारलाई सिर्जनशील र सामाजिक आन्दोलनलाई जुझारु बनाउनु रहेको छ । समय सुहाउँदो शिक्षा विना यो यात्रा पूरा हुन सक्दैन भने स्वतन्त्र सञ्चारमाध्यमको यस यात्रामा ठूलो भूमिका हुन्छ । यसरी संश्लेषित ज्ञानको प्रयोग गर्न सकेमा नै लेखको शुरूमा प्रस्तुत गरिएका चुनौतीहरू न्यून गर्दै नेपाल प्रगतिको बाटोमा हिंड्न सक्नेछ ।

■■■

# पहिला राजनीति सोझ्याऊँ

■ राघवेश ज्ञवाली ■

**(एक)**

श्रमलाई सजिलो, जीवनलाई आरामदायी र सन्तुष्ट बनाउने निरन्तर प्रयासको उपलब्धि नै विकास हो। यो निरन्तर चलिरहने प्रक्रिया हो। विकास प्रक्रिया सबै ठाउँमा एकैनासले चल्दैन। भूगोलको एउटा खण्ड एक समयमा अगाडि हुन्छ। अरूले त्यसको महिमा गाउँछन्, सिको गर्छन्। अर्को समयमा अर्को खण्ड अघि बढ्छ। कुब्लाई खानको पालामा चीनको विकास देखेर युरोपियन यात्री मार्कोपोलो आश्चर्यचकित भएका थिए। चिनियाँ यात्री हु एन सांग नेपाल-भारतको विकास देखेर दङ्ग परेका थिए। हिजोआज अमेरिकाको विकास देखेर हामी दङ्ग परेका छौं, अमेरिका चीनको विकास देखेर अचम्म परेको छ। कुनै दिन यस्तो पनि आउन सक्ला– नेपालको विकास देखेर सारा संसार मोहित होओस् !

अहिले हामीलाई चाहिएको विकास भनेको विधिको शासन र स्थायित्व हो। यसको लागि मध्यमार्गी राजनीतिक नेतृत्व चाहिन्छ। गएको ६ दशकमा देशमा दक्षिणपन्थी र वामपन्थी राजनीतिक प्रयोग धेरै भए। ती प्रयोगबाट कुनै रचनात्मक र सकारात्मक विकास भएन। पद्धति बस्न सकेन। विज्ञान र प्रविधिको विस्तार तथा यातायात, संचार र उद्योगको अन्तर्राष्ट्रिय चापले हाम्रोजस्तो मुलुकमा पनि केही विकास भएको छ। तर भएको यही सानोतिनो

विकासलाई व्यवस्थापन गर्न पनि हामीलाई सधैं हम्मे हम्मे परिरहेको छ। किनकि यो विकासलाई हाम्रो पक्षमा हाम्रो आवश्यकतामा र हाम्रो योजनामा चलाउने जाँगर, सीप र अठोट हाम्रो राजनीतिक नेतृत्वमा भएन। फलस्वरूप हामी नेपालीहरूमा घोर निराशा र हीनताबोध व्याप्त छ। अहिले मुलुकमा संवैधानिक संकट छ र यसले ठूलो विश्वासको संकट पनि खडा गरेको छ। राष्ट्र र ढुकुटीलाई बलियो बनाउने भन्दा त्यसलाई लुट्ने र टुक्र्याएर बाँडचुँड गरेर खान चाहने प्रवृत्ति बलियो हुँदै गएको छ। गरिखाने मानिसलाई जीवन धान्न संकट छ। भविष्यको लागि कुनै आशा छैन। पार्टी र नेताहरूले केही गर्छन् भन्ने भरोसा समाप्त भएको छ। यस्तो अवस्थामा अरू तपसिलका विकासका कुराहरू भन्दा मध्यमार्गी राजनीतिक नेतृत्वको कुरा आवश्यक छ। आजको राजनीतिक अन्धकारको वातावरणमा एउटा आशाको दियो बाल्न वा बलेको देख्न पाउनु नै हाम्रो लागि ठूलो विकास हुनेछ। आशाले भरिएको मन गन्तव्यसहितको यात्रा र सक्रिय हातहरू भएपछि विकासले गति लिन्छ।

(**दुई**)

विकास भन्ने कुरा निरन्तर चलिरहने प्रक्रिया भएको हुनाले यत्ति भए पुग्छ भनेर भन्न सकिँदैन। विकास बुझाइ, भोगाइ र गराइमा भर पर्छ। साधनहरू प्रशस्त छन् तर भोग गर्ने ढङ्ग छैन, पद्धति छैन, नियम छैन भने त्यो विकास समस्या हुन्छ। तर सीमित साधनमा पनि राम्रो व्यवस्थापन हुनसक्यो भने त्यसले भविष्यको लागि विकासको बाटो खोलिदिन सक्छ।

नेपालमा विकासका धेरै बाधाहरू छन्। ती बाधाहरूलाई न्यूनीकरण गर्न र विकासको नेपाली मोडल बनाउनु जरुरी छ। तर अहिले राष्ट्रियता खतरामा परेको र संवैधानिक संकट उत्पन्न भएको बेलामा सबभन्दा महत्त्वपूर्ण कुरा राष्ट्रिय मेलमिलाप र राष्ट्रिय अखण्डताको कुरा हुन गएको छ। बितेका दशकमा नेतृत्वको तीन पुस्ता भोगियो, लगभग आधा दर्जन संविधान लेख्ने र च्यात्ने काम भए। प्रजातन्त्रको चिन्हपाटीमा पटक पटक शब्दहरू फेर्ने कामहरू बाहेक प्रजातन्त्रलाई संस्थागत गर्ने काम हुनसकेको छैन। नेपाल र नेपालीको विकास हुनका लागि मध्यमार्गी नेतृत्व, सन्तुलित कूटनीति, राजनीतिक सहिष्णुता र विधिको शासन चाहिन्छ। प्रजातन्त्र 'आफूलाई नभई नहुने र अर्कालाई दिनै नहुने वस्तु' बनाउन हुँदैन।

विधि विधानको पुनर्स्थापना, राष्ट्रिय मेलमिलाप, आवधिक चुनाव, जिम्मेवार सरकार, संयमित विपक्षी, ऋणबाट मुक्ति, राष्ट्रिय अर्थतन्त्रको निर्माण, कमाउँदै पढ्दै गर्ने उच्च शिक्षा, दण्ड र पुरस्कारको सन्तुलन, सन्तुलित विदेश नीति अपनाएर जलस्रोतको सदुपयोग गर्न सकियो भने नेपालको विकासले बाटो पहिल्याएको र गति लिन थालेको मान्नुपर्ने हुन्छ ।

(**तीन**)

वातावरण र जलवायु परिवर्तन विश्वव्यापी चिन्ताको विषय हो । एशियाको माझमा र सगरमाथाको फेदमा बसेको भूभागका जनताका क्रियाकलापले वातावरण बनाउन र बिगार्न ठूलो भूमिका खेल्छ। सामुदायिक वन र हरियाली वृद्धिको लागि नेपालमा भएका प्रयासहरू विकासका राम्रा नमूना हुन्। कार्बन व्यापारको अवधारणालाई बुझ्न सके त्यसलाई हाम्रो कार्यक्रम र प्राथमिकतामा संचालन गर्न सकिन्छ। नेपाल, भारत र चीन मिलेर नेपालका जलस्रोतहरूलाई सिंचाइ, जलविद्युत्, मत्स्यपालन र पर्यटनको लागि उपयोग गर्न सकिन्छ । नेपाल एक्लैले सक्दैन । चीन र भारतभन्दा बाहिरको शक्तिलाई जिम्मा दिंदा छिमेकीहरूले चित्त दुखाउँछन् । त्यसैले यसमा नेपाल, भारत र चीन मिलेर संयुक्त योजना बनाएर काम गर्न सकिन्छ ।

हिमाली जडीबुटी संसारमै प्रसिद्ध छन्। हिमाली अवस्थितिको महत्त्व बुझेर जडीबुटीको उत्पादन र प्रारम्भिक प्रशोधन गर्ने कार्यक्रमहरू संचालन गरेर वातावरण र जलवायुका विषयलाई समेटेर आर्थिक वृद्धि गर्न सकिन्छ। यी सबै कामहरू गर्न मुलुकमा राजनीतिक स्थिरता पहिलो पूर्वाधार हो ।

(**चार**)

नीतिनिर्माणको प्रक्रियामा नागरिकको सहभागिता सुनिश्चित गर्ने कुरा भन्न सजिलो छ तर गर्न निकै गाह्रो छ । किनकि विवेक र अनुशासनमा भन्दा आश र त्रासमा चल्ने हाम्रो बानी छ। माथिको आदेश र भनसुनको भरमा कामहरू बढी हुन्छन् । विधि विधान, नियम कानून बेला-मौकाका कुरा र भन्ने कुरा मात्रै भएका छन् । बैठक र सम्मेलनहरूमा हल्ला बढी हुन्छ । प्रभावशाली व्यक्तिले निर्णय गरेर बैठकमा ताली बजाउन पठाउँछन् र निर्णयहरू पास हुन्छन् । माथिको, ठूलो मान्छेको, खटनपटनमा चल्ने, जसरी

भए पनि काम हुनैपर्ने, आफूले भनेको नभए हुँदै नहुने खालको बानी व्यहोरा यत्रतत्र सर्वत्र छ । यो बानी प्रजातन्त्र र विकासको लागि निकै हानिकारक छ । राजनीतिलाई सधैं युद्धको रूपमा बुझ्ने, युद्ध र प्रेममा जे पनि हुन्छ भनेर कुतर्क गर्ने, राजनीतिको नाममा जुनसुकै अपराध गर्ने काम संस्थागत भएको देशमा नागरिकको सहभागिता स्वेच्छिक बनाउन सजिलो छैन । कुनै बैठक, सभा, समारोहहरूमा मानिसहरू प्रायोजित भएर पुगेका हुन्छन् र आफूले भनेको नभएमा हुल गर्न थाल्छन् । यस्तो वातावरणमा स्वयंसेवा गर्ने मानिसहरू हतोत्साहित हुन्छन् । तर अब हालका नेताहरूप्रति, उनीहरूको पार्टीहरूप्रति र उनीहरूका देखाउने सिद्धान्तहरूप्रति मानिसहरूको मोह भंग हुँदैछ । परिस्थिति बदलिंदैछ । यो बदलिंदो स्थितिलाई बुझ्न र यसलाई आत्मसात् गर्न हामी पहिले मध्यमार्गमा जानै पर्दछ, राजनीतिलाई मध्यमार्गमा ल्याउनै पर्दछ ।

### (पाँच)

उपयोगी विचारलाई व्यवहारमा कसरी लैजाने ? यही प्रश्नको व्यावहारिक उत्तर चाहिएको छ । कुनै पनि योजना विचारबाट व्यवहार र व्यवहारबाट विचारमा (map to ground, ground to map) निरन्तर भिडान र मिलान भइरहनुपर्दछ । तर दुःखको कुरा हाम्रो मुलुकको राजनीति र सरकारले सधैं विचार र म्यापमा मात्रै काम गरेको छ । व्यवहार र विचारमा मिलान छैन । ६ दशकदेखि हामी नेपाली गरिखानेहरूलाई जग्गा नभएको लालपुर्जा वितरण गरिरहेका छन् र अझै पनि यस्तै चेष्टा जारी छ । नेता र मन्त्री मात्रै त्यस्तो होइन, हामी पब्लिक पनि त्यस्तै छौं । जग्गा विनाको लालपुर्जा समाएर उनीहरूकै आशमा बसेका छौं । अब शायद मानिसमा चेत खुलेको होला ।

उपयोगी विचारलाई व्यवहारमा लैजानको लागि दोहोरो उपाय अपनाउनुपर्छ । पहिलो उपाय व्यक्तिगत तहबाट व्यावहारिक हुँदै जाने र दोस्रो हो; सरकार र संस्थाहरूलाई व्यावहारिक बनाउँदै लैजाने । सरकार र संस्थाहरूलाई व्यावहारिक बनाउन बलियो जनबल चाहिन्छ र समय पनि लामो लाग्दछ । प्रजातन्त्र र लोकतन्त्रका कुरा गर्ने, देश र दुनियाँको चासो राख्ने र समाजलाई बदल्ने कुरा गर्ने मानिसहरूले पहिले आफूलाई बदल्नुपर्दछ । आफ्नो जीवनको एउटा निश्चित शैली र आदर्श बनाएर त्यसमा निर्भीक भएर हिंड्नुपर्दछ । अवसरलाई आफ्नो पक्षमा उपयोग गर्ने एउटा कला हो तर

यसो भनेर अवसरवादी चरित्र बनाउनुहुँदैन । व्यक्तिगत रूपमा आफ्नो घर, आँगन र परिवारबाट परिवर्तन शुरू गरेर यसलाई टोल छिमेकमा फैलाउन सकिन्छ । आफ्नो टोलको सार्वजनिक सम्पत्तिलाई रक्षा र विकास गर्दै लैजान सकिन्छ । यसलाई संगठित रूपले मेलमिलापपूर्ण वातावरणमा गर्न सकिन्छ । यसैगरी यस्ता कामहरूलाई राष्ट्रिय अभियानको रूपमा पनि निरन्तर रूपले संचालन गर्ने स्वयंसेवी संगठनहरू बनाउँदै सरकार र प्रशासनलाई सुझाव दिन सकिन्छ, सहयोग गर्न सकिन्छ ।

विकास र राजनीति परस्पर जोडिएका विषयहरू हुन् । विकासले राजनीतिलाई र राजनीतिले विकासलाई असर पारेकै हुन्छ । हामीले विकाससँग मेल खाने व्यावहारिक मध्यमार्गी रचनात्मक राजनीतिको अभ्यास गर्दै विकासका कामहरूलाई संचालन गर्दै जानु जरुरी छ ।

■■■

**श्री जनसेवा उमावि, लाटीकोइली-३, सुर्खेत**

# मुख्य समस्या मानसिक गरीबी

■ उमाकान्त तिवारी ■

विकास मानिसभित्रको रचनात्मक भावना, चेतनशीलता र क्रियाशीलताको उपज हो । यो निरन्तर चलिरहने प्रगतिउन्मुख बाटो हो । साथै यसले क्रमशः परिपक्वता हासिल गर्दै गएको हुनुपर्छ । यस अर्थमा विकासलाई साधन र साध्य दुवै रूपमा लिन सकिन्छ । यो चेतनाको अंकुरणबाट प्राप्त हुने बहुआयामिक प्रक्रिया हो। त्यसैले यसको दायरा फराकिलो छ। विकासले भूगोल, हावापानी, समाज, संस्कृति र मानसिकता अनुसार फरक फरक रूप धारण गरेको पाइन्छ ।

तथापि शारीरिक रूपमा स्वस्थ, आर्थिक रूपमा सबल, राजनीतिक रूपमा सचेत, सामाजिक रूपमा परिष्कृत र नैतिकवान, मानव साधनका रूपमा सीपोन्मुख र सक्षम, सांस्कृतिक रूपमा सहिष्णु र कार्यका हिसाबले सृजनशील र व्यस्त भइरहने अवस्थालाई हामी नेपालीले खोजेको विकासका रूपमा चित्रण गर्न सकिएला ।

हामी नेपाली धनी हुन चाहन्छौं; धनी बनिरहेका छैनौं। हामी विद्वान हुन चाहन्छौं; कुनै आविष्कार गर्न सक्दैनौं। हामी आफूलाई व्यवसायी भएको दावी गर्छौं; तर व्यवसायमा घाटा लगाउँछौं । गाउँपिच्छे, टोलपिच्छे नेता बन्छौं; तर नेतृत्व गर्न सक्दैनौं । आयोगद्वारा छानिएका वरिष्ठ कर्मचारी हुन्छौं; तर

इमानदार र कुशल सेवा प्रवाह गर्न सक्दैनौं। आफूलाई उद्यमी भन्छौं; तर उत्पादनले क्रमशः ग्राहकलाई भगाइरहेको हुन्छ। आखिर नेपाल र नेपालीमाऋ किन यस्तो भइरहेको छ ? हाम्रो छिमेकी देश भारतबाट आएका व्यक्ति नेपालमा सफल हुने तर नेपालीहरू विफल भइरहने कारण के होला ? यही गाँठी कुराभित्रको चुरो पत्ता लगाउनु नै हामी नेपालीले खोजेको विकासको समस्या पत्ता लगाउनु हो। यसै समस्याको समाधान नै नेपालीको विकासको प्रारम्भ विन्दु हो।

हामीलाई थाहा छ, सुदूर गाउँको बाटोमा हिंड्ने बटुवाले नजिकको बारीबाट चोरेको एउटा खुर्सानीदेखि मन्त्रालयका मन्त्री तथा सचिवले कमिसन तथा भ्रष्टाचार गरेको घटनाको प्रकृति समान हो। यसलाई अऋ उदाहरणबाट प्रष्ट्याउन सकिन्छ। म जुम्ला जिल्लाको एक विकट गाउँमा बस्छु। मेरो गाउँमा खानेपानीको समस्या छ। अहिलेसम्म तीनपटक खानेपानीको व्यवस्था राज्यबाट भइसकेको छ। तर योजना सम्पन्न भएको पन्ध्र दिन नबित्दै धारा भाँचिन्छन्, पाइप काटिन्छन्। केटाकेटी पाइप गोलो पारेर बाटोमा गुडाउने गर्छन्। पहिलेकै दशा दोहोरिन्छ। फेरि नयाँ संस्था नाप-जाँच गर्न आउँछ। ठीक यस्तै चक्र काठमाडौंको कुनै ठूलो मन्त्रालयमा पनि चलिरहेको हुन्छ। त्यहाँ राज्यले सक्षम भनेर छानी पठाएका सयौं कर्मचारीहरू कार्यरत छन्। उनीहरूले सरकारी साधन र स्रोतको प्रयोग गरिरहेका छन्। त्यहाँ पनि विविध साधनको सदुपयोग भन्दा दुरुपयोग बढी छ। अर्थात्, साधन-स्रोतको दुरुपयोग जहाँ त्यहीं छ– गाउँदेखि शहरसम्म, अशिक्षितदेखि शिक्षितसम्म।

यसपटक मैले सुट, घडी र जुत्ता किनें। आखिर किन ? किनकि म साथीहरूका अघि धनी भएको देखिन चाहन्छु। मेरो बहिनीले बुबासँग महँगो कपडा माग गरिन्। सुनको सिक्री किनिदिन अनुरोध गरिन्। उनी पनि धनी बाबुकी छोरी हुँ भन्ने देखाउन चाहन्छिन्। म ठीक यही कुरा हरेक मानिसका मनमस्तिष्कमा गडेको पाउँछु। आफूलाई धनी भएको प्रमाणित गर्न किन हामी मरिहत्ते गरिरहेका छौं ? किन महँगो वस्तुको प्रयोगमा प्रेरित छौं ?

माथिका यी सबै प्रकारका समस्या सहित हाम्रो गरीबीको प्रमुख कारण हाम्रो गरीब मानसिकता हो। त्यही मानसिकताको उपचार स्वरुप हामी गहना, गाडी, महँगो फेसन, होटल आदिको प्रयोग गर्छौं र आफूलाई धनी भएको

देखाउन चाहन्छौं । गरीब मानसिकताले दुरुपयोग र लोभलाई जन्म दिन्छ । मागेर मिल्छ भने मिहिनेत किन गर्ने भन्ने नै दरिद्र मानसिकता हो। नेपाली समाज पूर्ण रूपमा यही रोगबाट पीडित छ। अहिलेसम्मका हाम्रा विकासका सम्पूर्ण प्रयासहरू राम्रा छन् । तर तिनीहरू सबै प्राविधिक छन् । त्यसैले अब यी सम्पूर्ण प्राविधिक प्रयासहरूलाई नेपाली मानसिकताको उपचारसहित समायोजन गर्न सकिएमा विकास निश्चित छ । विश्वका विकसित देशका नागरिकहरू वस्तु तथा सेवाको प्रयोग भन्दा विचार र सृजनाको खोजमा व्यस्त रहन्छन् । उनीहरूले लवाइ, खवाइ भन्दा लक्ष्यलाई प्राथमिकता दिन्छन् ।

त्यसैले यी माथि भनिएका सम्पूर्ण कुरा अर्थात् विकास प्राप्तिको एउटा मात्र अचूक मन्त्र गरीब मानसिकताको निराकरण हो। हामी सम्पूर्ण नेपालीको दिमागबाट हामी गरीब छौं भन्ने भावना हटाई रचनात्मक सोच र सृजनशील कार्यमा व्यस्त रहने बानीको विकास मात्र गर्न सकेको खण्डमा हामीले खोजेको विकास टाढा छैन।

लिंगीय, जातीय, भौगोलिक आदि सम्पूर्ण विभेद मानिसबाट सृजित समस्या हुन्। प्रकृतिबाट सृजित जलवायु परिवर्तनको चुनौती पनि हाम्रासामु तेर्सिएको छ। प्रत्येक वर्ष एक डिग्री फरेनहाइटले विश्वको तापक्रम बढ्नाले अनिकाल, अतिवृष्टि, अनावृष्टि, समुद्र सतह बढ्ने, हिमशिखर पग्लने, हिमताल फुट्ने तथा वस्तीहरू जोखिममा रहने खतरा बढिरहेको छ। यी दुवै चुनौतीले आर्थिक वृद्धि वा उत्पादनमा असर गरिरहेका छन्। समता वातावरण निर्माणको मूल पक्ष रचनात्मक कार्यव्यस्तता हो । रचनात्मक कार्य व्यस्तताले आम्दानी र सीपको विकास गराउँछ । मानिस आत्मनिर्भर बन्छ । आत्मनिर्भर मानिस कहिल्यै विभेदको शिकार हुँदैन। त्यसैले अनेक विषयवस्तुको आरोपभन्दा हामी हाम्रो चेतना, हाम्रो कार्यव्यस्तता र राज्यबाट प्राप्त अवसर उपयोगले धेरै समस्याको समाधान भएको पाउने छौं। त्यस सँगसँगै पेशामा विशिष्टीकरण, सीपमूलक रोजगारी, समयको बचत, फजुल खर्च कटौती र विशेष गरी महिला तथा गृहिणीलाई लक्ष्य गरी सिकाइने विविध सीपहरूको विकास गर्नुपर्ने हुन्छ।

आर्थिक तथा सामाजिक विकास दुई-चार जना व्यक्ति वा समूहबाट हुने कुरा सम्भव छैन । अब विकास जसलाई चाहिएको छ, उसको नेतृत्व र सहभागिता पनि जरुरी छ । विकासका प्राथमिकताहरू पनि उसैले निर्धारण गर्नुपर्दछ । जटिल राष्ट्रिय महत्त्वका प्रश्नहरू चुनाव वा जनमत संग्रहबाट

किनारा लगाउन सकिन्छ । जब देश कर्मचारीतन्त्रको नेतृत्वमा जान्छ, त्यसबेला स्वार्थ, कमिसन र शोषण बाहेक विकासबाट सर्वसाधारणलाई केही प्राप्ति हुँदैन ।

नीतिनिर्माण प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित गर्ने एउटा मात्र माध्यम चुनाव हो । जननिर्वाचित प्रतिनिधिले स्थानीय तथा राष्ट्रिय रूपमा नेतृत्व गर्नु जरुरी छ। तर नेपालमा निर्वाचन नै नहुने वातावरण राजनीतिक दलहरूबाट र नहुन दिने खेलमा कर्मचारीतन्त्र लागिरहेको छ । राजनीतिक दलहरूबाट एकपटक जन अनुमोदित नेता जीवनभर नेता बनिरहने नेपाली परम्पराले नीतिनिर्माण प्रक्रियामा नागरिकको सहभागिता नभई व्यक्तिको उपस्थिति रहेको भान हुन्छ। जसले सकारात्मक परिणाम दिन मुश्किल पर्छ। यसबाट राज्यभन्दा गैर राज्यपक्ष बलियो भएर जाने हुन्छ। यही क्रम जारी रहेमा निर्वाचन पश्चातको नेतृत्वले कानून कार्यान्वयन गर्न नसक्ने खतरा बढ्दछ। जसको नजिर हामीसँग यातायात व्यवसायीको सिण्डिकेट प्रणाली र निजी विद्यालयमा तोकिएको शिक्षा सेवा कर रहेका छन् ।

त्यसैले निष्कर्षमा हामीले खोजेको विकास रचनात्मक सोचबाट प्रेरित, गुणात्मकताको झल्को दिने खालको हुनु जरुरी छ। विकास व्यक्तिविशेष भन्दा सम्पूर्ण नागरिकको सहभागितामा सफल हुन्छ। अत: नागरिक सहभागिताको एउटा मात्र उपाय जनताको नेतृत्वले विकासमा अभियान चलाउनु पर्छ । कार्यव्यस्तता, सीपमा विशिष्टता, राजनीतिक चेतना, जनताप्रति उत्तरदायी नेतृत्व, राजनीतिक स्थायित्व हुने वातावरण सिर्जना गर्न सकेमा र हरेक नागरिक आत्मनिर्भर बनाउने बाटो खोलेमा नेपालीको विकास अवश्यंभावी छ।

■■■

**धापा–७, जुम्ला**

# खाँचो साझा नीति र योजनाको

■ भानु बोखिम ■

विकास त्यो हो जसले हरेक मानिसको आधारभूत आवश्यकताका साथै इच्छा, चाहनालाई सम्बोधन गर्छ । तर मानिसको आधारभूत आवश्यकता र चाहना समयक्रममा फराकिलो हुँदै जान्छ । मानिसको चाहनाको पनि गति हुन्छ । मानिसको बदलिंदो चाहनालाई सम्बोधन गर्न विकास सधैं गतिशील हुनुपर्छ । विकासको गति मानिसको आकांक्षाको गतिभन्दा कम भए, अनेकन समस्या देखिन थाल्छ । यस्तै भएको छ देशमा । स्थानीय स्रोतसाधनको नवीन ढंगले प्रयोग गरी बढ्दो जनसंख्या र घट्दो उर्वराशक्ति बीच तादात्म्यता राख्नु आजको विकासको आवश्यकता हो । राज्यले हरेक क्षेत्रमा स्थानीय उत्पादन बढाउनुका साथै त्यसको विनिमयको व्यवस्थापन र सबैको क्रयशक्ति वृद्धि गर्नुपर्छ । यस्तो विकासले नै आम मानिसको आहार, शिक्षा, स्वास्थ्यको आवश्यकता पूर्ति र रोजगारीको अवसर सृजना गर्छ ।

भौगोलिक विकटता- देशको भौतिक विकासमा चुनौती बनेको छ । तर भौगोलिक विकटताले जैविक विविधता पनि दिएको छ । जैविक विविधताले अनेकन सम्भावनालाई उजागर गरेको छ । त्यो सम्भावना पहिल्याउने र प्रयोगमा ल्याउने विकासको योजनाबद्ध खाका चाहिएको छ । समुचित, न्यायोचित र सन्तुलित विकासको खाका र त्यो अनुरुप नीतिको खाँचो छ । त्यसको लागि स्थिर सरकार भए राम्रो, तर हुनैपर्छ

भन्ने छैन । निर्दलीय व्यवस्थामा होस् वा लोकतात्रिन्क पद्धतिमा, नेपालमा सरकारहरूले कहिल्यै स्थायित्व पाएनन् । कुनै लोकतान्त्रिक सरकारले पूरा कार्यकाल काम गर्न पाएन । विकासको गति सुस्त हुनुमा, अस्थिर सरकारलाई अगाडि सारिन्छ । तर वास्तवमा स्थायित्व भन्दा पनि खाँचो सर्वस्वीकार्य विकासे नीतिको हो । समग्रमा प्राथमिकता र योजनाको अभाव हो । सरकार त नेपालमा भन्दा छिटो छिटो जापानमा फेरिएको छ । तर त्यसले जापानको विकासको गति रोकिएको छैन । त्यसैले अब विकासको त्यस्तो नीति अवलम्बन गर्नु जरुरी छ, जसले नेतालाई विकासमा राजनीति हैन विकासको राजनीति गर्न बाध्य गराओस् । समाज विभिन्न दर्शनमा विभाजित छ तर समाजको चाहना सधैं एउटै छः समृद्धि । तसर्थ राजनीतिलाई दर्शनमा विभाजित गराउने भन्दा पनि समाजको आवश्यकतामा एकीकृत गराउनुपर्छ । त्यसको समयसीमासहितको विभिन्न योजनाको खाका पनि कोरिनुपर्छ । यो किन पनि आवश्यक छ भने, विकासका सैद्धान्तिक परिभाषा एउटै भए पनि, यसका व्यावहारिक पक्षहरू एकै हुन्नन् ।

विकासको काम वा प्रक्रियालाई भौगोलिक स्थितिसँगै, स्थानीयको चेतनास्तरले पनि प्रभाव पार्छ । तसर्थ भिन्न भिन्न स्थानलाई भिन्न भिन्न विकासको मोडल वा सूत्र चाहिन्छ । फरक कार्यतालिका र योजना चाहिन्छ । तर उद्देश्य भने स्थानीय स्रोत साधन र सम्पदाको अधिकतम प्रयोग गर्ने नै हुनुपर्छ । ती प्रयोगले जीविकोपार्जन तथा आयआर्जनको बाटो खोल्नै पर्छ । उदाहरणको रूपमा, पूर्वी पहाड र कर्णाली अञ्चलको वस्तुस्थिति र सम्भावना फरक फरक छ । कर्णालीको योजनामा स्याउ उत्पादन र यार्सागुम्बा संकलनमा जोड दिनुपर्छ भने पूर्वी पहाडमा अलैंची र चिराइतोको खेतीमा । पर्यटनकै सवालमा पनि कर्णालीमा राराको आकर्षण बढाउनुपर्छ भने, पूर्वमा कञ्चनजंघालाई प्राथमिकतामा राख्नुपर्छ ।

कहिलेकाहीं विकासले व्यक्तिमा विलासिताको सपना जन्माउँछ । ती सपना आवश्यकता वा प्रतिष्ठामा बदलिन्छन् । समृद्धिको शिखरमा जीवन बाँचिरहेका अमेरिकी तथा युरोपेलीहरू विज्ञानले निर्माण गरेका प्रविधि तथा विलासिताका सामग्रीप्रति बढी मोह राख्छन् । यिनै अमेरिकी तथा युरोपेलीको सपना १०० वर्ष अगाडि भिन्नै थिए । अर्थात् समाजको आवश्यकताले विकासको सूचक

निर्धारण गर्ने हो। प्रगतिले समाजको आवश्यकता पनि बढाउँछ। हाम्रो देशका एकाधले मात्र आजका युरोपेली तथा अमेरिकीको जस्तो समृद्ध जीवनको चाहना राख्छन् । धेरैको चाहना शिक्षा, स्वास्थ्य, रोजगारीसँगै जोडिएको छ । अझ कति भेगका मान्छे त भोकमरीको चपेटामा छन् । धेरैको संख्यामा कमजोर जीवनस्तर बाँचिरहेका प्रति लक्षित योजना बन्नुपर्छ । सबै भेगमा यातायात, बिजुलीको विस्तार, स्थानीय उत्पादनको बढोत्तरी र त्यसबाट गाँस, बास, कपास, साथै शिक्षा, स्वास्थ्य र रोजगारीको सुनिश्चितता नै हाम्रो विकासले समेट्ने कुरा हुन् । अहिलेको विन्दुबाट हेर्दा नेपाल नेपालीको लागि यी काम भए विकास भएको ठहरिन्छ ।

विकास र वातावरणको सम्बन्ध जहिले पनि विपरीत हुन्छ । कसरी कमभन्दा कम वातावरणीय क्षतिमा अधिक विकास गर्न सकिन्छ ? हाम्रो योजना र प्रयास त्यसतिर लक्षित हुनुपर्छ । एक्काइसौं शताब्दीमा विकासको कुनै पनि काम मान्छेले मात्र सम्पन्न गर्न सक्दैन । आधुनिक प्रविधि र यन्त्रलाई मानवशक्तिको सहयोगीको रूपमा प्रयोग गर्नै पर्छ। आधुनिक यन्त्रको प्रयोगले आवश्यकताभन्दा बढी जमिनमा हलचल ल्याउन सक्छ । त्यसले विनास पनि निम्त्याउन सक्छ । साथै त्यस्ता प्रविधि तथा यन्त्रको प्रयोग गर्दा पेट्रोल, डिजल जस्तो खनिज इन्धनको अत्यधिक खपत हुन्छ । खनिज इन्धनको अत्यधिक खपतले वायुमण्डलमा असर पार्छ। त्यसै कारण जलवायु परिवर्तन भई तापक्रम बढ्छ र बढिरहेको पनि छ। तापक्रम वृद्धिले देशको पहिचान र सम्पदाको रूपमा रहेको हिमालको सुन्दरतामा ह्रास आउन थालेको छ। मौसम परिवर्तन भई जीवनयापन तथा खेतीपातीको काममा असर परेको छ। पृथ्वीको तापक्रमलाई स्थिर राख्न वनजंगल बचाउन र बढी भन्दा बढी हरियाली कायम गर्नु जरुरी छ। साथै ठूला ठूला निकुञ्ज र जंगल मास्ने योजनाहरू कम गर्नुपर्छ।

माथि उल्लिखित काम गर्नलाई समुचित, सन्तुलित र योजनाबद्ध विकासको खाका चाहिन्छ। तर आजसम्मका धेरै योजना हचुवाको भरमा बनेका छन्। विकासको क्रममा स्थानीय भूगोलको स्थिति र स्थानीयवासीको भावना कमै बुझ्ने गरिएको छ। साथै स्रोतलाई समान वितरण गर्नुको सट्टा पहुँचवालाकोमा थुपारिन्छ । यसले विकासको काममा समतामूलक र लोकतान्त्रिक विधिलाई

अंगीकार गरिएको छैन भन्ने देखाउँछ । विकासको योजना विज्ञले नै बनाउनुपर्छ तर स्थानीय अनुभव र भावनालाई उपेक्षा गर्नुहुँदैन । जो, जहाँ वर्षौंदेखि बसिरहेका छन्, त्यो ठाउँमा उनीहरूकै अनुभवलाई उपेक्षा गरेर गरिएको विकास दिगो नहुन र त्यसले उनीहरूको भावना र आवश्यकतालाई नसमेट्न पनि सक्छ। तसर्थ कुनै पनि विकासको योजना बनाउँदा स्थानीयको अनुभव र भावना समेट्नु जरुरी छ। जनसहभागितामा बनेका योजना तथा नीति दिगो र प्रभावकारी रूपले लागू हुन्छन्। जसले विकासको गतिलाई द्रुत बनाउँछ। समृद्धिको सपनालाई साकार बनाउन मद्दत गर्छ।

देश विकासको निम्ति प्रसस्त छलफल भइरहेका छन्। यस्ता छलफल स्थानविशेषको भेला तथा सभामा मात्र हैन, सामाजिक सञ्जाल वा 'भर्चुवाल' दुनियाँको पर्खालमा पनि प्रसस्तै हुने गरेको छ। त्यस्ता छलफल र बहसबाट आएका विकासका विविध विचार वा खाका समेटेर देश र जनताको विकासको निम्ति आएका साझा खाका कोरिनु जरुरी छ।

क्रमिक सुधार गरेर नेपालीको जीवनशैली समृद्ध बनाओस् विकासले; यसको लागि योजना ग्रामीण क्षेत्रमा बढीभन्दा बढी केन्द्रित हुनुपर्छ। प्रयोगमा नआएका स्रोत साधनलाई स्थानीयको आयआर्जनको माध्यम बनाउनुपर्छ । जसको लागि आस्थामा विभाजित नभई साझा धारणा बनाउन सक्ने फराकिलो सोचको विकास गर्नुपर्छ । फराकिलो सोचको विकास नभई समृद्ध विकास हुँदैन ।

■■■

**सिकैचा-३, ताप्लेजुङ**

# गाउँ रित्याउने शिक्षाको विकल्प खोजौं !

■ कृष्णप्रसाद अर्याल ■

मेरो गाउँ गुल्मी जिल्लाको उत्तर पश्चिम एक दुर्गम भागमा पर्छ। आजभन्दा ३०-३५ वर्षअघि त्यहाँका मानिस डोकोभरी खर्च अर्थात् बेच्ने घिउ, भटमास आदि कुरा बोकेर बटौलीसम्म हिंडेर आउँथे र फर्किंदा पनि डोकोभरी नै नुन, तेल, कपडा आदि लिएर फर्कन्थे। यो कुरा अहिलेको पुस्तालाई दन्त्यकथा जस्तो पनि लाग्न सक्छ; किनकि अहिले कच्ची नै भए पनि गाउँगाउँमा मोटर बाटो पुगेको छ र टोलटोलमा पसलहरू छन्। त्यहाँ नुन, तेल मात्र होइन चामल, पीठो, तरकारी, फलफूल समेत बाहिरबाट पुग्छ। गाउँका तीन-चार ओटा कुवाबाट गाउँलेले पानी बोकेर खानुपर्दथ्यो। खानको लागि कोदो/मकै नै प्रमुख थियो। कहिलेकाहीं मौसम गडबड हुँदा अनिकाल पनि चल्थ्यो र कोदो साहुका कोदोका पुराना भकारी खोलिन्थे। गरीबहरू त्यही पुरानो कोदो खाएर ज्यान जोगाउन बाध्य हुन्थे। कहिलेकाहीं त त्यसैले झाडापखाला पनि लगाउँथ्यो। तर आज मेरो गाउँमा सबैले किनेर भए पनि चामलको भात खान पाएको देखिन्छ। टुकी तथा निगालोको उज्यालोको ठाउँमा गाउँकै फेदीमा रहेको खोलाबाट निकालेको बिजुली बत्तीले गाउँ झिलीमिली छ। घरघरमा टीभी, सीडी/डीभीडी प्लेयर चलेका छन्। कोही पनि बाहिर जाँदा हिंड्नु पर्दैन र नुन, तेल, चामलको भारी बोक्नु पनि पर्दैन। घरघरमा खानेपानीका धारा पनि पुगेका छन्। सामान्य उपचारका लागि गाउँमा हेल्थपोष्ट छ। १२ कक्षासम्म पढ्नको लागि स्कूल छ।

के मेरो गाउँमा आएको यो परिवर्तन नै विकास होइन र ? अवश्य पनि केही हदसम्म यो विकास नै हो, परिवर्तन हो र विकासको पूर्वाधार हो । तर म यहाँ अर्कै महत्त्वपूर्ण कुरा भन्न गइरहेको छु । त्यो हो– यहाँ जुन विकास भएको जस्तो देखिएको छ त्यो सकारात्मक छैन; त्यो साँचो विकास होइन । किनभने गाउँका धेरै मानिसहरू खाद्यवस्तु बजारमा किनेर त खान्छन् तर तिनको नगद आम्दानीको दिगो र भरपर्दो स्रोत छैन । अहिलेको मुख्य स्रोत भनेको वैदेशिक रोजगार हो । जति पनि मानिसको जीवनस्तर बढेको जस्तो देखिएको छ, त्यसको कारण विदेशमा गएर धेरै दुःखकष्ट गरेर कमाएर ल्याएको आम्दानी नै हो; जो दिगो हुन सक्दैन । गाउँमा पढ्नको लागि स्कूल त छ, तर त्यसले नै वर्षेनि धेरै युवाहरूलाई गाउँबाट शहरतिर लखेटिरहेको छ । राम्रै पढ्नेहरू पनि जागिरको खोजी तथा उच्च शिक्षाको लागि शहर पस्छन् र गाउँ फर्कन चाहेर पनि सक्दैनन् । शंका लाग्छ– यो शिक्षाले अब १०-१५ वर्षमा कतै गाउँ नै रित्याउने त होइन ?

अब प्रश्न उठ्छ; विकास भनेको के हो त ? हामीलाई चाहिएको विकास कस्तो हो ? मेरो सानो दिमागले जानेअनुसार हाम्रो देश गाउँ नै गाउँले भरिएको छ । ८०-८५ प्रतिशत नेपालीहरू अझै गाउँमा छन् । नेपालका अधिकांश गाउँ मेरो सानो गाउँभन्दा फरक स्थितिमा छैनन् । हाम्रो देशका शहर पनि फोहोर, भीडभाड, अस्तव्यस्तता, अभाव र बेरोजगारीले गाँजिएका छन् । वास्तवमा हाम्रा युवाहरूका निम्ति शहर पनि गाउँबाट आएर केही समय बस्ने 'स्टेसन' जस्ता भएका छन् । जहाँबाट युवाहरू वैदेशिक रोजगारका निम्ति प्रस्थान गर्छन् । धेरै मानिसको अनुभवमा वैदेशिक रोजगार पनि अव्यवस्थित, असुरक्षित; अप्ठेरो र फोहोरी खालको छ, जसले राम्रो भविष्यको संकेत गर्दैन ।

देशमा ठूला-ठूला उद्योग खोल्न र खोलेका उद्योग पनि व्यवस्थित रूपमा सञ्चालन गर्न सकिएको छैन । जताततै लगानी प्रतिफल पाउन नसकिएको, सरकारबाट सुरक्षा नपाएको, समुदायले पनि यस्ता कुरामा चासो नदेखाएको अनि वैदेशिक वस्तुहरूसँग प्रतिस्पर्धा गर्न नसकेर, भ्रष्टाचार भएर उद्योगहरू धरासायी भएको भन्ने मात्र सुनिन्छ । त्यसैगरी वैदेशिक रोजगारबाट बचेको रकम पनि अनुत्पादक कार्य, जस्तै– महङ्गा विदेशी वस्तु, घरजग्गा आदिको खरीदमा खर्च भएको देखिन्छ । खेतीयोग्य जमिनहरू कंक्रिटमा परिवर्तन भइरहेका छन् । किसानले जेनतेन महङ्गो बीउ, मल किनेर उब्जाएको

अन्नबालीले राम्रो भाउ पाउँदैन, पशुपक्षी पालकले पनि महङ्गो खर्चमा उत्पादन गरेको आफ्नो उत्पादनको भाउ पाउँदैन, न त उपभोक्ताले नै सस्तोमा उपभोग गर्न पाउँछन् । दलाली कार्यले केही मानिसहरू मालामाल भएका छन् भने धेरैजना मर्कामा मात्र ।

हुनत विकास भन्ने कुरा निरपेक्ष नहुन सक्छ; किनकि हाम्रा चाहना र आवश्यकता समयसापेक्ष परिवर्तन हुँदै जान्छन् । तर पनि कमसेकम प्रत्येक नेपाली आफ्नै देशमा सम्मानजनक रूपमा बाँच्नको लागि रोजगारको व्यवस्था होस्, त्यसले बास, गाँस र आङ ढाक्ने लुगाको व्यवस्था गर्न सकोस्, छोराछोरीलाई स्कूलमा पठाउन सक्ने होस्, स्वास्थ्य उपचारको व्यवस्था होस् र केही हदसम्म आफ्ना चाडपर्वहरू मनाउन पाओस्– तब विकास भएको भन्न मिल्ला । अहिलेको जस्तो अव्यवस्थित वैदेशिक रोजगारले हामी उँभो लाग्न सक्दैनौं । गाउँमा पाखोबारी, खेतहरू बाँझो हुँदै गएका छन्, पुराना घरेलु उद्योगहरू हराउँदै छन्, एउटा गाई बाँध्ने दाम्लो र सानो भारी बोक्ने नाम्लो समेत गाउँमा बुनिन छाडेको छ। स्थिति साँच्चै नै विकराल बन्दो छ।

मैले नौ कक्षामा पढ्ने एकजना भाइलाई सोधें– 'के छ तिम्रो भविष्यको योजना ?' उसले भन्यो, "सर, जेनतेन एसएलसी दिऊँ, पास भए पनि ठीकै छ, नभए पनि ठीकै छ, अठार वर्ष पुगिहालिन्छ। नागरिकता र पासपोर्ट बनाउने, भिसा मगाउने, दुईचार वर्ष विदेश गएर पैसा ल्याउने अनि बिहे गर्ने। सर ! मेरो बिहेमा तपाईं पनि आउनुपर्छ है !" मलाई लाग्छ नौ कक्षामा पढ्ने ८० प्रतिशतभन्दा बढी हाम्रा भाइहरूको भविष्यको सपना यही हो । धिक्कार छ हामी र हाम्रो शिक्षा प्रणालीलाई !

सारांशमा म के भन्न चाहन्छु भने अब पनि ठूलाठूला कुरा गरेर समय खेर नफालौं । हाम्रो अहिलेको क्षमता योग्यता के हो ? हामी कहाँ छौं त्यो जगलाई चिनौं र अगाडि बढौं । १७-१८ वर्षको शिक्षण अनुभवले मलाई के भन्न लगाइरहेछ भने आठ कक्षासम्म मात्र सबैलाई अनिवार्य शिक्षा दिऊँ । त्यसपछि विद्यार्थीहरूको कुन विषयमा, कुन क्षेत्रमा रुचि छ, जाँगर छ र योग्यता छ, सम्भव भएसम्म विशेषज्ञको सहायताले क्षेत्र छुटयाऊँ । एकथरी विद्यार्थीलाई खेतीपाती पशुपालनसँग सम्बन्धित राम्रो शिक्षा दिऊँ, खेतबारी तथा फार्म हाउसमै राखेर शिक्षा र रोजगारलाई सँगै बढाऊँ ।

अर्काथरीलाई देशमै उत्पादित ऊन, कपास लिएर चर्खा आन्दोलन चलाऊँ। यसले आमजनतालाई जाडोबाट बचाउनेछ र लाजबाट पनि। त्यस्तै योग्यता, रुचि र लगावको आधारमा डाक्टर, इञ्जिनियर, वकिल, प्राध्यापक, राष्ट्रसेवक जस्ता जनशक्ति तयार पार्दै जाऊँ। कसैलाई पर्यटन, सञ्चार, वातावरणीय क्षेत्रमा स्थान दिऊँ।

अहिले हाम्रो देशमा चलिरहेको शिक्षा आठ कक्षाभन्दा माथि दिनु व्यर्थ छ किनभने ७० प्रतिशत विद्यार्थीहरूका लागि त्यो अनुत्पादक छ। मैले नै पढाएका विद्यार्थीहरू बीएड, बीबीएस पास गरेका त छन् तर अहिले आएर तरकारी खेती गर्दा होला कि? कुखुरा पालेर होला कि? बंगुर पो पाल्ने हो कि? भन्दै छटपटिँदै छन्। उनीहरूको सात/आठ वर्षको मिहिनेत खेर गएको छ। न त उनीहरू आफ्नो क्षेत्रमा जागिर पाउँछन् न त उनीहरूलाई कृषि, पशुपालन वा त्यस्तै अन्य व्यवसाय गर्ने सीप र ज्ञान छ। यसरी, एउटा ठूलो बेरोजगारी समूह देशमा वर्षेनि उत्पादित भइरहेछ। त्यो समूह पनि विदेश नै ताकिरहेको छ। यहाँ हामीहरूले विचार गर्नुपर्ने कुरा के हो भने सबै प्रकारका काम गर्नेहरूलाई समान सम्मान दिऊँ। हरेक प्रकारका कामदारको इज्जत हुनुपर्छ। किसान, मजदूर, कर्मचारी, शिक्षक, नेता, डाक्टर, कण्डक्टर, ड्राइभर सबैको समान महत्त्व छ यो देश निर्माण गर्न भन्ने भावनाको विकास हुनुपर्छ, त्यहीं हामी सबैको कल्याण छ। त्यहीं हाम्रो जीवनस्तर बढ्ने पक्का छ। शान्ति र सम्पन्नता पनि त्यहीं छ।

■■■

**नवविजयी महेन्द्र मावि, भलायडाँडा, रसुवा**

# आफू सुध्रिऊँ: त्यही हो साँचो विकास

■ मेघराज जोशी ■

'विकास' लाई कुनै कुराको नव सिर्जना हुनु, सुधार हुनु, सकारात्मक परिवर्तन हुनु, विस्तार हुनु भन्ने अर्थमा बुझ्न सकिन्छ । उदाहरणार्थ, हवाइजहाजको मोडल, बनोट र विशेषतामा भएको परिवर्तन विकास हो भने मानिसको शारीरिक, मानसिक, सामाजिक, बौद्धिक, नैतिक विकास; देशको आर्थिक विकास, भौतिक विकास आदि पनि विकास हुन् । विकासको प्रभावले हाम्रो जीवन सुखमय, आरामदायी र उच्चस्तरको हुन्छ। हाम्रा कार्यहरू सरलतापूर्वक सम्पन्न हुन्छन् ।

हाम्रो देशलाई गरीबी, अशिक्षा, कुपोषण, अन्धविश्वास जस्ता कुराले गाँजेको छ। जनसंख्याको निकै थोरै संख्याले आधुनिक सुविधा पाएका छन् । ती पनि देशको विपन्न अवस्थाका कारण विदेश पलायन हुँदैछन् । यस्तो अवस्थामा जनताको आधारभूत आवश्यकता पूरा गरी जीवनस्तर माथि उठाउनु नै विकास हो ।

हाम्रो देशको साँचो विकास हुनका लागि पहिले शिक्षाको विकास हुनुपर्छ । जलस्रोतमा धनी कहलिएको हाम्रो मुलुकमा जलसाधनलाई विविध रूपले उपयोग गरी कृषि विकास, जलविद्युत् विकास, पर्यटन विकास गर्न सकिएको अवस्था पनि साँचो विकास हुन सक्छ । देशमा उद्योगधन्दाको विकास पनि चाहिएको छ । जसको माध्यमबाट यहाँको बेरोजगारी हटाई

गरीबी घटाउन र देशको राष्ट्रिय उत्पादन बढाएर आर्थिक विकासको गति तीव्र पार्न मद्दत पुऱ्याउन सकियोस्। सडक विकास हुनसके कृषि, व्यापार, उद्योग, पर्यटन व्यवसायमा वृद्धि हुनेछ। विकासका हरेक गतिविधिले आखिर जनताका आवश्यकता पूरा हुने, आम्दानी बढ्ने गर्दछ।

विकासको एउटा पाटोले अर्को विकासको ढोका खोल्न मद्दत गर्दछ। जस्तो सडक यातायातको विकास भएसँगै पर्यटन, उद्योग, कृषि, व्यापार विस्तार र विकास हुन सहयोग गर्छ। एकै थरीको खाना खाएर हाम्रो शरीर स्वस्थ, बलियो, फूर्तिलो, निरोगी हुन सक्दैनौं। त्यसैगरी एउटा कुराको विकास भएर मात्र हाम्रो जीवन सुखी हुन सक्दैन। देशको सर्वाङ्गीण विकास भए जीवन सुखी र आनन्ददायक हुन्छ।

विकास भन्ने कुरा देशमा सडक, पुल बन्नु, नहर खन्नु, रेलमार्ग बन्नु आदि मात्र होइन। विकास भन्ने कुरा हाम्रो कार्य व्यवहार र आचरणसँग पनि सम्बन्धित छ। जथाभावी फोहोर नफालेर निश्चित ठाउँमा फाले त्यो पनि विकास हो। सडकमा हिंड्दा सडकको बायाँ छेउबाट हिंड्नु, जथाभावी सडक पार नगर्नु, आफ्नो कर्तव्य इमान्दारी साथ पालना गर्नु, गलत व्यवहार नगर्नु–हाम्रो व्यक्तित्व विकास भएको संकेत हो। जब हरेक क्षेत्रमा इमान्दार, कर्तव्यनिष्ठ व्यक्तिको बहुमत हुन्छ, तब देशमा विकासका गतिविधि सफल हुन्छन्। राजनीतिमा होस् वा कर्मचारीतन्त्र होस्–जहाँ पनि असल, इमान्दार, कर्मठ, दक्ष व्यक्ति भएमा नै देशको विकासले तीव्रता पाउनेछ। यसैले हामी पहिला सुध्रिऊँ, सबैले आफ्नो क्षेत्रमा इमान्दार भएर लागौं, त्यही हो; त्यहीबाट हुन्छ साँचो विकासको थालनी।

■■■

**प्राथमिक शिक्षक, श्री शारदा रा.मा.वि.,**
**वाइसी बिचवा-४, कैलाली**

# हामीलाई चाहिएको विकासको दार्शनिक पक्ष

■ **यामबहादुर किसान** ■

'विकास' भन्ने वित्तिकै भौतिक वस्तु वा संरचनाको निर्माणलाई बुझ्ने गरिन्छ। तर विकास भनेको त्यति मात्र होइन, अन्तरवस्तुका आधारमा विकासका धेरै रूप र पक्ष हुन्छन् । जस्तो: विकास भौतिक र अभौतिक हुन्छ । सकारात्मक र नकारात्मक हुन्छ। देखिने र नदेखिने हुन्छ। शारीरिक र मानसिक हुन्छ। परिवर्तनकारी र विनासकारी हुन्छ। सुन्दर र कुरुप हुन्छ। तर यो अबोधगम्य भने हुँदैन। यो पदार्थको नियमित प्रक्रिया, गतिशीलता, अन्तरविरोध, अन्तरक्रिया र त्यसबाट निर्माण हुने चेतना भन्दा पर हुँदैन।

त्यसैले विकास पृथ्वीमा करोडौं वर्षदेखि अस्तित्वमा रहेका भौतिक पदार्थको व्यवस्थीकरण, सौन्दर्यकरण र प्रयोग तथा उपभोग/उपयोग हो। यो पदार्थको गति र सोको परिणामस्वरुप उत्पन्न शक्ति वा चेतनाको पहिचान र उपयोग हो। समग्रमा भौतिक विकास भनेको विश्व ब्रह्माण्डमा रहे-भएका पदार्थहरूको उचित उपयोग हो। तर त्यो उपयोगका निम्ति उच्चस्तरको चेतनाको आवश्यकता पर्दछ र चेतना मानव मस्तिष्क (अति सुसंगठित पदार्थ) को परिणाम वा विशेषता हो। त्यस्तो चेतना मस्तिष्कको भौतिक कोशिकाहरूमा निरन्तर भइरहने शारीरिक क्रियाकलापबाट उत्पन्न हुन्छ। मस्तिष्कमा हुने सकारात्मक वा नकारात्मक क्रियाकलापले मानिसको चिन्तन प्रक्रियामा पनि सकारात्मक वा नकारात्मक असर पार्दछ भने त्यस

पदार्थमा भौतिक क्षति हुनासाथ मानिस चेतनशून्य (कोमा) अवस्थामा पुग्छ। त्यसैगरी निष्क्रिय वा अपर्याप्त चिन्तन प्रक्रियाबाट मानिसले चाहेको भौतिक विकासमा नकारात्मक असर पर्दछ। जसले मस्तिष्कलाई बढी सक्रिय र चिन्तन प्रक्रियालाई उन्नत बनाउँछ उसैले विभिन्न किसिमको आविष्कार, वस्तुहरूमा सुन्दरता (डेकोरेशन), विकास र सोको उपयोग गर्न सक्छ। तर मस्तिष्कमा सकारात्मक र नकारात्मक असर पर्नुमा विभिन्न बाहिरी तथा शारीरिक तत्वहरूको अहम् भूमिका रहन्छ। त्यसैले विकास तब मात्र सम्भव हुन्छ जतिवेला बाहिरी भौतिक पदार्थको सुव्यवस्थीकरणमा मानव मस्तिष्कको पदार्थले स्वाभाविक प्रक्रिया सञ्चालन गर्दछ। बाहिरी भौतिक विकासलाई स्वीकार गर्दछ र स्वामित्व ग्रहण गर्दछ। त्यसैले विकासलाई पदार्थ र चेतनाको एकीकृत सहकार्यको परिणाम मान्न सकिन्छ।

पदार्थमा प्राकृतिक रूपमा हुने नियमित प्रक्रियालाई कतिपयले विकासको अर्थमा बुझ्ने गर्दछन्। जस्तो; पानीबाट वरफ वा वाफ बन्ने प्रक्रिया; कार्वनबाट हीरा बन्ने प्रक्रिया; गुलाफको बोटबाट फूल फुल्ने प्रक्रिया; मानिसको शुक्रकीट तथा डिम्बको सम्मिश्रणबाट बनेको एक कोषीय भ्रूणबाट बच्चा बन्ने प्रक्रिया र मकैको गेडाबाट बोट बन्ने प्रक्रियालाई पनि विकास भन्ने गरिन्छ। तर त्यो विकास होइन। त्यो त वस्तुमा रहेको सार अनुसार रूपमा आएको परिवर्तन मात्रै हो। परिमाणबाट गुणमा भएको परिवर्तन मात्रै हो। पदार्थभित्रका नकारको नकार मात्रै हो। प्रकृतिको नियम तथा पदार्थभित्रको कणहरूको गति र शक्तिको परिणामलाई बुझ्न नसक्दाको परिणाम मात्रै हो। त्यसैले पदार्थको स्वाभाविक प्रक्रियाद्वारा निर्मित परिवर्तन विकास होइन। केवल परिवर्तन मात्रै हो। पुरानैको निरन्तरता हो। त्यसमा पदार्थको स्व-प्रक्रिया मात्रै भएको हुन्छ, चेतनासँग सहकार्य भएको हुँदैन।

भौतिक पदार्थ र मानिसको बौद्धिक/सौन्दर्य चेतनाको एकीकृत सहकार्य र अन्योन्याश्रित सम्बन्धको परिमाण मात्रै विकास हो। विकासमा पदार्थको पहिलो भूमिका र चेतना/बौद्धिकताको दोस्रो भूमिका रहेको हुन्छ। पदार्थले मस्तिष्क (जो आफैंमा अति सुसंगठित चेतना निर्माण गर्ने पदार्थ हो) मा पार्ने प्रभावले थप चिन्तन तथा चेतनाको निर्माण र चेतनाले पदार्थको रूप, रंग, आकार, प्रकार र सुन्दरतामा खेल्ने भूमिकाको परिमाण नै विकास हो। प्रसिद्ध रसियन भौतिकवादी दार्शनिक प्लेखानोभले भनेका छन्, "संसारमा वस्तु पहिलो र सुन्दरता दोस्रो हो।" उदाहरणको रूपमा हालका अत्याधुनिक जेट प्लेनहरू

राइट दाजुभाइले आविष्कार गरेको हवाइजहाज (वस्तु) मा थपिएको सुन्दरता मात्रै हो। हालको फलामे हलो वा ट्याक्टर आदिम ढुंगे वा काठे हलोको सुन्दर रूप मात्रै हो। ती वस्तुले चेतनामा पारेको प्रभाव र चेतनाले वस्तुमा ल्याएको सुधारको परिणाम हो।

विकास भौतिक पदार्थ/वस्तु र त्यसले निर्माण गरेको मानवीय चेतनाको परिणाम भएकाले यी दुईको बीचमा तादाम्यता हुन जरूरी हुन्छ। त्यसो भएमा मात्र विकास वास्तविक विकास हुन सक्छ। दिगो, टिकाउ, सुन्दर र गुणस्तरीय हुन सक्छ। होइन भने विकास नेपालका सडकहरूको जस्तो हालतमा हुन्छ। कमिसनको लोभमा थोरै बजेटमा सडक निर्माण गर्न लगाउने भ्रष्ट राजनीतिज्ञ र घुसखोर कर्मचारीतन्त्र; दुई दिन पनि नटिक्ने गरी कालोपत्रे गर्ने ठेकेदार (विकास निर्माणकर्ता) र कालोपत्रे गरेको भोलिपल्टै उप्किंदा पनि चुपचाप बस्ने उपभोक्ता (जनता) का कारण नेपालमा विकास भनेको वीरबलको खिचडी जस्तै हुने गरेको छ। कालोपत्रे गरिनसक्दै उप्किने सडक; कालोपत्रे गरेको भोलिपल्टै भत्काउन उद्यत खानेपानी, ढल विभाग, विद्युत् प्राधिकरण र नेपाल टेलिकम; उद्घाटन गर्न नपाई भत्कने पुल र भवनहरू; गाउँमा पानी नपुग्दै काटिने पानीका पाइपहरू र खेतमा पानी नपुग्दै फुट्ने/फुटाइने कुला तथा नहरहरू; गुणस्तरहीन खाद्य तथा औषधिको उत्पादन र गुणस्तरहीन सेवा नै नेपाली विशेषताका विकास हुन्। र, यिनै विकास नाउँका विडम्बना पनि हुन्।

नेपालमा दिगो र गुणस्तरीय विकास कसैलाई चाहिएको छैन। राजनीतिक नेतृत्वलाई विकास चाहिएको छैन; किनभने ऊ बुझ्दछ कि विकासले चेतनामा प्रभाव पार्छ र चेतनाले भ्रष्ट नेतृत्वलाई अस्वीकार गर्छ। कर्मचारीलाई पनि विकास चाहिएको छैन; किनभने ऊ बुझ्दछ कि दिगो विकासले आगामी घुसको परिमाणमा घाटा पार्छ। ठेकेदारलाई विकास चाहिएको छैन; किनभने ऊ बुझ्दछ कि विकासले आगामी ठेक्काको परिमाण घटाउँछ। जनता र उपभोक्तालाई विकास चाहिएको छैन; किनभने ऊ बुझ्दछ कि विकास भनेको राज्यको सम्पत्ति र दायित्वको विषय हो। उसको होइन। ऊ सोच्छ, आफू हिलोमा हिंड्नु परेर के भो त आफ्नो सडक भत्केको होइन क्यारे, राज्यको सडक भत्केको हो; आफ्नो घरमा पानी नआएर के भो त आफ्नो पाइप काटिएको होइन, राज्यकै काटिएको हो। राजनीतिक नेतृत्वदेखि प्रत्येक

नागरिकहरूमा जबसम्म विकास भनेको राज्यको मात्रै दायित्वको विषय हो र राज्य भनेको माकुराका बच्चाहरूले जस्तै चुसेर क्षत-विक्षत गर्ने वस्तु हो भन्ने चिन्तन रहन्छ तबसम्म नेपालमा दिगो, टिकाउ, सुन्दर र गुणस्तरीय विकासको परिकल्पना गर्न सकिँदैन ।

राज्यकै मन्त्रालय र विभागका तौरतरिका हेरौं: एउटा विभागले विकास निर्माण गरिभ्याएको छैन, अर्को विभाग भोलिपल्टै गैंती-बेल्चा लिएर भत्काउनलाई तम्तयार भइसकेको हुन्छ । नेता र कर्मचारीहरूको तौरतरिका हेरौं: यो वर्ष जुन आयोजनालाई ठेक्का दिन भ्याइएकै छैन, अर्को वर्षका लागि सोही आयोजनालाई बजेट छुट्याउने र ठेक्का दिने तयारी शुरू भइसकेको हुन्छ । ठेकेदार निर्माणकर्तालाई हेरौं: बनिनसक्दै भत्किने संरचना निर्माण गर्न सधैं उद्यत देखिन्छ । नागरिकहरूको रंगढंग हेरौं: पाइपबाट घरमा पानी नपुग्दै काट्न तयार भइसकेको हुन्छ ।

यही हो आजको नेपाली विकासको मोडेल । यहाँ वर्षौंदेखि यस्तै भइरहेको छ । यो देखेभोगेकै कुरा भयो । नदेखेको हेर्ने कि ? यो त रूप भयो, सारतिर घोत्लिने कि ? यो परिणाम भयो, कारणहरू खोज्ने कि ? यो त वास्तविकता हो, सम्भाव्यता केलाउने कि ? यो त समग्र भयो, अंशमा प्रवेश गर्ने कि ? यसलाई सारमा बुझ्दा, कारणहरू खोज्दा, सम्भाव्यता केलाउँदा र अंशमा प्रवेश गर्दा एउटै निष्कर्षमा पुगिन्छ, त्यो भनेको विकासमा पदार्थ र चेतनाको एकीकृत सहकार्य र तादाम्यताको अभाव हुनु नै हो ।

त्यसैले जबसम्म नेपालका प्रत्येक व्यक्ति व्यक्तिमा विकास मेरो देशको लागि हो; मेरा छिमेकी र आफन्तहरूको लागि हो र मेरो आफ्नै लागि पनि हो भन्ने चेतनाको विकास हुँदैन, तबसम्म नेपालमा अहिले भइरहेको जस्तो ढँटुवा विकास मात्र भइरहन्छ । त्यसैले यो खाले चेतनाको विकास कसरी गराउने र कसले गराउने भन्ने विषयको विकास नै तत्काल गर्नुपर्ने पहिलो विकास हो ।

■■■

**(अधिवक्ता, लेखक तथा सामाजिक विज्ञान अनुसन्धानकर्ता हुन् ।)**

# पूर्वाधारमै जोड दिऊँ

■ शोभाकान्त झा ■

**हामीलाई चाहिएको या हामीले खोजेको विकास के हो ? कस्तो हो ?**

अरूको उधारो परिभाषाद्वारा 'विकास' शब्दलाई नेपालको परिप्रेक्ष्यमा अर्थ्याउनुभन्दा सोझो र सरल ढंगले भन्ने हो भने गाँस-बास-कपास, रोग-भोक, शोक, निवारण, शिक्षा-स्वास्थ्य र सुरक्षा जस्ता न्यूनतम आधारभूत खाँचोको परिपूर्ति र प्रत्याभूति गर्नु/गराउनु नै विकास हो । विकसित तथा विकासशील देशसँग तुलना गरेर पिछडिएको मुलुक नेपालले 'हवाहवाइ युटोपियन वर्ल्ड'को सपनामा बाँच्नु भन्दा यथार्थको धरातलमा उभिएर आफ्ना भएभरका स्रोत-साधन परिचालन गरी/गराई आवश्यक आवश्यकताको परिपूर्ति गर्नु नै साँचो विकास हो । विकासका दुईओटा साधन स्रोत हुन्छन् : एउटा प्राकृतिक, अर्को मानवीय । प्राकृतिक स्रोत र साधनको सन्दर्भमा जल र वनसम्पदाको अपार धनी देशमा पिउने पानीको हाहाकार, कृषि योग्य भूमिमा सिंचाइको अभाव छ । "हरियो वन नेपालको धन" उक्तिमा मात्र सीमित छ । विगत ४० वर्षमा हामीले हाम्रा वनजंगललाई सखाप पारिसकेका छौं । विकासका लागि साधन र स्रोत भए तापनि हामी गरीबीको रेखामुनि बाँच्न बाध्य छौं किनभने विकासका लागि चाहिने पूर्वाधारहरू हामीसँग पर्याप्त मात्रामा छैनन् । हामी अर्काको सहयोग र ऋणमा बाँचिराखेका छौं ।

**विकासका पूर्वाधार हुन्– शिक्षा, स्वास्थ्य, यातायात, संचार, बजार, ऊर्जा, पूँजी शिक्षा**ः विकासको मूल शिक्षा हो । १९४७ ई.मा भारत, १९४९ ई. मा चीन र १९५० ई. मा नेपालमा राजनीतिक परिवर्तन हुँदा भारत र चीनभन्दा हामी आर्थिक रूपमा सम्पन्न थियौं। हाम्रो जनसंख्या सीमित थियो । तराई अन्नको भण्डार थियो, वन सम्पदा थियो, अपार जलभण्डार थियो तर आज साठी वर्षमा चीनले मानवीय स्रोतको परिचालन गरी अर्थतन्त्रमा विश्वको दोस्रो स्थान ओगटेको छ । भारत विकासशील देशको श्रेणीमा छ र हामी गरीबतम मुलुकको श्रेणीमा छौं । यसका लागि कारकतत्व धेरै छन् । राजनीतिक अस्थिरता मुख्य कारक तत्व भए तापनि २०११, २०१८, २०२८, २०४९, २०५५ मा गठित शिक्षा आयोगका सुझाव र सिफारिसहरू सही कार्यान्वयन नहुनु, व्यावसायिक र प्राविधिक शिक्षामा जोड नदिनु, गुणात्मक शिक्षाको सट्टा संख्यात्मक र अनुत्पादक शिक्षामा जोड दिनु रहेको थियो । शिक्षाको राष्ट्रिय उद्देश्य र लक्ष्य (हाम्रा शिक्षाविद्हरू उद्देश्य र लक्ष्यमा फरक छुट्याउँदैनन्) । उद्देश्य भनेको (Aims & objectives) बालकको सर्वाङ्गीण विकाससँग सम्बन्धित व्यक्तिगत एवम् सामूहिक उद्देश्यसँग सम्बन्धित हुन्छ जबकि राष्ट्रिय योजना आयोगद्वारा 'राष्ट्रका लागि चाहिने जनशक्तिको उत्पादन गर्नु' शिक्षाको राष्ट्रिय लक्ष्य (Goal) हुनुपर्दछ । त्यस्ता राष्ट्रिय लक्ष्य हासिल गर्नका लागि स्पष्ट पारदर्शी शिक्षानीति हुनुपर्दछ, तदनुरुप पाठ्यक्रम, पाठ्यपुस्तक, विद्यालय, शिक्षक निरीक्षकको व्यवस्था हुनु पर्दछ । साथै कडाइसाथ अनुगमन र अनुसन्धान हुनुपर्दछ । पुनः प्रजातन्त्र स्थापनापछि हाम्रो शिक्षा प्रणाली अति छाडावादमा परिणत भएको छ । वर्तमान शिक्षा नीति र कार्यक्रम यथाशीघ्र परिवर्तन गरिएन भने सामुदायिक विद्यालय राजनीतिक अखडामा परिणत भई निजी स्रोतका विद्यालय व्यापारीकरणका चरमोत्कर्षमा पुगी एउटै देशमा दुई किसिमका नागरिक उत्पादन भई वर्ग संघर्षलाई प्रोत्साहित गर्नेछन् । प्रष्ट भन्ने हो भने २०२८ को रा.शि.प. को योजनाबाट एक वाक्य "पंचायती व्यवस्था अनुकूल नागरिक उत्पादन गर्ने" को सट्टा असल नागरिक उत्पादन गर्ने उद्देश्य कायम गरे त्यसलाई नै आजसम्मको सर्वोत्कृष्ट शिक्षा प्रणाली मान्न सकिन्छ ।

**स्वास्थ्य**ः विद्यापछिको सर्वोत्तम धन स्वास्थ्य नै हो । शारीरिक रूपले स्वस्थ र बलिया हुनु नै मानवीय स्रोत-साधन हो । अपाङ्ग, बूढा, रोगी राष्ट्रका अनुत्पादक बोझ हुन् । हुन त २०६८ को जनगणनाले जन्मदर र मृत्युदरमा

ह्रास देखाएको छ। तापनि पौष्टिक आहारको अभावमा कुपोषण, सरसफाइको अभाव, लामखुट्टेको टोकाइ र सफा खानेपानीको अभावले विभिन्न किसिमका रोग लाग्ने गरेका छन्। प्रति बीस/पञ्चीस हजारमा एउटा डाक्टर उपलब्ध छ। अर्थात् स्वास्थ्यको अवस्था चिन्ताजनक नै छ। नयाँ युगका नयाँ-नयाँ रोग पनि नेपालमा बढिरहेछन्।

**यातायातः** विकासका पूर्वाधारमध्ये यातायात महत्त्वपूर्ण हो। प्राकृतिक बनोटका आधारमा तराईको समतल भू-भाग बाहेक पहाड र हिमालका क्षेत्र विकट क्षेत्र हुन्, जहाँ सडक यातायात पुऱ्याउन प्राविधिक र पूँजीको अभावमा बहुतै मुश्किल छ। हवाइ यातायात महँगो छ। रोपवे पनि सम्भव छैन। त्यसैले हुम्ला, जुम्ला, मुगु मुस्ताङका स्याउ काठमाडौं तथा तराईसम्म पुऱ्याउनु काश्मिरको स्याउ भन्दा महँगो सावित भइराखेको छ। त्यस्तै तराईको खाद्यान्न हिमाल पहाडसम्म पुऱ्याउनु ज्यादै महँगो पर्दछ। आफ्नै देशका उत्पादित वस्तु एक-अर्को ठाउँमा पुऱ्याउन ज्यादै कठिन सावित भइरहेछ।

**संचारः** यो संचारको युग हो। टेलिफोन, मोबाइल, फ्याक्स, ईमेल, वेबसाइट, फेसबुक आदिले संसारलाई साँघुरो बनाइदिएका छन्। नेपालमा संचार क्षेत्रमा तुलनात्मक हिसाबले सन्तोषजनक विकास भएको छ।

**ऊर्जाः** पानी, कोइला, ग्यास, पेट्रोल, डिजल, सौर्य, वायु आदि। जलभण्डार सम्पदा सन्दर्भमा ब्राजिल पछि हामी विश्वमा दोस्रो स्थानमा छौं तर अफसोस हामी शुद्ध पानी खान पाइरहेका छैनौं। हामीसँग कोशी, गण्डकी, कर्णाली जस्ता हिमनदीमा पानी प्रशस्त छ तर त्यो सबै खेर गइरहेछ। बीस वर्ष बितिसक्दा मेलम्चीको पानी उपत्यकावासीले पाउन सकेका छैनन्। भारत र चीनसँग मैत्रीपूर्ण ढंगमा साझा सम्झौता गरेर विद्युत् उत्पादनद्वारा नेपाललाई स्वीट्जरल्याण्ड बनाउने सपना विपनामा परिणत गर्ने दृढ इच्छाशक्ति तथा संकल्पको सर्वथा अभाव पाइन्छ।

**बजारः** उत्पादित वस्तुको निर्यातसँग बजारको सम्बन्ध हुन्छ। जडीबुटी हामीसँग प्रशस्त छन् तर ती सबैलाई प्रशोधित गरेर विश्व बजारमा पठाउन असमर्थ र असक्षम छौं। हामी भारतीय बजारमा निर्भर छौं। हामी भू-परिवेष्ठित देश अन्तर्गत पर्दछौं। असंलग्न परराष्ट्र नीति, सह-अस्तित्वमा

विश्वास गर्ने देशले एकअर्कासँग शान्तिपूर्ण समझदारीमा व्यापार सम्झौता गर्नुपर्दछ ।

**पूँजी**: आजको पूँजीवादी युगमा अर्थको अभावमा केही सम्भव छैन । हालसम्म हामी दातृराष्ट्रको ऋण सहयोगमा बाँचिरहेका छौं । यस्तो अवस्थामा हाम्रो परनिर्भरता झन् झन् वृद्धि नै भइरहेको छ । हामीलाई खुशी हुनुपर्ने अवस्था प्रवासी नेपालीहरूले पर्याप्त धनार्जन गरिरहेछन् । नेपाली कानूनमा आवश्यक परिमार्जन गरेर विदेशमा रहेका हाम्रा नेपाली पूँजीलाई नेपालमा आयात गर्न सक्दछौं तथा त्यस पूँजीको सदुपयोग विद्युत् उत्पादन, सडक, यातायात, उद्योग, व्यापारमा गरेर चाँडै विकासको बाटोमा अग्रसर हुन सक्दछौं ।

## के भयो भने नेपाल र नेपालीको विकास भएको मान्ने

- शिक्षामा आमूल परिवर्तन अर्थात् अनुत्पादक शिक्षा भन्दा गुणात्मक, उत्पादनशील शिक्षाको विकास अर्थात् व्यावसायिक र प्राविधिक शिक्षामा जोड । राजधानीमा केन्द्रित शिक्षा प्रणालीलाई प्रत्येक जिल्लासँग जोड्ने । जिल्लाको आवश्यकता, स्रोतसाधन अनुरुप व्यावसायिक र प्राविधिक शिक्षा-शिक्षणको स्थापना हुनुपर्दछ । शिक्षारुपी लगानीलाई प्रक्रियाद्वारा प्रशोधित गरी सीपयुक्त नागरिक उत्पादन गर्नुपर्दछ ।
- स्वस्थ जीवनयापनका लागि सरसफाइदेखि भ्याक्सिन, खोप, टीकाकरण, स्वास्थ्य शिक्षामा जोड । सुविधासम्पन्न क्षेत्रभन्दा दुर्गम क्षेत्रमा डाक्टर र औषधीको उपलब्धतामा जोड दिनुपर्दछ ।
- यातायातका साधन पुग्न नसकेका क्षेत्रलाई यथाशीघ्र जोड्ने प्रयास गर्नु, विशेष रूपमा परिचालन गर्नुपर्दछ ।
- ऊर्जाशक्ति र विकास एकअर्काको पर्याय हो । वर्तमान बाह्र घण्टे लोडसेडिङबाट पूरा नेपालका औद्योगिक व्यापार व्यवसाय ठप्प भइरहेका छन् । राजनीतिक असमझदारी तथा आफ्नो गोरुको बाह्रै टक्का नीतिले नेपालमा लगानी गर्ने व्यापारी वर्ग त्रस्त छन् । कमिसनतन्त्र र कमजोर ऐननियम, फितलो प्रशासन, सुस्त निर्णयले गर्दा लगानीकर्ता नेपालमा आफ्नो पूँजी लगाउन डराइरहेका छन् । जबसम्म हाम्रो जलभण्डारको सही सदुप्रयोग हुँदैन तबसम्म विकास भएको मान्न सकिन्न ।

- उत्पादित बस्तुका लागि बजार व्यवस्थापन हुनु पऱ्यो। भारत र चीनसँग आपसी विश्वासका आधारमा नयाँ नीतिको अनुसरण गर्नुपर्दछ ।
- प्रवासी नेपालीको धन भित्र्याउने तथा कम व्याजदरमा विश्व बजारबाट ऋण पाउन सक्ने क्षमताको विकास गर्नुपर्दछ ।
- उल्लिखित पूर्वाधार क्षेत्रमा समुचित परिवर्तन, परिमार्जन र प्रवर्द्धन गरी सही समुचित बाटो अवलम्वन गरेमा नेपाल र नेपालीको विकास भएको मान्न सकिन्छ ।

## समता, वातावरण र जलवायु परिवर्तनका विषयलाई आर्थिक वृद्धिसँग कसरी जोड्ने ?

२०२४ सालमा म बी.एड. अध्ययन गर्न काठमाडौं आएको थिएँ । २०२४ को मीनपचास र २०६८ को मीनपचासमा निकै भिन्नता अनुभव गर्दछु । अव्यवस्थित शहरीकरण, जनसंख्या वृद्धि, यातायातको प्रदूषण, उद्योगधन्दाको प्रदूषण, रूखबिरुवाको निर्मम कटाइले वातावरण र जलवायु परिवर्तन भइसकेका छन् । हुन त विश्वव्यापी वार्मिङ्गका विषयमा ठूलाठूला सभा-सेमिनार गरी विकसित देशद्वारा कार्बन उत्सर्जन बारे निकै चर्चा भइसकेका छन् । हाम्रो प्रकृतिप्रदत्त ऊर्जा दाउरा बाल्न माथि अनावश्यक विवाद उठाइएका छन् । वातावरण र वायु जल प्रदूषणका लागि अरूलाई दोष दिनुभन्दा हामी स्वयं अपराधी हो। हामीले चारकोसे झाडी विनास गरिसकेका छौं। नेपालका गिटी, बालुवा र ढुङ्गाले भारतका बिहार, यू.पी.का सडक, भवन बनिराखेका छन्, हाम्रो समस्त तराई क्षेत्र केही वर्षमा अतिवृष्टि, अनावृष्टिले गर्दा मरुभूमिमा परिणत हुने छ। हामी केही रकम खातिर आफ्ना अमूल्य प्राकृतिक स्रोतसाधनलाई बेचिराखेका छौं जसलाई कुनै पनि हालतमा आर्थिक वृद्धि मान्न सकिन्न। समता भनेको-कानूनको नजरमा सबै समान हुनु, सबै समान हुनुको अर्थ विधिको शासन हुनु हो। हाल विधिको शासनको प्रत्याभूति भइरहेको छैन। विकास स्थिर राजनीतिक अवस्थामा मात्र सम्भव हुन्छ ।

## नीतिनिर्माणको प्रकृतिमा नागरिकको सहभागिता कसरी सुनिश्चित गर्ने ?

जनताद्वारा संविधान निर्माण त्रिसट्ठी वर्षदेखि पचास पटक सरकार परिवर्तन गर्दा पनि संभव भएन । जनताद्वारा निर्वाचित संविधानसभा पनि

विघटन भइसकेको छ । नीतिनिर्माण प्रक्रियामा नागरिकको सहभागिता असफल भइसकेको छ । तसर्थ एक मात्र उपाय जनतामा नागरिकको अधिकार/कर्तव्यका साथै नीतिनिर्माण सम्बन्धमा सुशिक्षित गर्न विद्वतवर्ग, नागरिक समाज, पत्रकार, पत्रपत्रिका, रेडियो, एफ.एम, टेलिभिजनद्वारा राष्ट्र, राष्ट्रियता अखण्डता, स्वाभिमान रक्षार्थ अगाडि आउनु हो । विशेष भूमिका युवा वर्ग, शिक्षक, कानूनविद् र विद्यार्थीले खेल्नु नै असल नागरिकको धर्म-कर्म हो । सभा, गोष्ठी, अन्तरक्रिया आदिबाट निस्केका उपयोगी विचारलाई देश विकासका लागि उपयोगी बनाउन प्रिन्ट तथा इलेक्ट्रिक मिडियाले ठूलो भूमिका खेल्न सक्दछन्। सम्बन्धित निकायसम्म यी उपयोगी विचार, सुझाव र सिफारिसलाई हामीले पुऱ्याउन सक्नुपर्दछ। साथै बेलाबेलामा घचघच्याउनुपर्दछ।

■■■

**गोडैता-२ सर्लाही**

# पहिला शिक्षा र संस्कार

■ अर्जुनप्रसाद पोखरेल ■

विकास भनेको उच्च संस्कार प्राप्तिका लागि स्वाभाविक रूपमा भइरहने परिवर्तनकारी कार्य हो । शिक्षाले उच्च संस्कारको खोजी गर्न र सभ्य समाजको मार्ग रोज्न सघाउँछ । विकास भनेको जीवन र जगतको निर्माणका तत्व र विचारको सफल समायोजन र व्यवस्थापन कार्य पनि हो । जसमा मान्छेको सक्रिय, गतिशील र विवेकपूर्ण सोच र कर्मको खाँचो रहन्छ । घाम, पानी, माटो, हावा र आकाशको दीर्घ र स्वच्छ अस्तित्व रहने गरी पृथ्वीको आयुको मापोमा हाम्रो कल्याणकारी योजना निर्माण गर्ने गरी शिक्षित, प्रशिक्षित हुने कार्यभित्र साँचो विकास लुकेको हुन्छ । सबै चिजको विज्ञान हुन्छ । विकासको विज्ञान शिक्षा हो । शिक्षाको विज्ञान समाजको समुन्नति हो ।

सम, दिगो र सच्चा विकासको लागि हामीसँग रहेको मानवीय क्षमता, प्राकृतिक स्रोतको विविधता, वितरण प्रणालीको पहुँचमा विभेदको अवस्थालाई बुझी 'मेरो कमाइमा सामाजिक लगानीको ठूलो हिस्सा रहेको छ' भन्ने संस्कारको विकास गर्ने शिक्षाले हामीले खोजेको विकासको मार्ग निर्देशन गर्दछ । 'हाम्रो जीवन, राम्रो वातावरण, हाम्रो भविष्य, राम्रो संस्कार' भन्ने वातावरणीय चेतना र जीवोचित विवेक भएको शिक्षाको विकास हामीले खोजेको हो ।

उच्च संस्कार दिने शिक्षा वैज्ञानिक, सामाजिक, आर्थिक, वातावरणीय, प्राविधिक, व्यावसायिक र आधुनिक मात्र नभएर नेपाली समेत हुनु पर्‍यो ।

के भएमा नेपालीको विकास हुन्छ ? विकासको सक्रिय साधन मानव, जसलाई सञ्चालन गर्ने विचारहरू संस्कारगत हुन्छन् । 'मरेर स्वर्ग देख्ने' मान्यताले किचिएका नेपालीहरूलाई गरेर स्वर्ग बनाउने विश्वास शिक्षाको माध्यमले जगायो र राज्यले क्षमता पहिचान पछि गरिखाने क्षेत्र तोकिदियो भने कसो विकास नहोला !

भावी शैक्षिक संरचना १-६ लाई साधारण तह, ७ र ८ कक्षालाई बालबालिकाको क्षमता र रुचि पहिचान तहमा विकास गरी, दक्ष शिक्षकहरूले दुई वर्षको अनुसन्धानबाट पहिचान गरिएको रुचि र क्षमताको आधारमा ९-१२ को शिक्षालाई ज्ञान, विज्ञान, प्रविधि र व्यावसायिक शिक्षाको जोहो गरी बढीमा दुई वर्षको कार्यक्षेत्रस्तर अनुभवपछि उच्चशिक्षाको मार्ग निर्देशन गरिदिने शिक्षाप्रणालीमा लागियो भने दक्ष कृषकका छोराहरू अदक्ष कृषिकार्य गर्न विदेशिने परिपाटीलाई रोक्न सकिन्छ । दक्ष नागरिक जाऊन्, कमाऊन्, ल्याऊन् त्यसमा आपत्ति हैन, छैन ।

अहिले बिजुली बेच्ने कुरा नगरौं । हामीलाई चाहिने बिजुली बाल्न चाइनासँग र सिंचाइको लागि चाहिने नहर बनाउन भारतसँग समानता सिद्धान्तको आधारमा लप्पनछप्पन नगरी ऋण मागौं र बिजुली र सिंचाइका व्यावहारिक, पारदर्शिक र जनउत्तरदायित्वबोध हुने योजना र परियोजनाहरू सञ्चालन गर्न सरकारलाई जनस्तरबाट सहयोग गरौं, दबाब दिऊँ । राज्य स्थायी हो, सरकार स्थायी हुँदैन । सङ्क्रमणकाल सधैं रहँदैन । राजनीतिको अराजनीतिक अवस्था पनि सधैं रहँदैन, यसैको चिन्तामा बढी नपरौं । जसको जे काम हो त्यसैतिर लागौं । त्यसपछि, अर्काको पछि लागेर रेलमार्ग तथा सडक यातायात मात्रका उड्वा कुरा नगरौं । रोपवे, रज्जुमार्ग, सुरुङमार्ग, हवाईमार्गका कुरा गर्नुपर्‍यो । यातायातको साधनअनुसार भूगोल नबिगारौं । हाम्रो भूगोलअनुसार यातायातको साधन र मार्गहरू रोजौं । जस्तै; डोल्पामा सडकमार्गको विकास गर्नु विकास होइन, सुन्दर भूगोलको विनास मात्र हुनेछ । डोल्पाको केन्द्रलाई रोपवेले राज्यको केन्द्रसँग जोडेर त्यहाँको मनोरम, उर्वर र अपार प्राकृतिक भूगोल र जैविक विविधताले भरिपूर्ण भूभागलाई घोडेटो; चाक्लो ढुंगा छापेका बाटोको सञ्जालले प्रत्येक गाउँ, बस्ती जोड्ने हो भने संसारकै अद्वितीय पर्या–पर्यटन स्थलको रूपमा विकास गर्न सकिन्छ ।

तर, राज्यको माथिल्लो तहदेखि सचेत भनिएका नागरिकसम्मका सबैको दिमागमा मोटर गुडाउने भूत सवार छ। अनि कसरी हुन्छ हाम्रो विकास ? हाम्रो भूगोल, पर्यावरण, समाज संस्कृति, प्रविधि, ज्ञान र विज्ञानलाई पृथ्वीकै कल्याणको लागि प्रयोग गर्ने सोच र विज्ञानको खोजी गर्न सके नेपाल र नेपालीको विकास पक्का हुनेछ ।

साँचो विकास भनेको हाम्रो श्रम, पूँजी र विश्वास पलायन हुने कार्यलाई रोक्न सक्नु हो। यसका लागि ठूला कुरा गर्न छोडेर कृषिलाई व्यवसायीकरण र नेपालीकरण गर्नुपर्छ। मान्छेलाई आफैंले निष्कासन गरेको फोहोर आफूलाई चाहिने खाना उत्पादन गर्न पर्याप्त हुन्छ भन्ने वास्तविकताको बोधसँगै कृषि गुरुयोजनाको खाका लागू गर्ने वातावरण सिर्जना गर्ने हो भने नेपाल र नेपालीको विकास टाढा छैन। राज्यले समसामयिक विधि निर्माण र विधिको शासन चलाएमा कृषकहरू मात्रै पनि नेपाललाई समुन्नत तुल्याउन सक्षम छन्।

आर्थिक वृद्धिसँग समविकास जोड्न व्यक्तिले प्राप्त गरेको आर्थिक सफलताको प्रतिशतमा समविकासको भाग राज्यले छुट्याउनुपर्छ। समविकासको नाममा पायक पर्ने स्रोत र साधनको व्यवस्थित प्रयोग गर्नुपर्छ। आर्थिक वृद्धि मात्र विकास होइन त्यसैले सम, वातावरण र जलवायु अनुकूलका आर्थिक विकास योजना निर्माण र कार्यान्वयन गर्नु आजको आवश्यकता हो। लिंग अनुसारका काम छनोटमा खटपट र लैंगिक छनोटमा कुरा नकाटौं। मैले पिएको पानी पनि आमाकी आमाको हो भनियो भने समविकासको सुरुआत हुन्छ। हालको संक्रमणकालीन अवस्थामा नागरिक समाजले परिपक्वता प्राप्त गर्न, राजनीतिकर्मीको योग्यता, युवाहरूको धारणा, जेष्ठ नागरिकहरूको अनुभव संकलन गर्ने जस्ता नीतिनिर्माणका मौलिक परियोजनाहरू सञ्चालन गर्नुपर्दछ।

नागरिकहरूको सहभागिताको लागि कार्यस्थलमा विकास भएका व्यावहारिक विचारहरूको संगठनले निर्माण गरेको अवधारणामा विज्ञहरूको ज्ञान, स्थानीय विधि, श्रम र साधनमा विज्ञान र प्रविधि जोडिदिनुपर्छ। उपयोगी विचारहरूको खोजी गर्ने सरोकारवालाहरूले राज्यको विभिन्न तहमा कार्यान्वयनको लागि सञ्चारमाध्यम, नागरिक समाज र विभिन्न संघसंस्थाहरूसँग सहयोग, सहप्रयोग र सहकार्यको लागि कम्तीमा प्रत्येक जिल्लासम्ममा विचार दिने र समर्थन गर्ने नागरिक समाजको विकासमा ख्याल राख्नुपर्छ।

अन्त्यमा नेतालाई भोटले, कर्मचारीलाई कमिसन कानूनले र उपेक्षितहरूलाई अधिकार सँगै कर्तव्य आयोग गठन गरेर व्यक्ति, समाज, जीवन, जगत, प्रकृति र संस्कृतिको सम, दीर्घ र मौलिक उन्नति गर्ने नागरिक तयार गर्ने सामाजिक शिक्षा व्यवहारमा शुरू गर्नुपर्छ । सुन्दर र स्वच्छ नेपाली आकाशमुनि हरिलो भरिलो भूमिमा पारिवारिक कर्तव्य पूरा गर्ने सामाजिक सद्भाव, आर्थिक उन्नति र वातावरणीय न्याय हाम्रा विकास योजनाका आधारसूचक हुनुपर्छ । यसको लागि सोध, खोज, मन र बुद्धि भएका सोझो नेपाली संस्कार बोकेका नेपालीहरू प्रशिक्षण गर्ने शिक्षाको आवश्यकता पर्दछ । चरित्र निर्माण गर्ने शिक्षासँग जीवन चलाउने सीप, दक्षता र सामर्थ्यको विज्ञान खोज्ने, कृषिमा नेपाली प्रविधिलाई जोड्ने, जल र वनलाई विश्वका मनहरू मिलाएर अर्थलाई वातावरणको ज्ञान र जीवको विवेकसँग जोड्ने संस्कार विकास गर्ने, शिक्षाभित्र लुकेको साँचो विकास व्यावहारिक, व्यावसायिक, नेपालीक, नैतिक तथा वातावरणीय शिक्षाको कुचीले मात्र खुल्न सक्छ ।

■■■

**सरस्वती उमावि, दुनै, डोल्पा**

# हामीसँग के छैन ? सर्वस्व छ ।

■ कलानिधि दाहाल ■

देश त केवल स्वार्थी शासकले आ-आफ्ना व्यक्तिगत, पारिवारिक र वर्गीय स्वार्थसिद्धिका लागि कोरेका सीमारेखाहरू हुन् । म त यसलाई विराट ब्रह्माण्डको एक सुन्दर भूसीमा (भू-सीमा) भन्न चाहन्छु । भूपरिवेष्ठित प्राकृतिक बनोटमा रहेको यो भूसीमा आफैं यति समृद्ध छ, सुन्दर छ, सौम्य र सुरक्षित पनि छ- जसलाई कसैले चाहेर हडप्न सक्दैन । प्राकृतिक अवस्थितिमै हामी अत्यन्त सुरक्षित भूसीमाका बासिन्दा बनेका छौं । यो आफैंमा गौरव गर्न लायकको सम्पत्ति हो । यसै गौरवान्वित सानो तर सुन्दर बगैंचाभित्र हामी भिन्न जात, भिन्न धर्म, भिन्न संस्कृति, भिन्न संस्कार, भिन्न रीतिरिवाज, भिन्न भाषाभाषी, भिन्न चालचलनका पुग्न लाग्दै गरेका तीन करोड नरनारी छौं, बासिन्दाहरू छौं ।

विकास, के को ? किन र कसका लागि ? यी प्रश्नको उत्तर आफैंभित्र खोज्न सक्यौं भने समाधानको साँचो सहज रूपमै खुल्न सक्छ । विकास भन्नु नै समय धारसँगको सहज परिवर्तन हो । परिवर्तन, जहिले पनि अप्ठेरोबाट सजिलोतिर, जटिलताबाट सहजतातिर, अवास्तविकताबाट वास्तविकतातिर जानुपर्छ । आफैंभित्र रहेको जनशक्ति र प्राकृतिक शक्ति पहिचानको परिचालनबाट मात्र यस्तो परिवर्तन सम्भव हुन्छ ।

चाहिने चीज सबैलाई थाहा छ– खाना, नाना, छाना, चेतना, स्वास्थ्योपचार अनि मनोचाहना र अवस्था अनुकूल रूपान्तरित विश्वको समयधारसँगै

आइरहेको निश्चित समयावधिको मनोरञ्जनका अतिरिक्त स्थानानुकूल यातायात व्यवस्थाको व्यवस्थापन। यिनै सामान्य कुराको सम्यक् व्यवस्थापनमा विकासको बीज अङ्कुरित भएको हुन्छ । यिनलाई पहिलो प्राथमिकतामा राखेर यिनको समुचित व्यवस्थापन भइसकेपछि मात्र खानाका लागि तारेसितारे होटल, रङ्गीचङ्गी रिसोर्ट, नानाका लागि तासका पत्ती र शरीर सजावटका चक्लेट, छानाका लागि गगनचुम्बी टावर, चेतनाका लागि प्लेटो, सुकरात जस्ता दार्शनिक अटाउने एकेडेमीहरू, स्वास्थ्योपचारका लागि वटन थिचेर सनवाथ वा हटवाटरवाथसहितका आरामदायी अस्पताल, यातायातका लागि चिल्लाचिल्ला बहुमूल्य साधनको परिकल्पना स्वतः जग दह्रो भइसकेपछिका मान्छेको मनोविज्ञानबाट जन्मन्छन्, त्यहीबाट परिपूर्ति पनि हुन्छन् ।

मानव चाहनाका उल्लिखित जग नहल्लने बनाउन हामीसँग हाम्रो भूसीमामा तीन वटा मजबुत आधार– जलस्रोत, वनस्रोत र करस्रोत विद्यमान छन् । अथाह जलस्रोतलाई पहिलो प्राथमिकतामा राखेर सानादेखि ठूलासम्म विद्युत् निर्माणकार्यलाई मनसावाचाकर्मणा एकपछि अर्को निश्चित समयसीमामा सम्पन्न गर्ने गरी जनशक्ति परिचालन गर्ने हो भने विदेशतिर सागरझैं उर्लिरहेको र चैतको खहरेझैं दुःखले सकिरहेको युवाजमात कहींकतै हिंड्नुपर्दैन।

जडीबुटी, यस भूसीमाको कहिल्यै नसिद्धिने सम्पत्ति हो । त्यो पनि विनाअसरको- शरीरका कुनै अङ्गमा पनि नकारात्मक असर नगरी सकारात्मक रूपले सधैं सञ्जीवनीको काम गर्ने जडीबुटी प्रशोधन केन्द्र स्थापना गरी त्यसलाई निश्चित विशेषज्ञको निर्देशनमा यसै भूसीमाका बेरोजगार शक्ति सन्तुलनमा पवित्र विचारवाहक समूहको पर्यवेक्षण टोली वा समूह परिचालन गर्ने हो भने यहीं छन् अर्थोपार्जनका विन्ध्याचल पर्वतहरूका कोखकोखमा अटुट उम्रिरहने सञ्जीवनीका स्रोतहरू । तेस्रो अत्यन्त कडाइका साथ शुद्ध मनोचाहनाबाट गर्न शुरू गर्नुपर्ने भूसीमाको व्यवस्थापन हो– कर व्यवस्था; जसलाई सामान्य भाषामा तिरो पनि भनिन्छ। यसका लागि चेतनाको सङ्लो जागृति आवश्यक छ। म यसै भूसीमाको हुँ, यो भूसीमा मेरो हो भन्ने निर्मल विचार अन्तरात्मादेखि नै जन्मन सक्दा हामी गरीब छैनौं। हाम्रो यो परिधि विश्वकै कतिपय अन्य परिधिका अनुपातमा अनुपम उपलब्धिले खचिखचाउ भरिएको छ ।

हामी बाहिरको नक्कल गरेर बाहिरीहरूकै इसारामा आफूले धान्नै नसक्ने र नबुझ्ने प्रविधिको पछाडि दगुर्छौं। तर त्यो हाम्रो भ्रम मात्रै हो- आधुनिक

र सम्पन्न हुने । यस भ्रमबाट मुक्त भएर मेचीका पाखामा श्रमका पाखुरी बजार्दै गहुँ, कोदो र मकैका खेतीसँगै त्यहाँको माटो अनुसार नै आधुनिक तरकारी लगाउने हो भने अलैंचीका बिरुवा पहराका काखमा फुलाउँदै कोशी, कर्णाली एवं गण्डकीका जलप्रवाहबाट मन, वचन अनि कर्मले समेत समर्पित भई विद्युत् तरङ्गका तार सर्वत्र जोड्ने हो भने यस सीमामा न उज्यालोको कमी छ, न खाद्यान्नको, न जडीबुटीको अभाव छ, न शान्तिको । दार्शनिक शिक्षा दिने छहराका छाती सगरमाथाका काखदेखि तराईका फाँटसम्म एकछत्र फैलिएका छन् । बारुदको आवश्यकता छैन जिउँदो स्वरूपको चेहरा फेर्न । यिनै प्राकृतिक स्रोत सही ढंगले आफैंबाट आफ्नै अठोटले दोहन गर्दै अगाडि बढ्ने हो भने नेपालीका ओठमा मधुमुस्कान उमार्न कोही कसैले भौंतारिनुपर्दैन ।

कस्तूरीले आफ्नै नाभीमा रहेको वासना पाउन सुदूरसम्म दौडेर मृत्युवरण गरेझैं यो भूपरिधिका सञ्चालकहरू आफ्नै मुटु बेचेर विदेशी कार चिप्लिरहेछन्, आफ्नै आँखाका नानी बन्धक राखेर गोरा चस्मा पहिरिँदै विलासी र गगनचुम्बी सिसमहलका सौदावाजीमा अग्लिरहेछन् । यही पुर्ख्यौली कुसंस्कार पुस्तापरपुस्तासम्म संस्कारका रूपमा फैलिएको छ । परिणामतः सम्पूर्ण युवापिंढीलाई श्रमै नगरी विलासी सौन्दर्यको आकाशमा उड्ने सोख दिन दुगुना रात चौगुना बढेको छ । हामी यहाँ आफ्नै घरको ओच्छ्यानमा रहेको सिन्को वा कसिङ्गर डस्टबिनमा फाल्न बेइज्जती ठान्छौं तर विदेशीका ट्वाइलेटमा हात हालेर दिसा खेलाउन तत्पर रहन्छौं- डलरको लोभमा । 'अपरिचित ठाउँ कसले देख्छ र यहाँ, थोरै श्रमले धेरैको मस्ती' जस्तो घिनलाग्दो सोच जबसम्म हामीबाट पखालिन्न तबसम्म हाम्रा पाखामा भूक्षय भइरहन्छ, हाम्रा घरआँगनमा अभावका आँखाहरू रोइरहन्छन्, भोकका पेटहरू भौंतारिरहन्छन् । बाला फुल्ने बारी र खेतमा सर्लक्क सिरु उम्रेपछि शरीरमा दुई दिनको विदेशी आर्जनको जतिसुकै सेन्ट छरौं उही कस्तूरीको मृत्युसिवाय हामीसँग अर्को आधार रहन्न ।

भूपरिवेष्ठित भूभागमा जन्मेका हामीहरू- पढेका छौं, ठीकै छ- त्यसैअनुसार नै मस्तिष्क खियाऊँ शिक्षालयहरूमा, अनपढ छौं, ठीकै छ- त्यसै अनुसार कोदाला समाऊँ, हलोजुवा जोरौं; एक हलगोरुको चाँजोपाँजो नमिल्ने कोही छैनौं; पर्तीलाई उर्वरा बनाऊँ; बाली फुल्छ सर्वत्र । सुन टल्कने नदीकिनारादेखि हिउँ पग्लने सगरमाथाको उचाइसम्म नै हाम्रा हातमा ठेला उठेर फैलिए भने, कलमहरू असल संस्कारबाट चले भने; मस्तिष्कहरू वस्तुगत धरातलमा छरिए

भने- हामी आफैंमा स्वर्गीय आनन्दको बिस्कुन सुकाउन सक्छौं । इन्द्रेणीको रङ पोतेर आफ्नै अनुहारले विदेश झुकाउन सक्छौं ।

भूपरिवेष्ठित यस सीमाको भूबनोट मुख्यतः हिमाली, पहाडी, उपत्यका र तराई गरी चार छुट्टै खालको अवस्थामा रहेको छ । यी चारैवटा क्षेत्रहरू अलगअलग स्रोतबाट आयआर्जनका लागि आ-आफैंमा सबल र सम्पन्न छन् ।

अग्ला, उच्च हिमाली हिमश्रृङ्खलाहरू पर्यटकीय आवागमनका अनुपम उदाहरण हुन् । यिनलाई अझ बढी आकर्षक, अझ बढी चर्चामा ल्याउन करोडौं खर्च गरेर हवाइ उडान भर्नु आवश्यक छैन र मन्त्रिमण्डलका बैठक त्यसै भेगमा बसाएर करोडौं स्वाहा गर्नु पनि आवश्यक छैन । पहाडी भेगका माथिल्ला सतहमा बसोबास गर्ने जनजातिका गाउँमा पर्यटनव्यवसायसँग मात्र सम्बन्धित विद्यालयहरू खोलिदिनु पर्याप्त हुन्छ । जहाँ पर्यटकको मनोविज्ञानलाई सही ढंगले बुझेर यसै व्यवसायमा सरिक हुने जनशक्ति तयार होओस् सधैंका लागि ।

गाउँ नै गाउँले भरिएको यस भूसीमाका पहाडी पाखाहरूमा जताततै अल्लो, अर्गेली, चुत्रो, चिराइतो, भ्याग्रो, खोल्मे आदि असङ्ख्य वनस्पतिहरू हामीलाई धिक्कारेर मुस्कुराइरहेका छन् । यी भेगका ग्रामवासीमा अवस्थित विद्यालयमा कागज उत्पादनसम्बन्धी सीप, तेल उत्पादनका तरीका, औषधि उत्पादनका विधि सिकाउने विशेषज्ञलाई शिक्षकका रूपमा नियुक्त गरी विद्यालय सञ्चालन गर्ने हो भने कुनै पनि शैक्षिक युवाशक्तिले बेरोजगारीका शरीर उचालेर काठमाडौंका मेनपावर हाउसमा लाम लाग्नुपर्दैन । अहिले विना ठूलो रकम– आ-आफ्नै पूँजी परिचालनबाट प्रायः गाउँहरू चौबीसै घण्टा बिजुली झलमलाउने भइसकेका छन् । सानादेखि मझौलासम्मका उद्योग व्यवसाय सञ्चालनमा विद्युतीय अभावले रोकावट उत्पन्न नहुने स्थिति गाउँमा देखापरिसकेको छ– शहर जतिसुकै अन्धकारमा रोए पनि । सम्पर्क समितिहरू आफैं हराएर जानेछन् र यस क्षेत्रका जनजातिले विशेषज्ञका रूपमा बरु आफैं बाहिरबाट म्यानपावरका रूपमा विशेषज्ञको आयात गर्नेछन् ।

साँच्चै अहिलेको राज्यव्यवस्थाको विसङ्गतिको जग भनेको नै शहरीक्षेत्र हुन् । यहाँका युवाहरू शिक्षा नीतिको लथालिङ्गे तालले दिग्भ्रमित बनेका छन् । यिनकै संसर्गमा आएपछि कतिपय: ग्रामयुवाहरू पनि श्रम नगरी सोखमा रहलिने सपना देखेर संस्कारहीन संसारको सयरमा एकपछि अर्को गर्दै लाम लागिरहेछन् । यस

भूसीमालाई सही ट्र्याकमा लगेर स्वावलम्बी, स्वशासित र सम्पन्न बनाउने हो भने दशदेखि बीस वर्षकै अवधिमा हामी अर्काको मुख ताक्नु नपर्ने अवस्थामा सहज पुग्न सक्दछौं। तर यसका लागि कुविचारले ग्रस्त हाम्रो मनोविज्ञान चाहिं रूपान्तरित गर्नै पर्दछ । शिक्षानीति त्यस्तो हुनुपर्दछ जहाँ ५-६ कक्षादेखि नै बच्चाहरूको रूचि अनुकूल यसले कुन क्षेत्रमा स्वावलम्बनका साथ जीवनयात्रा सञ्चालन गर्न सक्छ तदनुकूलकै योग्यताको सर्टिफिकेट दिई कार्यक्षेत्र पनि सुम्पिदिइहाल्नुपर्दछ । यसका लागि प्राविधिक शिक्षा इनेगिनेका ठाउँमा मात्र नभएर सञ्चालित सम्पूर्ण विद्यालयमा हुनु आवश्यक छ ।

बच्चा अवस्थादेखि नै उनीहरूको रुचि बुझ्ने शिक्षकको दायित्व निर्धारण गरी उनीहरूले सिफारिस गरेको क्षेत्रमा ऊ सफल छ वा छैनको मोनिटरिङ्ग समूह अधिराज्यभरि तोकिनुपर्छ र यस समूहको पनि मोनिटरिङ्ग गर्ने उच्चस्तरीय सर्वविषयविज्ञको अर्को केन्द्रीयस्तरको समूह निर्माण गरिनुपर्छ । कृषि क्षेत्रका विविध विधा– तरकारी, धान, मकै, कोदो, अलैंची, कुरिलो, पशुपालन, यसमा पनि गाई, भैंसी, भेडाबाख्रा, चौंरी आदि इत्यादिमा एकखालको जनशक्ति उत्पादन रुचि अनुसार नै गरिदिने शिक्षाको जग हुनुपर्दछ । उनीहरूकै रुचि अनुसार टेक्निकल लाइन, जस्तो ओभरसियर, नर्स, इञ्जिनियर, डाक्टरको जनशक्ति उत्पादन गरेर त्यस क्षेत्रको दायित्व सर्लक्क उनीहरूलाई सुम्पिदिने शिक्षाप्रणाली अनिवार्य हुनुपर्दछ । भावुक हृदयका विद्यार्थीलाई बच्चैदेखि सिर्जना क्षेत्रतिर त्यसमा पनि मात्रात्मक आधिक्यलाई बुझेर कथा, कविता, नाटक, हास्यव्यङ्ग्यात्मक प्रहसन, नृत्य, गायनकै अन्तरयात्रामा प्रेरित गरिनुपर्छ । यस क्षेत्रमा पनि मात्रात्मक कठोरता कम र खोजमूलक एकोन्मुख बढी हुनेलाई दर्शन, अनुसन्धान, राजनीति, अर्थ, संस्कृतितिर सरिक गराउने सोच क्रमबद्ध रूपले स्वार्थरहित सत्ता सञ्चालकका साझेदारबाट हुन लाग्ने हो भने हामीसँग के छैन ? सर्वस्व छ । यहीं छन् पहरा पल्टाएर यातायात गुडाउने सामर्थ्यहरू, यहीं छन् जमिन जोतेर अन्नका भकारी भर्ने दिलोज्यानका शक्तिहरू, यहीं छन् छहरा, नदी र खोलानालामै विद्युत् तरङ्गका तार जोड्ने इञ्जिनियरका पुरुषार्थहरू, यहीं छन् हरिया पाखाभरि गाईवस्तु, भेडाबाख्रा चराएर विदेशसम्म दूध निर्यात गर्ने दुग्धडेरीका सञ्चालक गोठगोठालाहरू । हो, पौरख पाखुरीहरू यहीं छन्, अनि मांस निर्यात गर्ने बगरेका लामहरू पनि यहीं छन् । ऊन-गलैंचालगायत विविध कपडाका सीपसिद्ध हातहरू यसै भूमिमा असरल्ल भएर छरिएका छन् ।

यिनलाई अनुशासन र सीपका साँचामा राखेर सञ्चालन गर्ने पवित्र मुटुका जमातले शासनको वागडोर सम्हालेका दिनदेखि मलाई लाग्छ- यो नै धरामा स्वर्गको सानो टुक्रा हो जहाँ वैभवका असङ्ख्य स्रोत र संसाधनहरू विदेशी बेरोजगार युवालाई अनि प्रविधिका ज्ञाताहरूलाई रोजगारका हात फैलाएर स्वागत गर्न तयार छन् ।

यो भूसीमालाई सम्पन्न राखिराख्नका लागि कला, साहित्य, संस्कृति, संस्कार र दार्शनिकका दर्शन मुरलीमकैका फूल उठेझैं उठ्नुपर्दछ । यसै भूसीमाभित्र अवस्थित अनन्त गहिराइसम्म फैलिएका तारेभीर मुनिका गुफाहरूमा सच्चाइका मुड्की बजार्ने अनेकौं सुकरात मुस्कुराउन सक्छन्, ईश्वरीय सत्ता सौन्दर्यको चादर फैलाउने प्लेटो बिउँझन सक्छन्, समग्र शक्ति, सत्य र कल्याणको समन्वय गर्दै सुदूरसम्म अटल अमर रहने अरस्तु यहीं मुस्कुराउँछन् ।

खप्तडका शीत ढल्कँदै गरेका दुवेचौरमा आशन जमाएर विना भाषण अजेय मानवताका गाथा अनन्त फैलाउने होमरका हातहरू यसै धराका सौन्दर्यशाली प्रकृतिका पातमा प्रीतिका अमर कहानी उठाउन सक्छन्। चारकोसे झाडीका अतल गहिराइ पक्रेर देवकोटा मितेरी लगाउँदै वर्डस्वर्थ, कलरिज, किट्स, शेली झर्नाका सप्तरङ्गी इन्द्रेणीसँग एकताको रङ छर्न सक्छन्, जडमा चेतनाका चौका जोडेर प्रजातन्त्रको, एकताको, अहिंसाको, विश्ववन्धुत्वको पिरामिड अग्लन सक्छन् । यहाँ के छैन ? सर्वस्व छ । मात्र, इच्छाशक्तिमा भूखण्डभित्रको पवित्रता, निर्मल, कञ्चन मनोविज्ञान र चेतनात्मक रेखाहरू जन्मनुपर्छ जहाँ जडभित्रको विशाल समूहले खाना, नाना र छानाको व्यवस्था आफैं गर्ने बाटाहरू खुलून्, उनीहरूको स्वर्ग त्यही हो । इन्जिनियरिङ हातहरू पहरामा डोरी बाँधेर वैज्ञानिक यन्त्रमा आँखाहरू टाढासम्म फैलन पाऊन्, यहीं आइन्स्टाइन, ग्यालिलियोहरू मुस्कुराउन सक्छन् । दार्शनिक कलाकारहरू उन्मुक्त गुफामा, पहाडका शिखरमा घोत्लन पाऊन् । यहीं छन् अलका फैलने स्रोत र साधनहरू, यहीं छन् विन्दुमा विराट उभ्याउने र विराटलाई बिन्दुमा समेट्ने जन्मसिद्ध हातहरू ।

■■■

**सिद्धिगणेश मावि, काठमाडौं**

# पहिले शिक्षा सुधारौं !

■ **खुमबहादुर थापा** ■

पाषाण युगबाट आजको कम्प्युटर युगमा आइपुग्दासम्म विकास अनवरत चलिरहेको छ। मानव समाजको अस्तित्व रहेसम्म विकासमा विराम लाग्दैन। मानिसका आधारभूत आवश्यकता नै समग्र विकासका जननी हुन्। आवश्यकताको अनुभूतिले मानिसको मनमा तनाव उत्पन्न हुन जान्छ। तनावलाई शान्त पार्न उसले प्रयत्न गर्छ। प्रयत्नबाट नयाँ उपलब्धि हासिल गर्छ। त्यस्तो उपलब्धि नै विकास हो। आज संसारमा जे-जति खोज, अनुसन्धान र विकास भएको छ त्यो सबै गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, सञ्चार र आत्मसम्मानको खाँचोसँग सम्बन्धित रहेका छन्।

हामी नेपालीले खोजेको विकास हाम्रो यथार्थमा आधारित हुनुपर्छ। सीपयुक्त शिक्षा र नागरिक चेतनाको अभिवृद्धि नै विकासको मूल आधार भएकाले शिक्षामा आमूल सुधार गरी ज्ञान, विज्ञान र प्रविधिको विकास गर्नु नै हामीले खोजेको विकासको जग हो। विकास सर्वाङ्गीण हुनुपर्छ। परम्परादेखि चलिआएका प्रविधिलाई आधुनिकीकरण गर्नु र विश्वमा विकसित भएका नयाँ ज्ञान, विज्ञान र प्रविधि भित्र्याउनु र वातावरणमैत्री विकासको अवधारणालाई अपनाउनु नै सर्वाङ्गीण विकास हो। आजको संसारमा हामीले आफ्नो मात्र डम्फु बजाएर पुग्दैन। विश्व रंगमञ्चमा आफ्नो पहिचान देखाउँदै अरूबाट सिक्दै र अरूलाई सिकाउँदै अगाडि बढ्ने विकासको खोजी गर्नुपर्छ। कला,

संस्कृति, धर्म, परम्परा, भाषाभाषी, साहित्य, सभ्यता र संस्कार नै विकासको धरोहर भएकाले यिनीहरूको जगेर्ना गर्ने, यिनैको जगेर्नाबाट रोजगारीको सिर्जना गर्ने विकास हामीले खोजेको विकास हो । धार्मिक, सामाजिक र सांस्कृतिक विविधता जस्तै प्राकृतिक विविधता हाम्रो जन्मभूमिको अर्को महत्त्वपूर्ण विशेषता भएकाले विकास प्राकृतिक विविधताको मर्ममा आधारित हुनुपर्छ । यसलाई ख्याल नराखी गरिने विकासले हाम्रा सन्ततिहरू महाविपत्तिमा पर्छन् भन्ने कुरा हामीले बुझ्न ढिलो गर्नुहुँदैन ।

बौद्धिक पलायनलाई नरोकेसम्म नेपालमा ज्ञान, विज्ञान र प्रविधिको विकास संभव देखिँदैन । शिक्षित जनबल र परिश्रमी हातपाखुरा नै नभएको देशले विकास गर्न सक्दैन । विकास कसैले दिएर हुने कुरा पनि होइन । आवश्यकताको बोध, श्रम, प्रविधि, प्राकृतिक स्रोत साधन र पूँजीको परिचालनबाट नै विकास संभव हुन्छ । सबै नेपालीहरूको पूँजी जम्मा गरी उत्पादनमा लगाउने, श्रमको परिचालन गर्ने, ज्ञान र प्रविधिको खोज गर्ने र बौद्धिक पलायन रोक्ने नगरेसम्म हाम्रो विकास तासको महल जस्तो मात्रै हुनेछ । वन जंगलको संरक्षण, पानीका मुहान र जलाधार संरक्षण, नदी कटान रोकथाम, भू-क्षय बाढीपहिरो रोकथाम, भिराला बारीहरूको गरा सुधार र फलफूल खेती, घाँस खेती र पशुपालन, सिंचाइ र लघु जलविद्युत् उत्पादन, वैकल्पिक ऊर्जाको विकास, गुणस्तरीय सर्वसुलभ शिक्षा, विधिको शासन नै हाम्रा लागि विकासको पहिलो खुट्किलो हो । यसका लागि जनचेतना र शिक्षामा सुधार हुनु पहिलो शर्त हो ।

वर्तमान अवस्थामा हामीलाई आधारभूत आवश्यकता पूरा गर्ने, आफ्नो परिवेशसँग एकाकार हुने मौलिक विकासको खाँचो छ जुन आफ्नै धर्तीबाट र पुर्खाले छाडेको नासोबाट सृजना हुन्छ । पुर्खाले छाडेको नासोलाई आधुनिकीकरण गर्दै विकासका आधुनिक पाइलाहरूलाई पहिल्याउँदै अगाडि बढ्ने विकास हामीलाई चाहिएको छ ।

## नेपाल र नेपालीको विकासः केलाई मान्ने ?

हरेक नेपालीको आधारभूत आवश्यकता पूरा हुन गई गुणस्तरीय जीवनयापनको अवस्था सृजना भएमा नेपाल र नेपालीको विकास भएको मान्नुपर्छ । शिक्षा र स्वास्थ्य सेवामा सबै नेपालीहरूको पहुँच पुग्न गई स्वस्थ र शिक्षित

नेपालीहरूको श्रम र विवेकको प्रयोगबाट गरिएको समग्र विकास नै नेपाल र नेपालीको विकास हो ।

अर्थतन्त्र आत्मनिर्भर नहुँदासम्म नेपाल र नेपालीको विकास भएको मान्न मिल्दैन । लसुनको पोटी उत्तर चीनबाट र प्याजको गानो दक्षिण भारतबाट आयात गर्ने हामी नेपालीहरूको अर्थतन्त्र कुन अवस्थामा छ होला सहजै अनुमान गर्न सकिने विषयवस्तु हो । खाने, लगाउनेदेखि लिएर सबै आवश्यकताका वस्तुमा अर्काकै भरमा पर्नुपर्ने अवस्थाबाट मुक्ति पाउनु नै नेपाल र नेपालीको विकास हो । जलविद्युत्को विकासबाट हाम्रो अर्थतन्त्र बलियो हुने संभावनालाई साकार पार्न छिमेकी मित्रराष्ट्र भारत र चीनको सहयोग लिने वातावरण सरकारले सृजना गर्न सक्नुपर्छ । वैदेशिक लगानीलाई देश विकासका लागि प्रयोग गर्न लगानी मैत्री वातावरण सृजना गर्न सक्नुपर्छ जसका लागि राजनीतिक स्थिरता, राजनीतिक संस्कार र संस्कृतिको विकास हुनु जरूरी छ ।

पहाड हाड हो भन्ने मान्यताले हाम्रो मनमा राज जमाएको छ। पहाडको वातावरण जोगाएर गरिने विकासले मानवका लागि पहाड हाड नभएर ईश्वरको बरदान सावित हुन सक्छ भन्ने ज्ञान आर्जन गर्न सक्नु र सानो नेपाललाई सुन्दर बनाउनु नेपाल र नेपालीको विकास हो ।

## समता, वातावरण र जलवायु परिवर्तनका विषयलाई आर्थिक वृद्धिसँग कसरी जोड्ने ?

वातावरण भनेको पञ्चतत्व हो । वायु, आकाश, जल, माटो र ताप यी पञ्चतत्वबाट समस्त प्राणीको शरीर बनेको छ। वातावरण अर्थात् पञ्चतत्व नै असन्तुलित भयो भने हामीहरूले निर्माण गरेका विकासका भौतिक पूर्वाधारहरूले मात्र आर्थिक वृद्धि संभव हुँदैन। असन्तुलित वातावरणका कारण पानीका मुहान सुक्दैछन्। खेतीपातीले मनग्ये उत्पादन दिन छाड्दैछ। अतिवर्षा, न्यूनवर्षा र खडेरीले उत्पादनमा पारेको असर हृदय विदारक छ। औद्योगिक तथा विकसित देशहरू वातावरणीय समस्या उब्जाउने कारक भए पनि हिमालको काखमा बसेका हामी नेपालीहरूले वातावरणीय समस्या भोग्नुपर्ने बाध्यतालाई विश्व समुदायमा जोडदार तरीकाले उठाउन सक्नुपर्छ र वातावरण संरक्षण र उत्पादनमुखी कार्यमा हाम्रा श्रम, पसिना र वैदेशिक सहयोगलाई

वातावरण मैत्री विकासमा उपयोग गर्नुपर्छ। गरीबी न्यूनीकरणका लागि वन जंगललाई हराभरा गराउन जडीबुटी, फलफूल र नगदेबाली उत्पादनमुखी बनाउनुपर्छ र कार्वन व्यापारबाट मनग्ये लाभ लिन सक्नुपर्छ।

हामीहरूले जे-जति विकासका पूर्वाधारहरू निर्माण गरेका छौं ती सबै वातावरण मैत्री नहुनु नै हाम्रो आर्थिक सुधार नहुनुको कारक हो। शहर बजारमा मौलाएको फोहोर, प्लाष्टिकजन्य वस्तुको व्यापक प्रयोग, हरितगृह प्रभावी ग्याँसको उत्पादन, रासायनिक मल र कीटनाशक औषधिको प्रयोग, वनजंगलको विनास र जनसङ्ख्या वृद्धि नै वातावरण विनास र जलवायु परिवर्तनका कारण हुन्। वातावरण र जलवायु परिवर्तनको समस्याले खेतीपातीको उत्पादनमा ह्रास ल्याएको छ। पानीका मुहानहरू दूषित बनेका छन्। प्रदूषित माटो, पानी र हावाले जीवन दिन प्रतिदिन कष्टकर बन्दै गइरहेको छ। प्राङ्गारिक मल, जैविक विषादी, कागज र लोक्ताबाट निर्मित झोलाको प्रयोग, छोटो दूरीको यातायातमा साइकल र रिक्साको प्रयोग, सौर्य ऊर्जा, वायु ऊर्जा, वायो ग्याँसको प्रयोग र फोहोरको व्यवस्थापन गरी मोहर कमाउन सके, माटो, वायु र पानी प्रदूषणबाट मुक्ति पाउन सकिन्छ। वन जङ्गलको संरक्षणमा सहयोग पुग्न सक्छ। पेट्रोल, डिजल, रासायनिक मल र कीटनाशक औषधिको खरीदमा खर्च हुने धनराशीलाई विकासका अन्य क्षेत्रमा लगानी गरी आर्थिक वृद्धि बढाउन सकिन्छ। जीविकोपार्जन र वातावरण संरक्षणका लागि वन जंगलको संरक्षण हाम्रो आर्थिक सुधारको मेरुदण्ड बन्न सक्छ। वन पैदावारमा आधारित कुटिर उद्योगहरूको विकास हुन गई आर्थिक वृद्धि बढाउन र स्वस्थ जीवन जिउन सहयोग पुग्छ।

## नीतिनिर्माणको प्रक्रियामा नागरिकको सहभागिता कसरी सुनिश्चित गर्ने ?

सामन्ती राजनीतिक संस्कार र संस्कृतिलाई तिलाञ्जली दिनुपर्छ। सामाजिक संघसंस्था, राजनीतिक दल र दबाब समूहहरूको सांगठनिक र संस्थागत विकास गरिनुपर्छ। आमसञ्चारका माध्यमहरूको संस्थागत विकास र सूचनाको पहुँच आम नागरिकमा पुऱ्याउन सक्नुपर्छ। सदियौंदेखि चलिआएका अलोकतान्त्रिक ऐन/नियमलाई खारेज गरिनुपर्छ। स्थानीय स्वायत्त शासन ऐनको परिमार्जन

र कार्यान्वयनका साथै स्थानीय निकायको निर्वाचन र संस्थागत विकास गरिनुपर्छ। आम नागरिकमा सूचनाको हकलाई प्रभावकारी प्रयोग गर्न सक्ने क्षमताको विकास गर्न सक्नुपर्छ। लोकतन्त्रका आधारस्तम्भहरूलाई बलियो नबनाएसम्म नीतिनिर्माण प्रक्रियामा नागरिकको सहभागिता सुनिश्चित गर्न संभव छैन। लोकतन्त्रमा प्रतिनिधिमार्फत नागरिकले नीतिनिर्माण प्रक्रियामा सहभागिता जनाउने भएकाले हरेक राजनीतिक दल, दबाब समूह, राज्यका अंग र सामाजिक संघसंस्थाले लोकतान्त्रिक मूल्य र मान्यता अनुसार आफ्ना सांगठनिक नीतिनियमहरू निर्माण गर्नुपर्छ र लागू गर्नुपर्छ। लोकतान्त्रिक संस्कार र संस्कृतिको विकास विना नीतिनिर्माण प्रक्रियामा नागरिकको सहभागिता सुनिश्चित नहुने भएकाले नागरिक शिक्षा र जनचेतनामा जोड दिने कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ। नीतिनिर्माण प्रक्रियामा सूचना तथा सञ्चारका माध्यमको सहयोगमा नागरिकले व्यापक बहस चलाउन सक्ने वातावरणको विकास गरिनुपर्छ।

■■■

**प्रअ, धर्मभक्त निमावि**
**धर्मावती–८ मानागाउँ, प्युठान**

# अर्काको मुख ताकेर हुँदैन

■ लक्ष्मी रिजाल ■

'विकास' को शाब्दिक अर्थका बारेमा नेपाली बृहत् शब्दकोश (संस्करण २०४०) मा भनिएको छ- १. क्रमशः बढ्दै वा सुध्रँदै गएको स्थिति, उन्नति। २. उत्तरोत्तर प्रगति, क्रमिक परिवर्तन। ३. हुर्केको वा सप्रेको अवस्था, वृद्धि।

यसबाट सामाजिक, आर्थिक, शैक्षिक आदि रूपले अग्रनोन्मुख गतिशीलता कायम गर्नु नै विकास हो भनेर बुझ्नु उत्तम हुन्छ। जङ्गली युगको मानव आज अत्याधुनिक वैज्ञानिक युगमा रमाइरहेको छ, यही विकास हो। तर, त्यही युगका अरू जनावर अझै जङ्गली अवस्थामा नै छन्, त्यही हो अविकास। यसबाट यथास्थितिवाद र पश्चगमनकारी प्रवृत्ति विकासका दुई ठूला अवरोधक हुन् भन्ने प्रष्ट हुन्छ। व्यक्तिका सन्दर्भमा भन्नुपर्दा, शिक्षित भई, स्वस्थ रही, शैक्षिक योग्यता र सीप अनुकूलको रोजगारी गरी ज्ञानविज्ञान र प्रविधिले युक्त जीवनभोगाइ नै वास्तविक अर्थमा साँचो विकास हो।

## हामीले खोजेको विकास

निःसन्देह हामी अधिकांश नेपाली कृषितन्त्रमा आधारित छौं। यसको विकासमा खासै उपलब्धि देखिएको छैन। अधिकांश ठाउँमा अझै पनि परम्परागत कृषि प्रणाली नै हावी छ। खुलेका उद्योगधन्दा समेत बन्द छन्, नयाँ खुल्ने स्थिति नै छैन। शैक्षिक चेतना त बढेको छ तर पढेर जीवन सपार्ने हैन, चोरीचकारी

गरी कसै गरेर प्रमाणपत्र बटुल्ने भित्री ध्येयले पढ्नेहरूको सङ्ख्या बढ्दो छ। स्वास्थ्य क्षेत्रमा उपचार पद्धति र प्रक्रिया लामो र आर्थिक हैसियतभन्दा माथिको छ। हरेक क्षेत्रका असफलहरू नै नेतानेतृ भएर सफल भएका छन्। राजनीतिको आडमा भ्रष्टाचार मौलाउँदो अवस्थामा छ। बेरोजगारी विकराल समस्या बनेको छ, वर्षेनि हजारौंको सङ्ख्यामा युवायुवती विदेशिने क्रम जारी छ। यस्तो अवस्थामा नेपाल र नेपालीका लागि साँचो विकास के हो त भनी ठम्याउन मुस्किल नपर्ला। हामीले खोजेको साँचो विकासलाई निम्न लिखित कुराहरूले सम्बोधन गर्दछन्ः

**कृषि क्षेत्रमाः** हरेक कृषकलाई वैज्ञानिक खेतीपाती प्रणालीको ज्ञान हुनु; आकाशे वर्षाको भरमा खेती गर्नुपर्ने विवशता अन्त्यका लागि सिंचाइको पर्याप्त सुविधा उपलब्ध हुनु; मल, बीउ तथा औषधिको समुचित व्यवस्था हुनु; उत्पादनले उचित बजारभाउ पाउनु; बेलाबेलामा कृषकले आधारभूत तालीम र पुनर्ताजगी तालीम पाउन सक्नु; औद्योगिक क्षेत्रका लागि चाहिने सनपाट, उखु, चिया जस्ता कच्चा पदार्थको उत्पादन गर्न राज्यस्तरबाट विशेष प्राथमिकता दिइनु; कृषकलाई सुलभ व्याजदरमा कृषि ऋृण उपलव्ध गराउनु आदि।

**औद्योगिक क्षेत्रमाः** स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग खोल्न र खुलेकाहरूको व्यवस्थापनमा सरकारको ध्यान पुग्नु; औद्योगिक उत्पादनले समुचित बजार पाउनु; स्वदेशी उत्पादनप्रति उपभोक्ता आकर्षित हुनु; आधारभूत आवश्यकता परिपूर्ति गर्ने वस्तु उत्पादन गर्नका लागि सरकारी लगानी पर्याप्त हुनु; सुलभ व्याजदरमा ऋृण उपलब्ध हुनु; खासगरी घरेलु उद्योग सञ्चालनमा आधारभूत तालीमसहित युवावर्गलाई प्रोत्साहित गर्नु आदि।

**शैक्षिक क्षेत्रमाः** सबै जनता कम्तीमा साक्षर होऊन् भन्ने ध्येयले सरकारी क्षेत्रले शैक्षिक व्यवस्थापनमा हेक्का राख्नु; यस क्षेत्रमा निजी क्षेत्रलाई विल्कुलै प्रवेश नदिनु; दिनै परे पनि ग्रामीण र दुर्गम क्षेत्रमा (जहाँ सरकारले उचित व्यवस्थापन गर्न सकिरहेको हुँदैन) व्यक्तिगत रूपमा नभई संस्थागत रूपमा र व्यापारिक दृष्टिकोणले नभई विल्कुलै सेवामूलक भावले विद्यालय/कलेज खोल्न र सञ्चालन गर्न दिनु; त्यहाँको सबै प्रणाली सरकारीसरह हुनु आदि।

**स्वास्थ्य क्षेत्रमाः** स्वस्थ रहनु हरेक नागरिकको नैसर्गिक अधिकार सम्झेर र जनतालाई स्वास्थ्य सेवा पुर्‍याउनु आफ्नो महत्त्वपूर्ण कर्तव्य ठानेर सरकारले

पूर्ण सरकारी स्वामित्वमा स्वास्थ्य संस्था सञ्चालन गर्नु; एलोपेथिकभन्दा पनि आयुर्वेदिक औषधि, उपचारमा बढी ध्यान पुऱ्याउनु; योग, ध्यान, प्राणायाममार्फत समेत स्वस्थ रहन सकिने कुराको चेतना अभिवृद्धिमा सरकारी भूमिका अग्रणी रहनु; यस क्षेत्रमा निजी क्षेत्रलाई प्रवेश गर्न रोक लगाइनु ।

**राजनीतिक क्षेत्रमा:** राष्ट्रिय राजनीति क्षेत्रमा सक्रियता देखाउन र विशेषतः उम्मेद्वार हुन विशेष योग्यता हुनुपर्ने व्यवस्था गर्नु; भ्रष्टचरित्र देखाउनेलाई राजनीतिक आडभरोसा दिने हैन, सख्त कारबाही हुनु; राजनीतिक प्रभाव र दलीय स्वार्थले ओतप्रोत भई काम गर्ने संस्कार पूर्णतया बन्द हुनु; राज्यले राजनीतिक भागबण्डा हैन योग्यता र क्षमताअनुरूप कार्यव्यापार गर्नु आदि ।

**रोजगारीका क्षेत्रमा:** वर्षेनि रोजगारका लागि विदेशिने युवाशक्तिलाई स्वदेशमै राख्न सीप र योग्यता अनुसार सबैले रोजगार पाउने स्थिति सिर्जना गर्नु; सही बाटोबाट आर्थिक हैसियत उच्च पार्ने सक्षम व्यक्तिहरू पुरस्कृत हुनुपर्ने र बाटो बिराउने, कुलतमा फस्ने एवम् अनैतिक बाटोबाट धन बटुल्न खोज्नेहरू दण्डित हुने व्यवस्था गर्नु आदि ।

**विकासका आधार:** नेपालको आर्थिक विकासको मेरुदण्ड भनेकै कृषि क्षेत्र हो । कृषिका अतिरिक्त पर्यटन, घरेलु उद्योग, जल, जमिन, जङ्गल, जडीबुटी र शिक्षित/अर्धशिक्षित/अशिक्षित जनशक्ति आदि नेपालका आर्थिक विकासका महत्त्वपूर्ण आधार हुन् ।

**आर्थिक विकासका जोर्नी:** नेपाल विविध भाषाभाषी, जातजाति, भेषभूषा, चालचलन र संस्कृति भएको मुलुक हो । मुलुकका हरेक जनतालाई बराबरी हकअधिकार हुनुपर्छ । राज्यले कसैलाई काखा र कसैलाई पाखा गर्न मिल्दैन । सबैले यो मेरो पनि राष्ट्र हो, म पनि यही देशको नागरिक हुँ भन्ने गौरव प्राप्त गर्नुपर्छ । समतामा आधारित समाज भएमा त्यसले आर्थिक विकासमा जोर्नीको काम गर्न सक्छ । जनताबीच भाइचाराको सम्बन्ध स्थापना भए मात्र सोचेजस्तो अग्रगति प्राप्त गर्न सकिन्छ ।

**नागरिक सहभागिता:** सबै जाति, धर्म, वर्ग र लिङ्गका मानिसलाई राष्ट्रसेवा गर्ने समान अवसर प्रदान गर्न जुनसुकै काममा नागरिक सहभागिता

अनिवार्य शर्त हो । नागरिकको सहभागितामा भएको काममा अपनत्व बढ्छ; त्यसले दीर्घकालीन उपलब्धि दिलाउँछ । जुन गाउँ-ठाउँको विकास गरिँदैछ, त्यसै ठाउँका मानिसहरूको अगुवाइ र श्रममा गर्न सके त्यसभन्दा उत्तम काम अर्को हुँदैन । हरेक जनताले गाउँ-ठाउँको विकासका लागि राज्यलाई श्रमदान दिने प्रचलन गर्ने हो भने विकास भएन भनेर चिच्याउनु नै पर्ने थिएन । प्रत्येक परिवारका एक जना सदस्य (स्वयं वा निजले खटाएको व्यक्ति)ले तोकिएको दिन र समयसम्म इमान्दारीपूर्वक श्रमदान दिए गाउँ-ठाउँको साँचो विकास छिटोछरितो सम्भव हुन्थ्यो । काम गर्नु पुरुषार्थ र हात बाँधेर बस्नु कायरता हो भन्ने भावना हरेक नागरिकमा बीजारोपण हुन सके श्रमको मूल्य र महत्त्व उच्च हुनेथियो । शासन नीतिले चल्नुपर्छ, मायाले होइन । त्यस नीतिमा सबै वर्ग अट्नुपर्छ ।

सम्भ्रान्त परिवारका युवा मात्र लेखपढ गर्न वा राम्रो जागिर खान बेलायत, अमेरिका, चीन, अष्ट्रेलिया, जापानतिर पुग्छन् तर निम्नस्तरका युवाहरू ऋणपान गरी खर्चबर्च जुटाएर शारीरिक श्रम गर्नका लागि खाडी मुलुक भासिन बाध्य छन् । राष्ट्रिय युवा नीति लागू भए पनि कुनै प्रकारको युवा लक्षित विशेष कार्यक्रम ल्याइएको छैन । राजनीतिक तानातानले युवा स्वरोजगार कोष भ्रष्टाचारको अखडा बन्यो । कर्णालीमा 'एक घर एक रोजगार' कार्यक्रम पनि प्रभावहीन हुन पुग्यो । 'गरीबसँग विश्वेश्वर', 'आफ्नो गाउँ आफैं बनाऔं' जस्ता कार्यक्रमले फस्टाउने र फैलने मौका पाएनन् ।

नेपालमा सरकारले नै रोजगार सिर्जना गर्नुपर्छ । नसके स्वरोजगार कार्यक्रम ल्याई कडाइका साथ कार्यान्वयन गरिनुपर्छ । युवा सीप, क्षमता तथा शक्तिलाई चिनेर राजनीतिक, सामाजिक, आर्थिक विकासमा उपयोग गर्न सक्नुपर्छ । जुन देशमा युवा शक्ति बढी छ र उपयोगमा लगाइएको छ, त्यस देशमा छिटो आर्थिक विकास हुन्छ । यद्यपि हामीकहाँ भने त्यो ठूलो समूह बेरोजगार भएको हुनाले द्वन्द्व सिर्जना भएको छ ।

**उपसंहारः** आजको शिक्षाको असर वर्षौंपछि राष्ट्रनिर्माण र विकासमा पर्छ । जल, जमिन, जङ्गल, जडीबुटी जस्ता प्राकृतिक सम्पदाहरूको खपत वा दोहन सुहाउँदो गति र मात्रामा गर्नुपर्छ; एकैचोटि बढी गर्नुहुँदैन । राज्यले दीर्घकालीन कार्यनीति ल्याउँदा विश्वलाई ध्यानमा राख्ने गर्नुपर्छ तर काम

गर्दा भने आफ्नै परिवेशलाई मध्यनजर राख्नुपर्छ। नि:शुल्क स्वास्थ्य र शिक्षा सरकारका प्राथमिक महत्त्वका विषय बन्नुपर्छ। घरेलु उपचार पद्धति बढी लाभदायक र भरपर्दो हुन्छ। नेपालले गत वर्ष रु.४२५ अर्ब बराबरको सामग्री आयात गरेको थियो तर निर्यात भने ७५ अर्ब बराबरको मात्र गर्न सकेको थियो। ७६ अर्ब त पेट्रोलियम पदार्थ आयात गर्नमै खर्च गरेको थियो। मुलुक ऋणको दलदलमा फँसेको छ। स्वदेशमा अडिन नसकेर काम, माम र दामकै लागि वर्षेनि पाँच लाखभन्दा बढी युवा जनशक्ति विदेशिइन्छन्। ८० प्रतिशत जनता कृषि पेशामा आबद्ध भए पनि दाल, चामल, मासु, तरकारीको लागि विदेशकै भर पर्नुपरेको छ। नेपालमा २५ प्रतिशत गरीबी रहेको छ। त्यसबाट मुक्ति पाउन घर-जग्गा बेचेरै भए पनि विदेशिनु नै एक मात्र विकल्प छ। विदेशमा समेत भने जस्तो काम गर्न पाइन्न।

हाम्रो जस्तो समाजमा हरेक कुरा वर्गीय संरचनामा आधारित छ। जनता शिक्षित एवं चेतनायुक्त हुँदै गएमा उनीहरूकै नेतृत्वमा समाज कायापलट हुन सम्भव हुन्छ। त्यसका लागि सञ्चारमाध्यमलाई पूर्णत: स्वतन्त्रपूर्वक काम गर्न दिनुपर्छ। युग सुहाउँदो वैज्ञानिक शिक्षामा सरकारको ध्यान पुग्नुपर्छ। हरेक राजनीतिक दलको नेतृत्व राष्ट्रोन्नतिप्रति सजग र जुझारु हुनुपर्छ। सरकार इमान्दार रहनुपर्छ भने प्रतिपक्षले समेत जवाफदेहीपूर्ण रूपले भूमिका खेल्न सक्नुपर्छ। अझ एकाधिकारी बजारीकरणको अन्त्य भई प्रतिस्पर्धात्मक र सिर्जनशील बजार व्यवस्था कायम रहनु आवश्यक हुन्छ। मुलुकको सर्वाङ्गीण हितका निम्ति हरेक तह र तप्काको विकास निर्माणमा जनसहभागिता अनिवार्य हुनुपर्छ। श्रमिकले शिर ठाडो पारेर काम गर्न पाउनुपर्छ। मन्दिर, भवन वा त्यस्तै कलाकारितापूर्ण चिजको निर्माणमा पूँजी लगानी गर्नेहरूको एकलौटी नाम आउने परम्परा अन्त्य गरी श्रमिकहरूको श्रमको उपजका रूपमा लिने स्थिति रहेमा धनाढ्यहरूको एकाधिपत्यको अन्त्य भई श्रमिकहरूको कला, सीप र जाँगरको सम्मान हुन पुग्दछ। विकास आफैंभित्र खोज्नुपर्छ, आफूलाई नै लगानी गर्नुपर्छ। अर्काको मुख ताकेर हैन, आफ्नै पसिनामा साँचो विकास खोज्नुपर्छ।

■■■

**रूपनगर-७, प्रगतिटोल, सप्तरी**
**हाल: शिक्षक, उदयपुर लिटिल ह्याभेन, तपेश्वरी-१, उदयपुर**

# खाँचो स्वावलम्बी शिक्षाको

■ मधु राई ■

सामान्यत: विकास भन्नाले सकारात्मक परिवर्तन भन्ने बुझिन्छ । यद्यपि व्यक्तिपिच्छे विकासको परिभाषा र बुझाइ फरक भएकोले अहिले नेपालमा केलाई विकास र के भए विकास भएको मान्ने भन्नेबारे मतमतान्तर बढेको छ । विकासको न्यूनतम मापदण्ड तयार नहुँदासम्म यो मतमतान्तर रहिरहने देखिन्छ । यस्तै विकासको न्यूनतम मापदण्ड तयार गर्न भौतिक संरचना भएर मात्र पुग्दैन, त्यहाँ सामाजिक विकास हुनु पनि उत्तिकै जरूरी छ ।

सामाजिक विकास भन्नाले शिक्षा, स्वास्थ्य, वातावरणीयलगायत लैङ्गिक समानता, मानवअधिकारको अवस्था र सरसफाइ तथा सञ्चारको सुविधा सम्झनुपर्ने हुन्छ । यस्तो सुविधाको जोहो गर्न कुनै एक व्यक्तिको प्रयासले सम्भव हुँदैन र ती सुविधा उपभोग गर्न र गराउन सामूहिक सोच र सहभागिता चाहिन्छ ।

सहभागिताको कुरा गर्दा हरेक क्षेत्रमा सबै जाति, वर्ग र समुदायको प्रतिनिधित्व भए मात्र विकासको न्यूनतम पूर्वाधार तयार हुने देखिन्छ । स्थिर राजनीति र विकासप्रति प्रतिबद्ध सरकार विना सन्तुलित विकासको परिकल्पना पनि गर्न सकिँदैन । किनभने हिंसामुक्त समाज निर्माणमा सरकारको अहं भूमिका रहन्छ । यस्तै समाजमा शान्ति सुव्यवस्था कायम हुनसके मात्र मानिसलाई

गाँस, बास र कपासको जोहो गर्न सहज हुन्छ । शान्ति सुव्यवस्थामा खलल पुऱ्याउने तत्वहरूलाई राज्यले नियन्त्रण र नियमन गर्न सके मानिसहरूमा उत्पादनशीलता बढ्छ । उत्पादनशीलता बढ्नु भनेको देशको अर्थतन्त्र उकालो लाग्नु हो । देशको अर्थतन्त्र बलियो हुनु भनेको देश समृद्धितर्फ लम्कनु हो । यसो हुनसके सबैले विकासको अनुभूति गर्न सक्छ ।

## खाँचो समतामूलक समाजको

विशेषगरी साधन स्रोतमा पुरुषको मात्र पहुँचले सन्तुलित विकास सम्भव छैन । समाज र देशको सन्तुलित विकास गर्न महिलालाई पनि मूलधारको विकासमा सहभागी गराउनु उत्तिकै जरुरी छ । समतामूलक समाजको कुरा गर्दा स्वीडेन र फिनल्याण्डलाई सम्झनुपर्ने हुन्छ, जहाँ ८० देखि ८५ प्रतिशत महिलाहरू कामकाजी छन् । त्यहाँका महिलाहरू नीतिनिर्माणको तहमा पुगेकाले तिनको कार्यक्षेत्र समेत महिलामैत्री छ । त्यसो त केही समययता स्वास्थ्य र समाजसेवाको क्षेत्रमा नेपाली महिलाहरूले पनि अनुकरणीय कार्य गर्दै आएका छन् । विशेषगरी स्वास्थ्य स्वयंसेविकाको योगदानका कारण नेपालमा बाल तथा मातृ मृत्युदरमा कमी आएको छ । यो सामाजिक विकासको एउटा महत्त्वपूर्ण सूचक हो ।

यस्तै नेपाली महिलाको सीप र श्रमलाई सामाजिक विकास अन्तर्गत पर्ने वातावरण र सरसफाइको क्षेत्रमा लगाउने हो भने नेपाल र नेपालीले सामना गर्दै आएको वातावरणीय र जलवायु परिवर्तनको समस्यामा पनि कमी आउने देखिन्छ ।

■■■

## जीवनोपयोगी र रोजगारमुखी शिक्षा

जीवनोपयोगी शिक्षाले मानिसलाई स्वावलम्बी बन्न प्रेरित गर्छ। र यसको सुरुआत अभिभावकले घरबाट र शिक्षकले विद्यालयबाट गर्नुपर्छ। उदाहरणका लागि विद्यालय जाने उमेरका छोराछोरीलाई घरमा अभिभावकले आफ्नो काम आफैं गर्न उत्प्रेरित गर्नुपर्छ। जस्तै आफैं खाना खान, लुगा लगाउन, मञ्जन गर्न र हातखुट्टा धुन अभिभावकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्छ भने विद्यालयमा शिक्षकले दिएको गृहकार्य सकेसम्म आफैं गर्न दिनुपर्छ। साना उमेरमा यति काम गर्न सक्ने छोराछोरी एसएलसी परीक्षा दिने बेलासम्म स्वावलम्बी भइसकेका हुन्छन्।

त्यस्तै कक्षा सात-आठ पढ्ने भएपछि विद्यालयले औपचारिक शिक्षा सँगसँगै विद्यार्थीलाई साताको कम्तीमा एकदिन रोजगारमुखी शिक्षा दिनु जरूरी छ। प्राथमिक तहमै तरकारी खेती सम्बन्धी पुस्तक पढ्ने र यस सम्बन्धी व्यावसायिक कक्षामा सहभागी हुने अवसर पाएका विद्यार्थीलाई पक्कै पनि कृषि विज्ञान पढ्ने रुचि जाग्न सक्छ र यसै विषयमा ऊ विज्ञ हुन खोज्छ।

यस्तै वातावरण विषयअन्तर्गत पर्ने फोहोर व्यवस्थापन गर्ने सीप स्कूले शिक्षामा समावेश गराउन सके विद्यार्थीले सानै उमेरमा फोहोर न्यूनीकरण, पुन:प्रयोग र पुन:चक्रण गर्ने सीप सिक्ने अवसर पाउँछन्। शिक्षकले विद्यार्थीलाई फोहोरबाट मोहर बनाउने सीप सिकाउन सके घरको फोहोर व्यवस्थापन गर्ने सीप सिक्छन्। आफूले उत्पादन गरेको फोहोर आफैं व्यवस्थापन गर्नुपर्छ भन्ने सीप विद्यालयमा सिक्ने अवसर पाएका विद्यार्थीमा वातावरणविद् बन्ने इच्छा जाग्न सक्छ।

देशको भौगोलिक अवस्था, माटो, हावापानी जलस्रोतमा आधारित स्कूले शिक्षाले कुनै पनि विद्यार्थीलाई पहिले आफ्नो समाज र देश चिन्न मद्दत गर्छ। विकसित मुलुकले व्यावहारिक र वैज्ञानिक शिक्षा प्रदान गर्दै आएकोले त्यहाँका विद्यार्थी विकासोन्मुख देशका विद्यार्थीझैं अर्काको देशमा आफ्नो भविष्य सुरक्षित देख्दैनन्। उनीहरू जसरी हुन्छ आफ्नो सीप र श्रम आफ्नै देशका लागि खर्च गर्न चाहन्छन् र आफ्नो देशलाई समृद्ध बनाउन चाहन्छन्। हामीकहाँ शिक्षालाई विकासको मेरुदण्ड भनिए पनि जीवनोपयोगी र व्यावहारिक शिक्षाको कमीले विगत ६ दशकदेखि वर्तमान शिक्षाले पलायनवादी शिक्षाको खेती मात्र

गर्दै आएको छ । पलायनवादी शिक्षाले परनिर्भरता बढाउँछ । जीवनोपयोगी र व्यावहारिक शिक्षाले मात्र कुनै पनि विद्यार्थीलाई आफ्नै देशमा अवसर र रोजगार खोज्न प्रेरित गर्छ । यसर्थ शिक्षाविद्हरूले पाठ्यक्रम र पाठ्यपुस्तक बनाउँदा पर्यटन, जलस्रोत, वातावरण तथा कृषिमा आधारित विषय समेट्न विशेष भूमिका निर्वाह गर्नुपर्छ भने शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्छ। विद्यार्थीको रुचिअनुसारको रोजगारमुखी शिक्षाले एकातिर बेरोजगारीको समस्या समाधान हुन्छ अर्कातिर व्यवसायका लागि चाहिने जनशक्ति तयार हुन्छ ।

■■■

**विराटनगर**

# विकास सर्वपक्षीय होस्

■ हेमलता उप्रेती ■

समय, सन्दर्भ र क्षेत्रअनुसार कुनै पनि कुरामा भएको सकारात्मक परिवर्तन नै विकास हो। विकासलाई अनुभूति, अवलोकन वा मूल्याङ्कन गर्न सकिए पनि निरन्तर चलिरहने प्रक्रिया भएकाले सिमाङ्कन गर्न सकिँदैन। विकासका विविध आयाम हुन्छन्। तिनमा हुने विकासको गति, प्रकृति र मात्रा फरक हुन सक्छ। अपितु स्वतस्फूर्त रूपमा मन्दगतिमा हुने विकासलाई विभिन्न प्रयास र अभ्यासमार्फत द्रुत, अपेक्षित र सघन बनाउन सकिन्छ।

विकासको एउटा प्रमुख आयाम राजनीतिक विकास हो। यो कुनै पनि देशको समग्र विकासको आधार हो। कुर्सीमुखी राजनीति, राजनीतिक गतिरोध र कुसंस्कार, राजनीतिक स्वार्थ, धोका, अनैतिकता, अविश्वास आदि नेपालको वर्तमान राजनीतिक अवस्थाको चित्रण हो। फलत: यहाँ अन्योल, अस्तव्यस्तता, कानूनहीनता, दण्डहीनता, विकासमा अवरुद्धता तथा हरेक कुरामा राजनीतिकरण व्याप्त छ। नेपाली जनता देशलाई अन्धकारतिर धकेल्ने होइन सही दिशातिर हाँक्ने त्यस्तो राजनीतिक नेतृत्व चाहन्छन्- जसबाट कानूनी राज्यको प्रत्याभूति होस्; समर्पित राजनीतिक संस्कारको विकास होस्; दण्डहीनता र अतिराजनीतिकरणको विडम्बनाबाट राज्यले मुक्ति पाओस्।

विकासको अर्को आयाम आर्थिक विकास हो। जनताको आर्थिक स्तरले त्यो देशको आर्थिक विकास इङ्गित गर्दछ। वर्तमान नेपालको सन्दर्भमा यहाँका

अधिकांश जनता अझै गरीबीको रेखामुनि रहेको पाइन्छ । यस्तो अवस्थामा हामीले चाहेको आर्थिक विकास त्यो हो जहाँ 'हुने खाने र हुँदा खाने' बीचको खाडल पुरियोस् । यहाँ उपलब्ध प्राकृतिक स्रोतसाधनको उपयोग गरी उद्योग धन्दाहरू खोलियुन् ताकि यहाँको साधन, स्रोत र जनशक्ति यहीं उपयोग हुन सकोस्। यसबाट आर्थिक वृद्धि मात्र होइन बेरोजगारीको समस्यासमेत सम्बोधन भई यहाँका जनताले दुईछाक टार्न र एकसरो ढाक्नकै लागि तड्पिनु नपरोस्।

सामाजिक र सांस्कृतिक पक्ष विकासको अर्को आयाम हो। परम्परा एवं जनताको आर्थिक, राजनीतिक, शैक्षिक, बौद्धिक अवस्था आदिले कुनै पनि ठाउँको सामाजिक र सांस्कृतिक विकासलाई प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पार्दछ। सूचना, सञ्चार, विज्ञान र प्रविधिको विकास भइसकेको वर्तमान समयमा समेत हाम्रो समाजमा जातीय भेदभाव, घरेलु हिंसा, महिला हिंसा, लैङ्गिक असमानता, सामाजिक-सांस्कृतिक कुरीति, भूत-प्रेत, बोक्सी, दैवीशक्ति आदिको आधारहीन विश्वास व्याप्त रहेका छन् । यस्ता विसङ्गतिहरूका कारण राष्ट्रको आर्थिक, राजनीतिक, शैक्षिक आदि सबै क्षेत्रको विकास अवरुद्ध हुन पुगेको छ । यस्तो अवस्थामा हामीले चाहेको सामाजिक सांस्कृतिक विकास त्यो हो, जहाँ चेलीबेटीले दिनदहाडै कुनै नरपिशाचबाट बलात्कृत हुनु नपरोस्; बोक्सीको आरोपमा वा दलित भएकै कारण कसैको कुटाइबाट कसैले प्राण त्याग्नु नपरोस्; कम्तीमा अन्याय भएको थाहा पाउने र न्यायका लागि कदम चाल्ने चेतना र साहस नारीमा भरियोस्; लिङ्ग, वर्ण, जात, धर्म, उमेर, आर्थिक अवस्था आदि कुनै कारण कसैले प्रताडित हुनु नपरोस् अनि सबै व्यक्तिले एकअर्कालाई आत्मिक सहयोग गर्ने र सद्भाव राख्ने संस्कार कानूनमा मात्र नभई वास्तविक व्यवहारमा पनि विकास हुन सकोस् ।

विकासको अर्को महत्त्वपूर्ण आयाम जनताको शैक्षिक र बौद्धिक विकास हो । जनताको शैक्षिक र बौद्धिकस्तरले अन्य आयामहरूको विकासमा प्रत्यक्ष वा परोक्ष प्रभाव पार्दछ । वर्तमान सन्दर्भमा नेपालको औपचारिक शिक्षा समयानुकूल; गुणस्तरीय र रोजगारमुखी हुन सकेको छैन। त्यस्तै अनौपचारिक शिक्षाका कार्यक्रम पनि प्रभावकारी छैन । यस्तो परिवेशमा हामीले चाहेको शैक्षिक विकास त्यो हो जसले यहाँका सबै जनता कम्तीमा साक्षर बनून् । त्यस्तै हामी चाहन्छौं व्यक्तिले प्राप्त गरेको शिक्षाले उसलाई उपलब्ध साधन स्रोतको उपयोग गरी आफ्नो रोजगारी आफैं सिर्जना गर्ने बनाओस् । शिक्षाले व्यक्तिमा निहित प्रतिभा, क्षमता र सम्भावनाहरूलाई प्रस्फुटन गराउने र

मलजल गर्ने काम गरोस् । शैक्षिक योग्यता कसैका लागि बोझ नभएर अनगिन्ती बाटाहरू देखाउने मार्गदर्शक बनोस् । शिक्षणलाई एक गरिमामय सम्मानित पेशाका रूपमा लिइयोस् । यहाँको हावापानी र माटो सुहाउँदो रोजगारमुखी शिक्षा लागू गर्नु, शिक्षकलाई पेशागत सीप विकासका लागि प्रोत्साहन र अवसर प्रदान गर्नु तथा शिक्षक, विद्यार्थी र अभिभावक बीचको त्रिकोणात्मक सम्बन्ध सन्तुलित र सशक्त बनाउनु यहाँको औपचारिक शिक्षा विकासका उपाय हुन् ।

उल्लिखित मानकहरू नेपालको वर्तमान अवस्थाको आधारमा तय गरिएका नेपाललाई साँचो विकासतर्फ उन्मुख गराउने अपरिहार्य शर्त मात्र हुन्, साध्य होइनन् । यी र यस्ता आयामहरूमा सन्तुलित र सकारात्मक परिवर्तन हुन थालेपछि मात्र यहाँ विकासको ढोका खुल्दछ ।

सिङ्गो पृथ्वी समस्त प्राणीको साझा घर भएकाले वातावरण र जलवायु परिवर्तन सबै प्राणीको सरोकारको विषय हो । वन जङ्गलको विनाश तथा विभिन्न किसिमका प्रदूषणको कारणले विश्वमा भइरहेको जलवायु परिवर्तन, ओजोन तहको विनाश, वातावरण प्रदूषण तथा विभिन्न रोगहरूको प्रकोपलाई न्यूनीकरण गर्न नेपालले गहन भूमिका खेल्न सक्छ । यहाँ भएको अपार जल सम्पदाको उपयोग गरी जताततै सामुदायिक वन, कृषि विकास र हरियाली निर्माण गर्नाले यहाँको धर्ती, आकाश र वातावरण स्वच्छ हुनुका साथै वर्षौंदेखि बेकम्मा रहेका डाँडापाखामा समेत सुन फलाउन सकिन्छ । हरियाली निर्माण गर्नाले औद्योगिक राष्ट्रबाट रोयल्टी प्राप्त हुने मात्र होइन जडीबुटी व्यापार, पर्यटन उद्योग, फर्निचर उद्योग, औषधि उद्योग जस्ता अनेकौं उद्योग व्यवसायहरू पनि सञ्चालन गर्न सकिन्छ । त्यस्तै गाउँघर र दुर्गम वस्तीमा धुवाँरहित आधुनिक चुल्होको प्रयोग गर्ने, सौर्य ऊर्जाको प्रयोगले इन्धनको प्रयोगलाई विस्थापित गर्ने, इन्धनका नयाँ र प्रदूषणरहित स्रोत खोजी गर्ने एवं प्लाष्टिकजन्य वस्तुको प्रयोगलाई कम गर्नाले शुरूमा केही आर्थिक लगानी भए पनि क्रमशः खर्च घट्दै गई अन्ततः आर्थिक विकास र वातावरण शुद्धीकरणमा टेवा पुग्दछ । यसबाट स्वदेशमै रोजगारीका अवसरहरू सिर्जना हुने हुनाले प्रतिभा पलायनको समस्या पनि सम्बोधन हुन्छ र वैदेशिक रोजगारीका कारण निम्तिएका सामाजिक समस्यामा समेत न्यूनीकरण हुन्छ ।

यहाँ उपलब्ध प्राकृतिक स्रोतसाधनको उपयोग गर्न एवं नेपाली जनताको श्रम, सीप, योग्यता, क्षमता, रगतपसिनालाई उचित मूल्य प्रदान गरी स्वदेशकै विकासका लागि खर्च गर्न समेत नेपालमा यस्ता उद्योग व्यवसायहरू खोलिनु नितान्त जरूरी छ ।

नेपालको कुनै ठाउँ विशेषमा सञ्चालित उद्योग व्यवसाय र अवसरहरूमा स्थानीय तथा अवसरबाट बञ्चित व्यक्तिहरूलाई परिचालन गर्नु समता (Equity) प्राप्त गर्ने एउटा उपाय हो । हाल अभ्यासमा रहेको राज्यका हरेक निकायमा आरक्षणको प्रावधानले पनि समताको सिद्धान्तलाई स्वीकार गरेको छ । यसले पछाडि परेका वा पारिएका व्यक्तिलाई अघि बढ्ने अवसर प्रदान गर्दछ र अन्ततः गरीब र धनीबीचको खाडल पुर्ने कार्यमा सहयोग पुऱ्याउँदछ ।

नीति निर्माणको प्रक्रियामा नागरिकको सहभागिता सुनिश्चित गर्न आर्थिक, राजनीतिक जस्ता विकासका मुख्य आयामहरूमा अधिकार निक्षेपण र विकेन्द्रीकरणको अभ्यास गर्नुपर्दछ । केन्द्रीय तहले स्थानीय तहलाई आफ्नो क्षेत्रको विकासको आवश्यकता पहिचान गर्न, स्रोत सङ्कलन गर्न, नीति निर्माण गरी लागू गर्न र मानवस्रोत परिचालन गर्न सक्षम तुल्याउनुपर्दछ । विकासका कार्यहरू स्थानीय जनताबाटै सञ्चालन गरिनुपर्छ । अर्थात् पूर्ण विकेन्द्रीकरणको अभ्यास नै नीतिनिर्माण प्रक्रियामा नागरिकको सहभागिता सुनिश्चित गर्ने उत्तम उपाय हो ।

सभा, गोष्ठी, अन्तरक्रिया आदिबाट निस्केका उपयोगी विचारलाई देश विकासमा उपयोग गर्नका लागि; त्यस्ता विचार सङ्कलन गरेर आवश्यक मन्थन वा प्रशोधन गरी संस्थागत गर्नुपर्दछ । त्यस्ता विचारकहरूलाई प्रोत्साहन गर्न समयसमय र ठाउँठाउँमा सभा, गोष्ठी र अन्तरक्रियाहरू सञ्चालन गरिनुपर्दछ । यसैगरी प्रतियोगितात्मक लेखन वा बहस सञ्चालन गर्दा पनि कुनै क्षेत्र, विषय वा सन्दर्भविशेषमा उपयोगी र सान्दर्भिक विचारहरू प्रस्फुटन हुन सक्दछन् ।

■■■

**आदर्श उ.मा.वि., इलाम**

# विकासको आधार: समावेशी लोकतन्त्र

■ राजधन कुलुङ ■

विकास निरन्तर चलिरहने रचनात्मक परिवर्तनको प्रक्रिया हो। उत्पत्तिबाट अहिलेसम्मको मानव सभ्यता विकास प्रक्रियाकै निरन्तरता हो। समाज एकलबाट बहु, सरलबाट जटिलतामा निरन्तर रूपान्तरित हुने क्रममा छ। वास्तवमा मानवले आफ्नो आवश्यकता परिपूर्ति हेतु गर्ने प्रयत्न, त्यसबाट सृजित संरचना, मूल्यमान्यता र धारणा नै विकास हो। त्यसैले विकासलाई संवेदनशील र बहुआयामिक मानिन्छ। विकास मानव जाति सबैको अभीष्ट, सपना र गन्तव्य हो। जो-कोही मानिस विकास खोजिरहेको हुन्छ। विकासलाई देख्न, महसूस गर्न र मापन गर्न सकिन्छ। तर यही हो भनेर ठोस रूपमा परिभाषित गर्न सकिन्न।

नेपालमा २००७ सालको राजनीतिक परिवर्तनपछि विकासको चर्चा शुरू भएको हो। २०१३ सालमा पहिलो आवधिक योजना बनेसँगै नेपालमा योजनाबद्ध विकास थालनी भएको थियो। आवधिक विकास योजना बनाएर कार्यान्वयन गरेकै अहिले ५६ वर्ष पूरा भएको छ। तर हामीले खोजेको विकास हुन सकेको छैन। अझै नेपालमा कस्तो विकास गर्ने ? अलमलमै रहेको अवस्था छ। सामान्यत: शिक्षालय, खानेपानी, बिजुली, सडक तथा हवाइ यातायात, सञ्चार, अस्पताल, हाटबजार, सुरक्षा जस्ता पूर्वाधारको सुविधा र त्यसमा सबै नागरिकको पहुँच पुग्ने अवस्था नै विकास हो। कलकारखाना,

कृषि, जलविद्युत्, पर्यटन र वनबाट रोजगारीको अवसर सृजना भएमा विकास हुन्छ । उच्च सामाजिक सौहार्द्रता भएको समृद्ध समाज हाम्रा सपना हुन् । लैङ्गिक, जातीय, वर्गीय, क्षेत्रीय र समुदायगत प्रतिनिधित्व हुने समावेशी शासन व्यवस्था भएमा हामीले खोजेको विकास हुन्छ ।

## केलाई विकास मान्ने ?

जातजाति, संस्कृति, भू-बनावट, हावापानीले नेपाल विविधताको देश हो । बहुसंस्कृति र पहिचान नेपाली समाजका अकाट्य कुरा हुन् । यसर्थ हाम्रो विकास प्रक्रिया र शासन व्यवस्थामा समावेशी लोकतन्त्र आधारभूत तत्व हो। राजनीतिक स्थिरता भएको लोकतान्त्रिक शासन व्यवस्था र समावेशी विकास प्रक्रिया भएमा देश फड्को मार्ने स्थितिमा पुग्छ ।

देश विकास हुनलाई राजनीतिज्ञको जीवनशैली अनुकरणीय, शान्तिप्रिय, रचनात्मक, लोकतान्त्रिक र सदाचारयुक्त हुनुपर्दछ । राजनेता सृजनशील, आदर्शवान र स्वप्नद्रष्टा भएमा जनता राष्ट्र निर्माणमा स्वतः लाग्ने छन् । निःसन्देह नेपालमा विकास हुनलाई चाहिने पूर्वाधार भनेको लोकतान्त्रिक संविधान, राजनीतिक स्थिरतासहितको जनउत्तरदायी प्रगतिशील सरकार र विधिको शासन हो ।

अब शान्ति, विकास र समृद्धि सबैको साझा मुद्दा हुनुपर्दछ। परम्परावादी सिद्धान्त नभई सामाजिक परिवर्तन र आर्थिक समृद्धिको सवाल राजनीतिक मुद्दा बनेमा वास्तविक विकास गाउँ गाउँमा हुनेछ । सबै वर्ग, जाति, क्षेत्र, समुदाय र लैंगिक सहभागिता रहेको लोकतान्त्रिक समावेशी सरकार आवधिक निर्वाचनद्वारा बनाइनुपर्दछ । सोही प्रक्रियाबाट स्थानीय सरकार निर्माण आवश्यक छ । स्थिर लोकतान्त्रिक सरकार १० वर्ष सञ्चालन भए नेपालले विकासमा फड्को मार्ने निश्चित छ। राजनीतिक स्थिरता र विधिको शासनले राष्ट्रिय गार्हस्थ उत्पादनमा उल्लेखनीय वृद्धि गराउनेछ। निरक्षरता उन्मूलन र उच्च शिक्षितहरूको उल्लेखनीय वृद्धि गराउँदै राष्ट्रिय अभियान चलाइनु पर्दछ। लक्ष्यसहित प्राविधिक र व्यावसायिक शिक्षा युवालाई दिएर दक्ष जनशक्तिको उत्पादन गरे बेरोजगारी घट्नेछ। बेरोजगारी घट्नु गरीबी निवारण हुनु हो। हाम्रो विकासको लक्ष्य गरीबी निवारण नै हो ।

देश विकास हुनलाई प्रत्येक गाउँ र बस्तीमा स्वच्छ पिउने पानीको व्यवस्था हुनुपर्दछ। पशु र कृषि प्राविधिकको दरबन्दी सृजना गरेर परम्परागत कृषि प्रणालीमा सुधार ल्याउनुपर्दछ । गाविसमा सामाजिक परिचालक र पूर्वाधार सहायक हुनुपर्दछ । स्वास्थ्य कार्यक्रम र घरघरमा शौचालय निर्माणलाई अभियानकै रूप दिइनुपर्दछ । उन्नत स्वास्थ्य सेवा, सुविधायुक्त शिक्षालय, सामुदायिक प्रहरी, विद्युतीकरण, यातायात, बजार र सञ्चार सुविधा आधुनिक समाजका परिचायक हुन् ।

नेपाल विषम भौगोलिक अवस्था भएको देश हो। भौगोलिक विकटताकै कारण खानेपानी, सडक, सञ्चार, विद्युत्, विद्यालय, स्वास्थ्य सेवा, सुरक्षा जस्ता सुविधा सबै ठाउँमा पुर्‍याउन सम्भव छैन। यी आधारभूत सुविधा नपुगी विकास सम्भव हुन्न। यस्तो अवस्थाको अन्त्यका निम्ति बस्ती पुन:निर्माण र एकीकरण गर्नु आवश्यक हुन्छ। नेपालको सन्दर्भमा विकास भनेको अनकण्टारमा रहेका दुर्गम बस्तीको स्थानान्तरण, एकीकरण र पुनर्निर्माण पनि हो।

■■■

**मकालु– ८, संखुवासभा**

# ज्ञानको ढोका खोलौं

■ निर्मल नेपाली (बादी) ■

समाजको यथास्थितिबाट परिवर्तन भई जीवनस्तर वृद्धि हुनुलाई विकास भनिन्छ । समाजमा भएको हरेक सकारात्मक परिवर्तन पनि विकास हो । वास्तवमा हामीले खोजेको विकास हुन सर्वप्रथम हरेक जातजाति, वर्ग वा समुदायअन्तर्गत पर्ने प्रत्येक नेपालीको मानवीय स्रोतको विकास हुनुपर्छ। हरेक मानिसको जबसम्म क्षमताको विकास गरिँदैन तबसम्म साँचो विकास भएको मान्न सकिंदैन। मानिसको क्षमता विकास भएमा सबैमा सकारात्मक सोचमा वृद्धि हुन्छ । सकारात्मक सोचमा वृद्धि हुने वित्तिकै ज्ञानमा वृद्धि हुन्छ । ज्ञानको वृद्धि हुने वित्तिकै हरेक क्षेत्रमा विकासका ढोका खुल्न जान्छन्। जब मानिसको सोच सकारात्मक हुन्छ र उसको ज्ञानको ढोका खुल्छ त्यतिबेला सडकको विकास, यातायातको विकास, बिजुली, खानेपानी, संचारलगायत अन्य हरेक प्रकारका विकास पनि अगाडि बढ्छन्। ७

■■■

मा.वि. बालापुर, दाङ